# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

सोमबार, फागुन २१, २०७४ | Monday, March 5, 2018 | www.newsofnepal.com | नेसं ११३८ चिल्लागा ४ | वर्ष २४, अंक ५४ | पृष्ठ १२ | मूल्य रू १०/–







# संघीय संसद्को पहिलो बैठक आज

## प्रतिनिधिसभाका चार सांसदले शपथ लिएनन्



गंगा बराल, काठमाडौं

संघीय संसद्को पहिलो बैठक संसद् भवन नयाँ बानेश्वरमा आज सोमबार बस्दै छ। संसद् सचिवालयले सूचना जारी गरी आजका लागि बैठक बोलाएको हो। संघीय संसद्का सदस्यको आइतबार शपथ भएको छ।

संसद् भवनमा प्रतिनिधिसभाका सदस्यलाई जेष्ठ सदस्य राजपा नेता महन्थ ठाकुरले र राष्ट्रियसभाका सदस्यलाई जेष्ठ सदस्य तारादेवी भट्टले शपथ गराउनुभएको थियो। शपथग्रहणपछि सांसदहरूले प्रतिनिधिसभा र राष्ट्रियसभाको लोगो लगाएका थिए। प्रतिनिधिसभामा महेन्द्र राय यादव, टोपबहादुर रायमाझी, धर्मशिला चापागाईं र रेशम चौधरीले शपथ लिएको देखिएन। यादव नागरिकताका आधारमा जेष्ठ सदस्य भए पनि उहाँले शपथ लिनुभएन। ठाकुर ७५ वर्षका हुनुहुन्छ।

यस्तै राष्ट्रियसभामा राष्ट्रियसभाका सदस्य रमेश यादव उपस्थित हुनुभएन। दुवै सदनको बैठकको सञ्चालन संघीय संसद् सचिवालयका महासचिव मनोहरप्रसाद भट्टराईले गर्नुभएको थियो। प्रतिनिधिसभामा १० र राष्ट्रियसभामा २ भाषामा सांसदले शपथ लिएका थिए।

सरकारद्वारा सिफारिस गरिएको र राष्ट्रपतिले अनुमोदन गरेका ३ जना सदस्यविरुद्ध सर्वोच्च अदालतमा रिट परेकाले अर्थमन्त्री डा. युवराज खतिवडा, डा. विमला राई पौडेल र रामनारायण विडारीले पनि शपथ लिनुभएन। संविधानको धारा ८८ मा संसद् वा समितिको बैठकमा भाग लिनुअघि शपथ लिनुपर्ने व्यवस्था छ।

प्रतिनिधिसभाका २ सय ७५ सदस्यमध्ये नेकपा एमालेका १ सय २१, नेपाली कांग्रेसका ६३, नेकपा माओवादी केन्द्रका ५३, संघीय समाजवादी फोरम नेपालका १७, राष्ट्रिय जनता पार्टीका १६ सांसद् रहेका छन्।

(क्रमशः पृष्ठ ९ मा)

# देउवा र सिंहको फरक–फरक उम्मेदवारी

रामकृष्ण चापागाईं, काठमाडौं



प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसको संसदीय दलको नेता छनोटका लागि आज सोमबार निर्वाचन हँदै छ। संसदीय दलको कार्यालय सिंहदरबारमा हुने निर्वाचनमा सभापति शेरबहादुर देउवा र पूर्वमहामन्त्री प्रकाशमान सिंहले उम्मेदवारी दिनुभएको छ।

दुवै पक्षबाट सर्वसम्मतिमा नेता छनोटको गृहकार्य सफल नभएपछि निर्वाचन समितिको कार्यतालिकाअनुसार आइतबार सभापति देउवा र सिंहले उम्मेदवारी दर्ता गराउनुभएको हो। सोमबार बिहान सवा आठ बजेसम्म उम्मेदवारी फिर्ता लिने समय भए पनि दुवै नेताले उम्मेदवारी फिर्ता नलिने बताउनुभएको छ। प्रतिनिधिसभामा कांग्रेसका ६३ सदस्य छन्। पार्टीका तर्फबाट निर्वाचित प्रतिनिधिसभा र राष्ट्रियसभा दुवै सदनका सदस्यहरू संसदीय दलको सदस्य हुने भए पनि दलको नेता छनोट निर्वाचनमा प्रतिनिधसभाका सदस्यहरूले भाग लिन पाउँछन्। राष्ट्रियसभामा कांग्रेसको १३ जना सदस्य छन्।

कार्यव्यस्तताका कारण जनाउँदै सभापति देउवाले वारेसमार्फत उम्मेदवारी दर्ता गराउनुभएको थियो। सभापति देउवाको उम्मेदवारी बालकृष्ण खाँणले दर्ता गराउनुभएको निर्वाचन समितिका संयोजक चीनकाजी श्रेष्ठले जानकारी दिनुभएको छ। देउवाको प्रस्तावक विजयकुमार गच्छदार र समर्थक मानबहादुर विश्वकर्मा बस्नुभएको छ। देउवाको उम्मेदवारी दर्ता भएलगत्तै पूर्वमहामन्त्री सिंहले दलको नेताका लागि उम्मेदवारी दर्ता गराउनुभएको थियो। सिंहको प्रस्तावकमा कोषाध्यक्ष सीतादेवी यादव र समर्थकमा सञ्जयकुमार गौतम बस्नुभएको छ।

'कार्यव्यस्तताका कारण सभापति देउवाले वारेसमार्फत उम्मेदवारी दर्ता गर्न मलाई पठाउनुभएको हो', देउवाको उम्मेदवारी दर्ता गर्दै नेता खाँणले भन्नुभयो- 'अहिलेको अवस्थामा संसदीय दलको नेतामा सभापति नै चाहिने भएकाले अझै पनि सर्वसम्मत गर्ने प्रयास गर्नेछौं।'

'सदनमा कम्युनिस्टको बाहुल्यता छ, त्यहाँ कांग्रेसले सशक्त र प्रभावकारी प्रतिपक्षको भूमिका निभाउन मेरो नेतृत्व आवश्यक छ', दलको नेताका लागि उम्मेदवारी दर्ता गर्दै सिंहले भन्नुभयो- 'सभापति देउवाको कमजोरीका कारण हालै सम्पन्न तीन चरणको निर्वाचनमा पार्टीले नराम्रो हार बेहोर्नुपरेको छ। पार्टीलाई संसदीय दलको विधान र कार्यविधिअनुसार अघि बढाउन मेरो उम्मेदवारी आवश्यक छ।'

प्रतिनिधिसभामा रहेका कांग्रेसका ६३ जना सदस्यमध्ये ४० भन्दा बढी सदस्य सभापति देउवाको पक्षमा रहेको बताइँदै आएको छ।

(क्रमशः पृष्ठ ९ मा)

# पाकिस्तानी प्रधानमन्त्री आज नेपाल आउँदै

काठमाडौं, (नेस)



पाकिस्तानका प्रधानमन्त्री साहिद खाकान अब्बासी दुईदिने नेपाल भ्रमणका सिलसिलामा आज सोमबार अपराह्न काठमाडौं आइपुग्दै हुनुहुन्छ।

अवरुद्ध दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) सम्मेलन र सम्मेलनको नयाँ मिति तय गर्ने कूटनीतिक प्रयासका लागि उहाँ नेपाल आउनुहुने भएको हो। नेपाल सार्कको वर्तमान अध्यक्ष राष्ट्र भएकाले अब्बासीले नेपाली समकक्षी केपी शर्मा ओली, राष्ट्रपति विद्यादेवी भण्डारीसँग भेटवार्ता गर्ने कार्यतालिका तय भएको छ।

प्रधानमन्त्री ओलीसँग अब्बासीले सोमबार साँझ भेटवार्ता गर्ने नेपालका लागि पाकिस्तानी दूतावासले जनाएको छ। उहाँले भोलि मंगलबार बिहान राष्ट्रपति भण्डारीसँग भेटवार्ता गर्ने कार्यतालिका तय गरिएको छ। आज अपराह्न काठमाडौं आइपुग्ने अब्बासीको सम्मानमा नेपाली सेनाले टुँडिखेलमा सम्मान गारथ 'गार्ड अफ अनर' प्रदान गर्ने भएको छ। साँझ प्रधानमन्त्री ओलीसँगको भेटवार्तापछि उहाँ ओलीले आयोजना गर्ने रात्रिभोजमा सहभागी हुने बताइएको छ।

# राष्ट्रपति निर्वाचनको प्रक्रिया शुरू

सुनील महर्जन, काठमाडौं

निर्वाचन आयोगले राष्ट्रपति निर्वाचनका लागि आज मतदाताहरूको नामावली प्रकाशन गर्ने भएको छ।

फागुन २९ गते तय गरिएको निर्वाचनका लागि मतदाता नामावली प्रकाशनसँगै निर्वाचन कार्यक्रम औपचारिक शुरुआत हुने आयोगले जनाएको छ। यसअघि निर्वाचनको प्रक्रिया अघि बढाउन नयाँ बानेश्वरस्थित संघीय संसद् भवन परिसरभित्र राष्ट्रपति निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको थियो। आयोगका प्रवक्ता नवराज ढकालका अनुसार आज सोमबार निर्वाचन अधिकृतको कार्यालयमा मतदाताहरूको नाम सार्वजनिक गर्नेछ।

'नाम सार्वजनिक गर्न सबै तयारी पूरा भएको छ। मतदाता नामावली पनि क्रमबद्ध रूपमा मिलाएर प्रकाशन गर्न तयारी अवस्थामा राखेका छौं।' -निर्वाचन अधिकृत तीलप्रसाद श्रेष्ठले भन्नुभयो।

राष्ट्रपतिको निर्वाचन संघीय संसद्का सदस्य र प्रदेशसभाका सदस्य मतदाता रहेको निर्वाचक मण्डलबाट हुने संविधानमा उल्लेख गरिएको छ। सोहीअनुरूप आयोगले निर्वाचन मण्डलमा रहेका सदस्यको नाम समावेश गरी मतदाता नामावली प्रकाशन गर्ने प्रवक्ता ढकालले *नेपाल समाचारपत्र*लाई जानकारी दिनुभयो। संघीय संसद्मा राष्ट्रियसभाका ५९ र प्रतिनिधिसभाका २ सय ७५ सदस्य रहेका छन्। त्यस्तै प्रदेशसभामा ५ सय ५० सदस्य रहेको छ। राष्ट्रपति र उपराष्ट्रपति निर्वाचनका लागि कुल मतदाताहरू ८ सय ८४ रहेका छन्।

मतदाता नामावली प्रकाशनसँगै सोमबार नै मतदाता नामावलीमा छूट नाम समावेश गर्न तथा विवरण सच्याउन दरखास्त दिने एवम् मतदाता नामावलीउपर दाबी विरोधको उजुरी दिने कार्यक्रम तय गरिएको छ। दाबी विरोध वा नाम सच्याउन उजुरी परेमा त्यसको छानविन गरी मंगलबार अन्तिम नामावली प्रकाशन गर्नेछ।

(क्रमशः पृष्ठ ९ मा)

# साथीले गरे भुजेलको हत्या

काठमाडौं, (नेस)

कमलपोखेरीस्थित सिटी सेन्टरमा एक सुरक्षा गार्डको घाँटी थिचेर हत्या भएको रहस्य खुलेको छ।

टिचिङ अस्पतालमा गरिएको पोस्टमार्टम रिपोर्टले सुरक्षा गार्डका रूपमा कार्यरत २६ वर्षीय रविन खवास भुजेलको घाँटी थिचेर हत्या भएको खुलेको नेपाल निजामति कर्मचारी संगठनका केन्द्रीय उपाध्यक्ष शरणकुमार गुरुङले *नेपाल समाचारपत्र*लाई जानकारी दिनुभयो।

(क्रमशः पृष्ठ ९ मा)

# मनोनितविरुद्धको सुनुवाइ स्थगित

काठमाडौं, (नेस)

राष्ट्रियसभा सदस्य मनोनित तीन जनाविरुद्ध परेको रिटको सुनुवाइ स्थगित भएको छ। न्यायाधीश हरिकृष्ण कार्की र प्रकाशमान सिंह राउतको संयुक्त इजलासमा बहस शुरू भएको थियो। तर, निवेदकका तर्फबाट बहस गर्दै अधिवक्ता बाबुराम जोशीले दुवै न्यायाधीशले यो मुद्दा हेर्न नमिल्ने बताउनुभएको थियो।

न्यायाधीश राउतले अन्तरिम आदेश दिएको तथा कार्की केपी ओली नेतृत्वको अघिल्लो सरकारमा महान्यायाधिवक्ता भएकाले ओली सरकारले गरेको सिफारिसबारे मुद्दा हेर्न नमिल्ने उहाँले बताउनुभयो।

अधिवक्ता जोशीको भनाइलगत्तै दुवै न्यायाधीशले बहस रोकेका थिए। आपसी छलफलपछि दुवै न्यायाधीशले मुद्दा हेर्न नमिल्ने जानकारी इजलाससमक्ष गराएपछि सुनुवाइ स्थगित भएको थियो। अघिल्लो सरकारले गरेको सिफारिस रद्द गर्दै ओली सरकारले डा. युवराज खतिवडा, रामनारायण विडारी र विमला पौडेलको नाम सिफारिस गरेको थियो।

(क्रमशः पृष्ठ ९ मा)

# कब्जा जग्गा फिर्ता अभियानमा महानगर

ईश्वरराज ढकाल, काठमाडौं

काठमाडौं महानगरपालिकाले महानगरपालिका क्षेत्रमा विभिन्न व्यक्ति र संघसंस्थाले कब्जा गरेको जग्गा फिर्ता गर्ने अभियान शुरू गरेको छ।

कामपाले आज सोमबारबाट वडा नम्बर ३ महाराजगन्जस्थित राष्ट्रपति कार्यालय अगाडि रहेको होटल काठमाडौंले कब्जा गरेको साढे ६ आना जग्गा आफ्नो नियन्त्रणमा लिन लागेको हो। महानगरले आजबाट शुरू गर्ने 'सार्वजनिक जग्गा जनताको हितमा' अभियानअन्तर्गत जग्गा फिर्ता गर्न लागेको हो।

आज विशेष कार्यक्रम आयोजना गरी कब्जा गरेको जग्गा फिर्ता लिने कार्यको शुरुआत गर्न लागिएको वडा अध्यक्ष दीपक केसीले जानकारी दिनुभयो।

'करिब १० करोड रुपियाँ पर्ने सो जग्गा फिर्ता गरेसँगै अभियानको थालनी गर्नेछौं।' -अध्यक्ष केसीले *नेपाल समाचारपत्र*सँग भन्नुभयो। सो वडामा पर्ने रानीवनले चर्चेको १ सय ३६ रोपनी जग्गा कामपाले आफ्नो नाममा ल्याइसकेको छ। सो वन अहिले सार्वजनिक वनका रूपमा परिणत भइसकेको छ। वडाले चालू आवभित्र करिब १ अर्ब रुपियाँ बराबरको सार्वजनिक जग्गा फिर्ता ल्याउने लक्ष्य रहेको जनाएको छ।

त्यस्तै पूर्वशाही पार्श्ववती भरतकेशरी सिंह अध्यक्ष रहेको विश्व हिन्दू महासंघले कब्जा गरेको २२ रोपनी जग्गा कामपाले फिर्ता लिने तयारी गरेको छ। बाँसबारीमा रहेको सो जग्गा लामो समयदेखि महासंघले कब्जा गरेको थियो।

त्यस्तै गायत्री समाजले कब्जा गरिरहेको ४२ आना जग्गा पनि महानगरले आफ्नो नाममा फिर्ता लिने भएको छ। 'ती जग्गाको सम्पूर्ण विवरण तयार गरिसकेका छौं, केही दिनमा महानगरको नाममा आउनेछ।' -वडा अध्यक्ष केसीले भन्नुभयो।

३ वडामा व्यक्ति र विभिन्न संस्थाले कब्जा गरी भोगचलन गरिरहेका सबै जग्गा फिर्ता लिने अभियान सञ्चालन गर्न लागेको अध्यक्ष केसीले बताउनुभयो। यो वडामा करिब २ सय रोपनी जग्गा कब्जा गरेको तथ्यांक फेला पारेको बताउँदै अध्यक्ष केसीले यो वर्षभित्र सबै जग्गा आफ्नो मातहतमा ल्याइने जानकारी दिनुभयो।

खुला क्षेत्रको अभाव भइरहेको महानगरमा कब्जा गरेका सबै जग्गामा सार्वजनिक पार्क निर्माण गर्ने तयारी भइरहेको उहाँले जानकारी दिनुभयो। कामपाका मेयर विद्यासुन्दर शाक्यले लिखितपत्र पठाएर सबै वडाका सार्वजनिक जग्गा आफ्नो मातहतमा ल्याउन निर्देशन दिएलगत्तै सबै वडा अध्यक्ष कब्जा गरेको जग्गा खोज्न लागिपरेका छन्।

महानगर क्षेत्रमा २ हजार ५ सय ४८ रोपनी जग्गा विभिन्न निकाय र व्यक्तिले कब्जा गर्दै आइरहेका छन्। मेयर शाक्यले कब्जा गरेको सबै जग्गामा पार्कसहित खुला क्षेत्रका रूपमा विकास गरिने जानकारी दिनुभयो।

एउटा वडाले मात्रै होइन सबै वडाले आफ्नो क्षेत्रमा रहेको सार्वजनिक जग्गा खोजी गरी तत्काल पार्कमा परिणत गर्नुपर्छ। कामपाले मालपोत र भूमिसुधार विभागको सहयोगमा सार्वजनिक जग्गा नक्सांकन गरी संरक्षण गर्ने गरेको छ।

भेटाएको जग्गालाई तारबार लगाएर संरक्षण गर्न बजेट विनियोजन गरिसकेको प्रवक्ता ज्ञानेन्द्र कार्कीले बताउनुभयो। चार दिनअघि कामपा ११ नम्बर वडाले कुमारी मार्गको करिब १ रोपनी १४ आना २ दाम सार्वजनिक जग्गा रेखाङ्कन गरेको थियो। कामपाले २०७४ सालभित्र कब्जा गरेको सबै जग्गा फिर्ता लिन सबै वडालाई निर्देशन दिइसकेको छ। सोहीअनुसार सबै वडा कार्यालयले सार्वजनिक जग्गाको खोजी शुरू गरिरहेका छन्। महानगरको सबै वडामा सार्वजनिक जग्गा रहेको कामपाको रेकर्ड छ।

विद्यालय क्षेत्र विकास योजनाले बालबालिकाको सिकाइ उपलब्धिमा सकारात्मक प्रभावका लागि बाल विकासको चौतर्फी पक्षमा जोड दिएको छ। यसै कारण यस योजनाले विद्यालयमा स्वास्थ्य तथा पोषण सेवाको वृद्धि गर्ने लक्ष्य लिएको छ। यसले जुका नियन्त्रण, पोषण तत्वको परिपूरण गर्ने तथा औंलो उन्मूलन एवं दृष्टि तथा श्रवण परीक्षण गर्ने उद्देश्य राखेको छ।

## विद्यालय क्षेत्र विकास योजना
# सुधारका कामहरू

ईश्वरराज ढकाल
ishwor32@gmail.com



विद्यालय क्षेत्र विकास योजना नेपाल सरकारले विद्यालय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्नका साथै गुणस्तर सुधारका निमित्त विगतमा ७ वर्षे विद्यालय क्षेत्र सुधार योजना कार्यान्वयनमा ल्याएको थियो। यस योजनाबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्न र विद्यालय शिक्षाका विविध सकारात्मक प्रयासलाई निरन्तरता दिन तथा शिक्षाका नवीन कार्यक्रमहरूको प्रस्तावसहित २०७३ साउनदेखि २०८० असार (सन् २०१६ जुलाईदेखि २०२३ जुलाई) सम्मको ७ वर्षे विद्यालय क्षेत्र विकास योजना निर्माण गरिएको छ। योजनाको प्रथम ५ वर्ष २०७३ साउनदेखि २०७८ असार (सन् २०१६ देखि २०२१) सम्मका लागि स्रोतसहितको कार्ययोजना तयार गरिएको छ।

विसं २०७९ (सन् २०२२) सम्ममा नेपाललाई विकासशील राष्ट्रका रूपमा स्तरोन्नति गर्ने राष्ट्रिय दूरदृष्टिलाई आत्मसात् गर्दै शिक्षा मन्त्रालयको नेतृत्वमा सहभागितामूलक पद्धतिबाट यस योजनाको तर्जुमा गरिएको हो। दिगो विकासका लक्ष्य हासिल गरी विसं २०८७ (सन् २०३०) सम्ममा नेपाललाई मध्यम आय भएको मुलुकको स्तरमा रूपान्तरणको लक्ष्य हासिल गर्ने महत्त्वपूर्ण साधनका रूपमा पनि यस योजनालाई हेरिएको छ।

## मुख्य योजनाहरू

### शिक्षकको पेसागत विकास तथा व्यवस्थापन

विद्यालय क्षेत्र विकास योजनाको परिवर्तनको सिद्धान्तका प्रमुख तत्त्वमा आवश्यकतामा आधारित र गुणस्तरीय पेसागत विकास कार्यक्रम तथा कार्य सम्पादनमा आधारित शिक्षक व्यवस्थापनसमेत पर्दछ। शिक्षक तलबलाई गुणात्मक शिक्षाको प्रमुख स्रोत मानेर योजनाले कुल बजेटको करिब ७० प्रतिशत शिक्षक तलबमा छुट्याएको छ। त्यस कारण शिक्षकको पेसागत विकास सम्बद्ध संस्थाहरूबाट विद्यालय क्षेत्र विकास योजनाका कार्यक्रमको स्वामित्व ग्रहणको ठूलो महत्त्व रहन्छ। अझ आगामी दिनमा संघीय स्वरूपमा शिक्षा क्षेत्रको विकेन्द्रीकरण भएपछि शिक्षक पेसागत विकास तथा व्यवस्थापन कार्यक्रमका स्वरूपमा परिमार्जन गर्न आवश्यक रहेको सन्दर्भमा यसको महत्त्व झन् बढेको छ।

### सञ्चालन तथा व्यवस्थापन

मुलुकमा संघीयता कार्यान्वयन भएपछि शैक्षिक योजना निर्माण, व्यवस्थापन तथा बजेट निर्माणका सन्दर्भमा स्थानीय, प्रान्तीय तथा संघीय तहका काम कर्तव्य तथा उत्तरदायित्व पुनरावलोकन गनुपर्ने हुन्छ। अत: विद्यालय क्षेत्र विकास योजनाको प्रारम्भिक चरणमा संस्थागत पुनर्संरचनाको व्यवस्था तथा सुधारका खाकाहरूको निरुपण गरिनेछ। यस योजनाले विद्यालय तहमा स्रोतको व्यवस्थापन र कार्य सम्पादनमा आधारित व्यवस्थापन पद्धतिको शुरुआत गर्ने छ। शैक्षिक उपलब्धि, विद्यालय सञ्चालन तथा उपलब्ध सुविधा जस्ता थुप्रै सूचकहरूको विकास तथा कार्यान्वयनका आधारमा सामुदायिक विद्यालयहरूको वर्गीकरण गर्ने पद्धति बसालिनेछ।

### संस्थागत क्षमताको विकास

विद्यालय क्षेत्र विकास योजना प्रारम्भ भएको १ देखि ३ वर्षका बीचमा संघीयता लागू हुने र ३ देखि ५ वर्षको अवधिमा संस्थागत हुने अपेक्षा गरिएको छ। अत: विद्यालय क्षेत्र विकास योजना कार्यान्वयनको प्रथम वर्षमा यसका वित्तीय स्वरूप एवं व्यवस्थापनका साथै मानवीय एवं संस्थागत क्षमता विकासका व्यवस्थामा आवश्यक परिवर्तनको तयारी गरिसक्नुपर्ने हुन्छ। विद्यालयका कार्यसम्पादन क्षमताको अभिवृद्धिका लागि स्थानीय तह, नगरपालिका, शिक्षक अभिभावक संघ तथा विद्यालय व्यवस्थापन समितिको क्षमता विकास गर्नुपर्ने हुन्छ।

### अनुगमन तथा मूल्यांकन

कार्यक्रम कार्यान्वयनबाट योजनाले अपेक्षा गरेका नतिजाहरू हासिल भए/नभएको निरुपण गर्नु नै विद्यालय क्षेत्र विकास योजनाको अनुगमनको मुख्य प्रयोजन हो। सबै उपक्षेत्र तथा अन्तरसम्बन्धित क्षेत्रका प्रगति मापनका लागि उपयुक्त सूचकको तालिका तयार पारिनेछ। शिक्षा मन्त्रालय र योजनाका विकास साझेदारहरूले वार्षिकरूपमा कार्यक्रमको संयुक्त समीक्षा गर्ने छन् र योजना कार्यान्वयनको बीचका अवधिमा बाह्य मूल्यांकनकर्ताबाट मध्यावधिक मूल्यांकनसमेत गराइनेछ।

### परीक्षा तथा मूल्यांकन

विद्यालय क्षेत्र सुधार कार्यक्रमका उपलब्धिलाई बढोत्तरी गर्दै विद्यालय क्षेत्र विकास योजनाले निर्णयात्मक तथा निर्माणात्मक दुवै खालका परीक्षालाई विषय केन्द्रित भन्दा सीप तथा सिकारु केन्द्रित गराउन जोड दिनेछ। योजनाले शिक्षकलाई निर्णयात्मक तथा निर्माणात्मक परीक्षाको उपयोगबाट शिक्षकहरूको कक्षा शिक्षण सिकाइमा र अन्ततोगत्वा सिकाइ उपलब्धिमा कसरी सुधार ल्याउन सकिन्छ भन्ने बुझाउन विशेष ध्यान दिनेछ। यस प्रयोजनका लागि पाठ्यक्रम, पाठ्यपुस्तक र परीक्षाबीच उच्च संयोजनका साथै सिकाइको मूल्यांकन भन्ने मान्यताबाट सिकाइका लागि मूल्यांकन भन्ने मान्यतातर्फ उन्मुख हुनुपर्ने आवश्यकता छ।

### शिक्षामा सूचना तथा सञ्चार प्रविधि

मुलुकको विकास तथा विश्वव्यापी समुदायसँग नेपालको समायोजनका लागि आवश्यक ज्ञान तथा सीपयुक्त नागरिक तयार पार्नु नै शिक्षाको दीर्घकालीन उद्देश्य हो। यो उद्देश्य प्राप्तिका लागि नेपाल सरकार सबैका लागि गुणस्तरीय आधारभूत शिक्षामा पहुँच र शिक्षा अनुकूल रोजगारीको बजार निर्माण गर्ने कार्यदिशामा कार्यरत छ। जीवनका सबै पक्षमा सूचना तथा सञ्चार प्रविधिको भूमिकाको विस्तारलाई दृष्टिगत गर्दा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी ज्ञान आवश्यक छ भन्ने कुरामा शिक्षा मन्त्रालय दृढ रहेको छ। विपद् जोखिम न्यूनीकरण र पुनर्लाभ विद्यालय क्षेत्र विकास योजनाअन्तर्गत विपद् जोखिम न्यूनीकरणको जोड मुख्यत: सुरक्षित पुनर्निर्माण तथा भूकम्प प्रभावित जिल्लाहरूका विद्यालयको मर्मत-सम्भार र भूकम्पीय प्रभाव बाहिरका जिल्लामा सुरक्षित निर्माण तथा प्रबलीकरणमा केन्द्रित रहेको छ।

**स्वास्थ्य र पोषण**विद्यालय क्षेत्र विकास योजनाले बालबालिकाको सिकाइ उपलब्धिमा सकारात्मक प्रभावका लागि बाल विकासको चौतर्फी पक्षमा जोड दिएको छ। यसै कारण यस योजनाले विद्यालयमा स्वास्थ्य तथा पोषण सेवाको वृद्धि गर्ने लक्ष्य लिएको छ। यसले जुका नियन्त्रण, पोषण तत्त्वको परिपूरण गर्ने तथा औंलो उन्मूलन एवं दृष्टि तथा श्रवण परीक्षण गर्ने उद्देश्य राखेको छ। यस अतिरिक्त विद्यालय क्षेत्र विकास योजनाले सबै विद्यालयमा विद्यार्थीमैत्री वातावरण, छात्रछात्रा, अपांगता भएका विद्यार्थी तथा शिक्षकका लागि खानेपानी तथा सरसफाइ तथा शौचालयका प्रावधान सुनिश्चित गरेको छ।

### विद्यालय क्षेत्र विकास कार्यक्रम

संविधानअनुसार संघीय तथा प्रान्तीय सरकार गठन जस्ता राज्य पुनर्संरचनाका ठूला परिवर्तन र हालै संशोधित शिक्षा ऐन तथा नियमावलीअनुसार विद्यालयहरूको संगठनमा व्यापक परिवर्तनका अपेक्षा भइरहेका अवस्थामा विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयन हुनेछ। पुनर्संरचनाका कार्यक्रमको सहजीकरणका लागि आवश्यक तयारीको थालनी भइसकेको भए पनि शिक्षा मन्त्रालय तथा यस मातहतका अन्य केन्द्रीय निकायहरूका संरचनामा गरिने मुख्य परिमार्जन भने योजना कार्यान्वयन प्रारम्भ भएको ३ वर्षपछि मात्र कार्यान्वयनमा आउनेछ।

### विद्यालय क्षेत्र विकास कार्यक्रमको खर्च

विसं २०७४ देखि २०७९/८० (सन् २०१६/१७ देखि २०२२/२३) सम्मको ७ वर्षे अवधिमा विद्यालय क्षेत्र विकास योजनाको कुल खर्च १० दशमलव ५८ बिलियन (अर्ब) अमेरिकी डलर (निर्माण कार्य बाहेक) हुनेछ। यसमध्ये ५ वर्षे विद्यालय क्षेत्र विकास योजना कार्यक्रममा (विसं २०७३ देखि २०७७) ६ दशमलब ४६ बिलियन र विसं २०७३ देखि २०७५ सम्मका प्रारम्भिक ३ वर्षमा ३ दशमलब ३३ बिलियन अमेरिकी डलर खर्च हुने अपेक्षा गरिएको छ। यसभित्र चालू खर्च तथा विद्यालय क्षेत्र विकास कार्यक्रमका लागि आवश्यक रकम दुवै समेटिएका छन्। कार्यक्रमको पहिलो ३ र ५ वर्षमा पुँजीगत खर्चको प्रतिशत ९ दशमलब १ रहने छ र त्यसपश्चात् यसमा थोरै कमी आउनेछ।

यसमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यढाँचाअनुसार कार्यान्वयन गरिने विपद् जोखिम न्यूनीकरण कार्यक्रमको लागत समावेश गरिएको छैन। कार्यान्वयनका तीनै चरणका लागि आवश्यक पर्ने विपद् जोखिम न्यूनीकरणका लागि उपलब्ध स्रोतको आयतनले पुग्ने छैन। तथापि विपद् जोखिम न्यूनीकरणका लागि अनुमान गरिएको रकमको लगभग ७० प्रतिशत भने विद्यालय क्षेत्र विकास योजनाका लागतको प्रस्तुत आँकलनमा समेटिएको छ। विपद् जोखिम न्यूनीकरणका लागि गरिने सबै खाले खर्चले विद्यालय क्षेत्र विकास योजनाका अपेक्षित नतिजा हासिल गर्न सघाउने भए पनि त्यसबापतका लागतको विनियोजन शिक्षा मन्त्रालयभन्दा बाहिर पर्नेछन्। विद्यालय क्षेत्र विकास योजनाको बजेटले पहिलो ५ वर्षसम्मको लागत व्यहोर्नेछ।

# स्कुललाई अक्षयकोष



पर्वतको कुस्मा नगरपालिका-१४ आर्थर डाडाँखर्कस्थित पञ्चकोशी माविलाई चौरासी पूजाको अवसर पारेर एक दम्पतीले २ लाख नगद सहयोग गरेका छन्।

आर्थर डाडाँखर्क मेथेडाडाँ घर भई पोखरा बस्दै आउनुभएका ओमप्रसाद गुरुङ र हितकुमारी गुरुङले बिहीबार चौरासी पूजामा विद्यालयलाई २ लाख रुपियाँ नगद सहयोग गर्नुभएको हो। विद्यालयमा भूतपूर्व विद्यार्थीले शैक्षिक र भौतिक विकासका लागि ५ करोड संकलन गर्ने लक्ष्य राखेर अभियान शुरु गरेका छन्।

गुरुङ दम्पतीले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दुर्गाप्रसाद शर्मालाई चौरासी पूजाकै अवसरमा नगद हस्तान्तरण गर्नुभएको हो। बौद्ध संस्कृतिअनुसार पञ्चकोशी समाज पोखरामा उहाँको चौरासी पूजा सम्पन्न भएको छ। चौरासी पूजाका अवसरमा विद्यालयको शैक्षिक र भौतिक विकास होस् भन्ने उद्देश्यले सहयोग गरिएको गुरुङका कान्छा छोरा मनोज गुरुङले बताए। उनले विद्यालयका लागि भूतपूर्व विद्यार्थीले अक्षयकोष बनाउन ५ करोड उठाउने लक्ष्यलाई सहयोग पुऱ्याउन उक्त सहयोग गरिएको जानकारी दिए।

पञ्चकोशी माविमा भूतपूर्व विद्यार्थीले फेसबुक म्यासेन्जरबाट आर्थिक सहयोग अभियान चलाइरहेका छन्। अहिलेसम्म झण्डै ३० लाख रुपियाँ संकलन गरी २० लाख रुपियाँको ब्याजबाट एक जना शिक्षकलाई तलब खुवाउँदै आइएको छ भने गाउँमै मन्टेश्वरी विधिबाट शिक्षा दिन शिक्षकलाई तालिम, कक्षाकोठा व्यवस्थापनको काम पनि भूतपूर्व विद्यार्थीले गर्दै आएका छन्। दुर्गम गाउँमा शहरमा महँगो शुल्क तिरेर दिइने स्तरमै मन्टेश्वरी कक्षा सञ्चालन भइरहेको छ। भूतपूर्व विद्यार्थीले विभिन्न कार्यक्रम र अभियानमार्फत ५ करोड उठाउने लक्ष्यसहित काम भइरहेको भूतपूर्व विद्यार्थी मञ्चकी उपाध्यक्ष बबिता शर्माले बताइन्। विद्यालयका लागि एक महिना पहिले कादुरी संस्थाका प्राविधिक प्रमुख नारायण गुरुङले १ लाख रुपियाँ बराबरका फर्निचर सहयोग गर्नुभएको छ।

चौरासी पूजाकै अवसरमा आर्थर बङ्गाउँमा निर्माणाधीन पञ्चासे आमा समूहको भवनमा मुख्य प्रवेशद्वार बनाउन लाग्ने सम्पूर्ण खर्चसमेत उहाँको परिवारले बेहोर्ने घोषणा पनि गरिएको छ। यसै गरी पोखराको रामघाट गुम्बालाई १ लाख ५ हजार, आनि गुम्बालाई ४० हजार, बाह्रबीसे पैडीलामा परिवारलाई ५० हजार, पञ्चकोशी आर्थरडाडाँखर्क समाज पोखरालाई २५ हजार, पञ्चकोशी आर्थरडाडाँखर्क महिला समूहलाई १० हजार, साङनाङ दोर्जे छोलिङ गुम्बा डाडाँखर्क गुम्बालाई १० हजार, भाइ समाज पोखरालाई १० हजार, स्वर्गीय हर्कबहादुर गुरुङ अक्षयकोषलाई ५ हजार सहयोग गरिएको छ।

# काठमाडौं र पोखरामा अस्ट्रेलियन एजुकेसन फेयर हुँदै




प्रोफेसनल एजुकेकेसन कन्सल्टेन्सीले तेस्रो प्रोफेसनल एजुकेसन अस्ट्रेलिया एडु फेयर आयोजना गर्ने भएको छ। सो कन्सल्टेन्सीले यही फागुन २७ गते काठमाडौं र २८ गते पोखरामा फेयरको आयोजना गर्न लागेको हो। २४ वर्षअघि स्थापना भएको सो कन्सल्टेन्सीले अस्ट्रेलियाको ख्यातिप्राप्त विश्वविद्यालय र निजी कलेजको सहभागितामा सो फेयर आयोजना गर्न लागेको हो।

काठमाडौंमा करिब २० वटा विश्वविद्यालय र ५ वटा कलेजको सहभागिता रहने कन्सल्टेन्सीका अध्यक्ष एसके श्रेष्ठले जानकारी दिनुभयो। कुन विश्वविद्यालयमा कस्तो पढाइ हुन्छ र ती विश्वविद्यालयको अवस्था कस्तो रहेको छलगायतका विषयलाई समेटेर फेयरको आयोजना गर्न लागेको जानकारी दिनुभयो। कतिपय विद्यार्थीले कलेको विषयमा अध्ययन नै नगरी अस्ट्रलिया अध्ययन गर्न जाँदा समस्या पर्न गएको तीतो यथार्थलाई मध्यनजर गर्दै फेयरको आयोजना गरिएको श्रेष्ठको भनाइ थियो। काठमाडौं र पोखरा दुवै शहरमा हुने मेलामा विश्वविद्यालयका प्रतिनिधि सहभागी हुनेछन्।

फेयरका विभिन्न विषयमा तालिम दिने, बैंकिङ प्रोसेस र एजुकेसन लोन उपलब्ध गराउने प्रक्रियाबारे जानकारी गराइने कन्सल्टेन्सीले जनाएको छ। फेयरमा विद्यार्थीसँगै अभिभावकलाई समेत उपस्थित गराइनेछ। फेयरका भिजिट गर्न आएका विद्यार्थीलाई रजिस्ट्रेसनमा ५० प्रतिशत छुटको समेत व्यवस्था गरिएको छ। फेयरको बारेमा जानकारी दिँदै कन्सल्टेन्सीका कार्यक्रम निर्देशक राजु सिंहले करिब ४० हजार विद्यार्थीलाई उच्च शिक्षा अध्ययन गर्न पठाउने क्रममा कुनै समस्या नभएको र हालसम्म अस्ट्रलियामा पठाएको कलेज बन्द नभएको जानकारी दिनुभयो।

उहाँले भन्नुभयो- 'हामी जुन कलेज वा विश्वविद्यालयमा अध्ययन गर्न पठाउँछौं, ती सबै कलेज अस्ट्रेलियन सरकारले उच्च कोटीमा राखेको छ। उहाँका अनुसार अस्ट्रेलियाको क्याथोलिक युनिभर्सिटी, अस्ट्रेलियन टेक्निकल एन्ड म्यानेजमेन्ट कलेज, चिसहोल्म इन्स्टिच्युट, कर्टिन युनिभर्सिटी, डिकिन युनिभर्सिटी, एजुकेसन सेन्टर, एडिथ कोवान युनिभर्सिटी, एडुको, ग्रिफफिट युनिभर्सिटी, इन्टरनेसनल कलेज अफ म्यानेजमेन्ट सिड्नी, ला ट्रोब युनिभर्सिटी, म्याक्वेर युनिभर्सिटी, नभिटास, आर एमआईटी युनिभर्सिटी, सिड्नी सिटी कलेज अफ म्यानेजमेन्ट, युनिभर्सिटी अफ न्यु इंग्ल्यान्ड, युनिभर्सिटी अफ साउथ अस्ट्रेलिया, युनिभर्सिटी अफ साउथर्न क्विन्सलयान्ड, वेस्टर्नसिड्नी युनिभर्सिटीलगायत सहभागी हुनेछन्।

# द्वन्द्व निर्देशक खड्गी जेल चलान

द्वन्द्व निर्देशक, अभिनेता तथा फिल्म निर्देशक राजेन्द्र खड्गीलाई जेल चलान गरिएको छ। कलाकारको नाममा विभिन्न व्यक्तिलाई अवैधरूपमा दक्षिण कोरिया पुऱ्याएको आरोपमा खड्गीलाई जेल चलान गरिएको हो।

जिल्ला अदालत काठमाडौंले खड्गीलाई पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएसँगै जेल चलान गरिएको हो। खड्गीलाई अहिले केन्द्रीय कारागार सुन्धारामा राखिएको छ। जिल्ला न्यायाधिश टेकनारायण पौडेलको इजलासले शुक्रबार खड्गीलाई जेल चलान गर्न आदेश दिएको सीआईबीका प्रमुख पुष्कर कार्कीले जानकारी गराए। सांस्कृतिक कार्यक्रममा भाग लिन भन्दै खड्गी १२ जनाको टोली लिएर कोरिया गएका थिए। पछि दुई जना मात्र नेपाल फर्केका थिए। त्यसबारे दक्षिण कोरियास्थित नेपाली दूतावासले सीआईबीलाई जानकारी गराएपछि अनुसन्धान थालिएको थियो। प्रहरी हिरासतमा रहेका बेला खड्गीले उनीहरूलाई कोरिया लगेको स्वीकार गरेका थिए।



# कलाकार संघको सम्मान र सभा



नेपाल चलचित्र कलाकार संघले १६औं वार्षिक साधारणसभाको अवसरमा विभिन्न कलाकर्मी तथा सञ्चारकर्मीलाई सम्मान गरेको छ।

राजधानीको कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा शनिबार एक समारोह आयोजना गर्दै संघले ख्यातिप्राप्त हास्यव्यंग्य जोडी मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यलाई *नेपाल चलचित्र कलाकार संघ राष्ट्रिय पुरस्कार-२०७४* बाट सम्मानित गरेको छ। मह जोडीलाई प्रमुख अतिथि जनसंख्या तथा वातावरणमन्त्री लालबाबु पण्डितले १ लाख ११ हजार १ सय ११ रुपियाँ र ताम्रपत्रसहित पुरस्कृत गरेका हुन्। त्यसै गरी अभिनेता आरपी पन्तलाई ५१ हजार १ सय ११ रुपियाँसहित *नेपाल चलचित्र कलाकार संघ शान्ति मास्के राष्ट्रिय पुरस्कार-२०७४* बाट पुरस्कृत गरिएको छ। पन्तले पुरस्कारबापत पाएको रकम कलाकार कल्याणकारी कोषलाई प्रदान गरेका छन्।



नृत्य निर्देशक वसन्त श्रेष्ठ र निर्माण नियन्त्रक गेहेन्द्रप्रसाद धिमाललाई *नेपाल चलचित्र कलाकार संघ विशेष सम्मान-२०७४* बाट सम्मान गरिएको कार्यक्रममा तुलसी गिरी 'भावुक', गीता अधिकारी र आरके सुवेदीलाई *नेपाल चलचित्र कलाकार संघ चलचित्र पत्रकारिता सम्मान-२०७४* बाट सम्मानित गरिएको छ। त्यसै गरी नायिका दीपिका प्रसाईंलाई *नेपाल चलचित्र कलाकार संघ नवप्रतिभा प्रोत्साहन सम्मान-२०७४* प्रदान गरिएको कार्यक्रममा कलाकार संघका लागि विशेष योगदान पुऱ्याएबापत निर्देशक निर्देशक राजेन्द्र सलभ, अभिनेता जय श्रेष्ठ, अधिवक्ता शम्भु निरौला र कलाकार प्रकाश धितालालाई *नेपाल चलचित्र कलाकार संघ सेवा सम्मान-२०७४* बाट सम्मान गरियो। पुरस्कार तथा सम्मान जनसंख्या तथा वातावरणमन्त्री लालबाबु पण्डित र नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति संगीतकार शम्भुजित बासकोटाले प्रदान गरेका थिए।

कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री पण्डितले नेपाली चलचित्र क्षेत्रमा उल्लेख्य योगदानसँगै सामाजिक कार्यमा समेत योगदान गर्दै आएको मह जोडीलाई पुस्कार प्रदान गर्न पाएकोमा खुसी व्यक्त गरे। उनले चलचित्रको विकास र विस्तारमा कलाकारको महत्त्वपूर्ण भूमिका हुने चर्चा गर्दै नेपाली कलाकारले विदेशमा गएरसमेत आफ्नो कला प्रस्तुत गर्दा खुसी लागे पनि कतिपय कलाकार विदेशमै बसिदिनुचाहिँ राष्ट्रलाई माया गनेहरुका लागि नराम्रो पक्ष भएको बताए।

पुरस्कृत अभिनेता मदनकृष्ण श्रेष्ठले आफूहरूलाई संघले पुरस्कृत गरेर अझ जिम्मेवारी थपिदिएको चर्चा गर्दै कलाकार संघले गरेको सामाजिक कार्यको स्मरणसमेत गरे। त्यस्तै संघका अध्यक्ष रामकेशर बोगटीले पुरस्कृत एवं सम्मानित कलाकर्मीको चर्चा गर्दै संघले एक वर्षभरि गरेको विभिन्न कार्यक्रम र भावी योजनाबारे जानकारी गराए।

# श्रद्धाद्वारा सलमानको अफर अस्वीकार



बलिउड नायिका श्रद्धा कपुरले शनिबार आफ्नो ३१औं जन्मदिन मनाएकी छिन्। उनले फिल्म *तीन पत्ती*बाट आफ्नो फिल्मी करिअर शुरु गरेकी थिइन्। तर, त्यो फिल्म असफल भएको थियो।

फिल्म *आसिकी-२* को सफलतासँगै भने उनले बलिउडमा आफ्नो पहिचान बनाएकी थिइन्। त्यसपछि *हैदर, बागी, एक भिलेन, हाफ गर्लफ्रेन्ड* जस्ता फिल्ममा अभिनय गरेर दर्शकको ध्यान आफूतिर आकर्षित गर्न सफल भएकी थिइन्।

उनै बलिउड गर्लका बारेमा हालै एक रमाइलो कुरा बाहिरिएको छ। उनी जब १६ वर्षकी थिइन्, उनलाई नायक सलमान खानले आफूसँग एक फिल्ममा काम गर्न अफर गरेका थिए। तर, श्रद्धा भने आफ्नो पढाइमा ध्यान दिन चाहन्थिन्। त्यस कारण उनले सलमानको यो अफरलाई अस्वीकार गरिदिइन्। एक बलिउड अनलाइन पत्रिकाको अनुसार सलमानले श्रद्धालाई एक विद्यालयको नाटकमा अभिनय गरिरहेको देखेका थिए।

त्यसपछि सलमान उनको अभिनयबाट प्रभावित भएका रहेछन्। श्रद्धा हाल *साहो* नामक फिल्ममा काम गरिरहेकी छन्, जसमा उनीसँग प्रभासले स्क्रिन शेयर गरेका छन्।








# विचार

विद्यार्थीको आवाज स्यालको
हुइयाँ मात्र होइन, एक कुशल
सिकारीको अचुक निशाना हो।
– लेनिन

मैले नेपालको हिमाल देखेको
छु र सबैभन्दा बढी त बहादुर
नेपालीहरूलाई चिनेको छु।
– माओत्सेतुङ



## सम्पादकीय

नेपाल समाचारपत्र

## प्रमको अभिव्यक्तिले सार्थकता पाओस्

प्रधानमन्त्री केपी ओलीले सरुवा–बढुवाका फाइल होइन, जनताका विकासका फाइल बोकेर सिंहदरबार प्रवेश गर्न सांसदहरूलाई निर्देशन दिएपछि नेपाली राजनीतिमा फेरि एकपटक तरंग आएको छ । अब सोर्सफोर्स लगाएर राम्रो ठाउँमा सरुवा हुने, मालदार ठाउँमा जानेजस्ता फाइल बोकेर नआउन सांसदहरूलाई निर्देशन दिएपछि जतासुकै यही विषयमा चर्चा चल्न थालेको छ । नेकपा एमाले र नेकपा माओवादी केन्द्रबाट निर्वाचित संघीय संसद् र राष्ट्रिय सभाका सांसदहरूलाई संयुक्तरूपमा सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले अबका ५ वर्ष विकासबाहेक अरु केही नगर्ने घोषणा गरेपछि सांसदहरूसमेत अलमलमा परेका थिए ।

अबको समय विकासको समय हो, अब पनि विकासका पूर्वाधार तयार पारिएन भने हामी अझै पछाडि पर्छौं भन्दै प्रधानमन्त्री ओलीले सांसदहरूलाई निर्देशन दिएपछि मुलुकभर तरंग उत्पन्न हुनुका साथै अब मुलुक साँच्चिकै विकासतर्फ अघि बढ्छ कि भन्ने आशासमेत पलाएको छ। विश्वका गरिबको सूचीमा एक नम्बरमा पुग्न लागेको मुलुकको आर्थिक समृद्धिका लागि केही गर्ने अठोट लिएर नै पार्टी एकता गर्ने चरणमा आफूहरू पुगेको प्रधानमन्त्री ओलीले सार्वजनिकरूपमा अभिव्यक्ति दिएपछि आमनेपालीले अब केही हुन्छ कि भन्ने आशा गर्नु स्वाभाकि नै हो ।

प्रधानमन्त्री ओलीले गरेको घोषणामा एमाले र माओवादीजनहरू सबैले साथ दिए मात्रै त्यसले सार्थकता पाउनेछ । प्रधानमन्त्रीले नयाँ–नयाँ कार्यक्रमको घोषणा गर्ने तर कार्यान्वयन नगर्ने हो भने मुलुकले विकासको बाटोमा होइन, विनाशको बाटोमा जाने हो कि भन्ने चिन्ता उत्पन्न हुन थालेको छ । हो, मुलुकले अब साँच्चै विकासको बाटो खोजेको छ । प्रधानमन्त्री एकजनाले चाहँदैमा मात्र सम्भव नहुने भएकाले सबैको सहयोग पक्कै पनि आवश्यक हुन्छ। दुई पार्टीको एकतापछि मुलुकमा विकास हुनेमा आमजनता आशावादी छन् । विगतका चुनावमा जनताले त्यही आशा र भरोसाका साथ मत दिएर दुवै पार्टीलाई भारी बहुमतमा पुऱ्याइदिएका छन् ।

जनताको भरोसा र प्रधानमन्त्री ओलीको सार्वजनिक अभिव्यक्तिले अब मुलुक विकासको चरणमा प्रवेश गर्ने हो कि भन्ने झीनो आशा पलाएको छ । राजनीतिक खिचातानी होइन, मुलुकलाई विकास चाहिएको छ। अब पार्टी सञ्चालकदेखि सरकार सञ्चालकहरूको समेत यसतर्फ ध्यान पुऱ्याउनु जरुरी छ ।

# महिला हिंसाविरुद्ध "म बोल्छु"



कपिल काफ्ले

'महिला हिंसाविरुद्ध म बोल्छु' नारा त ठीक छ तर अधिकांश नेपालीलाई हिंसा भनेको के हो, आफू हिंसामा परेको हो कि होइन भन्ने नै थाहा छैन', ८ मार्चको अन्तर्राष्ट्रिय महिला दिवस मनाउने तयारीमा बसेको बैठकमा एक सहभागीले तर्क गरे।

'नारामै हिंसाको परिचय र प्रकार कसरी खुलाउन सकिन्छ, हिंसा के हो भन्ने विषयमा अर्कै छलफल कार्यक्रम राखौंला नि !' अर्की सहभागीले उपाय निकालिन्। महिलाको इच्छाविरुद्ध हुने र उनीहरूलाई पीडा पुऱ्याउने मानवअधिकार हननका सबै कार्य महिला हिंसाका उदाहरण हुन् भनेर उनले व्याख्या पनि गरिन्।

'बाटो हिँडेकी केटीलाई एउटा केटाले सुसेली हालेर जिस्क्याएछ, उनी मुसुक्क हाँसेर हिँडिछन्, त्यसलाई हिंसा भन्ने कि नभन्ने,' अर्का सहभागीले तर्क राखे, केटी हाँसेर हिँडेको अवस्थामा कसरी हिंसा भन्ने !

'थुक्क तेरो बुद्धि ! भन्ने भावनाले पो हाँसेर हिँडेकी हुन् कि ?' अर्की सहभागी महिलाले तर्क गरिन्। हाम्रो समाजमा ठूलो समुदाय छ, जसलाई हिंसा के हो भन्ने विषय नै थाहा छैन, जसलाई केही थाहा छ उसले पनि विरोध जनाउन जानेको छैन, उनले व्याख्या गरिन्।

'समाजमा आज पनि श्रीमान्ले श्रीमतीलाई एक-दुई झापड पिट्नु, गाली गर्नु, हप्काउनुजस्ता विषयलाई हिंसाका रूपमा लिइन्न, घाउचोट नदिने गरी भएका शारीरिक र मानसिक पीडालाई हिंसा नै मानिन्न', यसपटक अर्का पुरुष बोले। उनको विचारमा नेपाली समाजमा चेतनाको स्तर बढाउने काम नभएसम्म सम्पूर्णरूपमा हिंसाविरुद्धको अभियान सफल बनाउन सकिन्न।

मार्च ५ मा यो आलेख प्रकाशित भएको छ, तीन दिनपछि विश्वका झन्डै ४ अर्ब महिलाको सम्मानमा मानवअधिकारकर्मी महिला, पुरुष, यौनिक तथा लैङ्गिक अल्पसंख्यक सबै सडकमा देखिनेछन्। विश्वमा संयुक्त राष्ट्रसंघीय निकाय युएन उमनले नेतृत्व गरेर र नेपालमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको पहलकदमीमा प्रदर्शन, गोष्ठी, सभा र जुलुसहरू हुनेछन्। महिला अधिकार भन्नु नै मानवअधिकार हो र महिला हिंसा भनेको असभ्यताको परिचय हो भन्ने तथ्य बुझेका पुरुषहरू पनि उत्तिकै सक्रियताका साथ यस अभियानमा सहभागी हुनेछन्। मेनइङ्गेल अलायन्स अभियानमा लागेका पुरुष, महिला र अन्य लिङ्गीहरूले लैङ्गिक समानताका पक्षमा आवाज उठाउनेछन्।

नेपाललाई हेरेर भन्नुपर्दा नीतिनिर्माणका पक्षमा महिला अधिकारको सम्मान गर्ने कुरामा मुलुक पछाडि छैन। हामीसँग घरेलु हिंसाविरुद्धको कानुन छ, मानव बेचबिखन, बोक्सीको आरोप, बालविवाह, अनमेल विवाह, छोरीमाथिको विभेदलगायतका धेरै विषयलाई सम्बोधन गर्ने गरी नीति बनेका छन्। लैङ्गिक समानता तथा सामाजिक समावेशिताको नीति अख्तियार गर्दै राज्यका हरेक निकायमा महिला सहभागिता कम्तीमा ३३ प्रतिशत पुऱ्याउने लक्ष्यका साथ काम भएको छ। मानवीय विकासमा प्रस्ट प्रगतिका संकेत देखिएका छन् तर जाने बोटो भने निकै टाढा छ। नीतिगत व्यवस्था किताबैमा सीमित हुने, व्यवहारमा लागू नहुने अभ्यास निरन्तर चलिआएको छ।

१०८औं अन्तर्राष्ट्रिय महिला दिवसको नारा 'महिलाको जीवन सुधार गर्न गाउँ र शहरका कार्यकर्ता सक्रिय हुने यही हो समय' रहेको छ। नेपालले पनि अन्तर्राष्ट्रिय नारालाई पछ्याउँदै 'आर्थिक सशक्तीकरणसहितको सामाजिक जागरण : ग्रामीण तथा शहरी महिलाको जीवनस्तर रूपान्तरण' सन्देश वाक्य बनाएको छ। पछिल्ला केही वर्षयताजस्तै यसपटक पनि अन्तर्राष्ट्रिय महिला दिवसमा पुरुषको सहभागितालाई महत्व दिइएको छ। 'महिला अधिकार मेरो पनि सरोकार' भन्दै आएका पुरुषलाई 'यो हाम्रो विषय, तिमी किन' भनेर पछाडि धकेल्ने काम हुनुहुन्न। समाजमा हुने गरेका महिला हिंसाका घटनामा अधिकांशतः पुरुषकै हात देखिएको अवस्थामा पुरुषका अनुहारसँग आक्रोश जाग्नु अस्वाभाविक होइन, तर अधिकांशतः यस्तो व्यवहार पितृसत्ता र पुरुषत्वको चिन्तनले सिर्जना गरेको हो, जसबाट उनीहरू स्वयं पनि पीडित छन्।

> 'महिला अधिकार मेरो पनि सरोकार' भन्दै आएका पुरुषलाई 'यो हाम्रो विषय, तिमी किन' भनेर पछाडि धकेल्ने काम हुनुहुन्न। समाजमा हुने गरेका महिला हिंसाका घटनामा अधिकांशतः पुरुषकै हात देखिएको अवस्थामा पुरुषका अनुहारसँग आक्रोश जाग्नु अस्वाभाविक होइन, तर अधिकांशतः यस्तो व्यवहार पितृसत्ता र पुरुषत्वको चिन्तनले सिर्जना गरेको हो, जसबाट उनीहरू स्वयं पनि पीडित छन्।

लैङ्गिक समानताका लागि पुरुष सहभागिता किन भन्ने प्रश्नको जबाफमा 'डाइभरसिटी काउन्सिल अस्ट्रेलिया' ले सार्वजनिक गरेको सामग्री उपयोगी छ। आवश्यक परिवर्तन वा लैङ्गिक समानताका लागि पुरुष सहभागिता बढाउन आवश्यक। सहभागिता मात्र होइन, साझेदारीको अवधारणाका साथ उनीहरू आएका हुन् वा होइनन्, त्यस पक्षमा भने ध्यान दिनु ठीक हुनेछ। समानताले महिलालाई मात्र होइन पुरुषलाई पनि लाभ दिन्छ भन्ने बुझेपछि पुरुष र युवाहरू यस अभियानमा लाइन लागेर आउने नै छन्। नेतृत्वदायी ठाउँमा र आर्थिक लाभ पुग्ने पदमा पुरुषको बाहुल्य, व्यापार र उद्योगको नेतृत्व पुरुषकै हातमा मात्र राखिरहने हो भने साझेदारी गर्न गएका पुरुषप्रति समभाव जागृत हुन सक्तैन। त्यसैले, लैङ्गिक समानताको अभियान एक क्षेत्र र एक चरणमा मात्र चलाएर हुन्न, सर्वत्र चलाउनु भने अनिवार्य देखिन्छ।

लैङ्गिक समानतायुक्त समाज निर्माण भएमा पुरुषलाई के लाभ हुन्छ भनेर बुझेका कारण नै नेपालमा पछिल्लो समय उनीहरूको साझेदारी वृद्धि भएको हो। लैङ्गिक समानताको व्यवहार गर्ने पुरुषको वरिपरि महिलाहरू सुरक्षित र न्याय प्राप्तिको अनुभूति गर्छन्, त्यस्तो पुरुषले उनीहरूबाट हार्दिक सम्मान पाउँछ। पुरुषमा प्रसन्नता अभिवृद्धि हुन्छ, किनभने परम्परागत पुरुषत्वले आडम्बर सिर्जना गर्न सिकाउँछ, जसले पुरुषलाई उदार हुन दिँदैन। लैङ्गिक समानताको चिन्तनले महिला-पुरुषबीच न्यानो सम्बन्ध स्थापित हुन्छ, यौनिक सन्तुष्टि बढ्छ र परिवार सुखी बन्छ। बालबालिका हुर्काउन पुरुष पनि उत्तिकै सक्रिय हुन्छन्, यस्तै पुरुषले छोराछोरीबाट बुढेसकालसम्म माया र सम्मान पाउँछन्। कार्यक्षेत्रमा लैङ्गिक समानता कायम गर्दा पूरै कार्यालय बढी उत्पादनशील हुन्छ। महिला, पुरुष दुवैले आनन्द र अपनत्वको अनुभूति गर्छन्। सबैले आ-आफ्नो दक्षताको भरपूर प्रयोग गर्छन्।

कार्यक्षेत्रमा पुरुषलाई लैङ्गिक समानताको व्यवहार गराउने प्रभावकारी मार्ग के हुनसक्छ भन्ने विषयमा पनि 'डाइभरसिटी काउन्सिल अस्ट्रेलिया' ले उपाय सिकाएको छ। आधारभूत अधिकारको प्राप्तिका लागि नीतिगतरूपमै महिला पुरुषमा समता र समानतायुक्त व्यवहारको प्रावधान हुनुपर्छ। लैङ्गिक समानता महिलाको मुद्दा होइन, पेसागत मुद्दा हो भन्ने चेतना विकास गर्नुपर्छ। हरेक तह र तप्कामा लैङ्गिक समानता कायम गर्ने रणनीति (पारिश्रमिक भुक्तानी, अधिकार दिने र नीतिनिर्माणमा पुऱ्याउने, आर्थिक सुरक्षा, व्यक्तिगत सुरक्षा, व्यक्ति-व्यक्तिबीचको सम्बन्ध, सामुदायिक सहभागिता) जस्ता विषयमा पनि ध्यान दिनुपर्छ। विभिन्न पक्ष र क्षेत्रमा पुरुष सहभागिता, अनुगमन र चर्चाले पनि ठूलो काम गर्छ। प्रभावकारी परिवर्तनका लागि पुरुषलाई प्रशिक्षित गर्ने कार्यमा भने गति बढाउनै पर्छ। कार्यक्षेत्र र घरायसी व्यवहारमा सम्बन्ध स्थापित गर्ने, सरसफाइ र हेरचाहको क्षेत्रमा पनि पुरुषलाई समानरूपमा सहभागी गराउने अभ्यास हुनुपर्छ। सामाजिक तथा सामुदायिक क्षेत्रमा लैङ्गिक समानताका लागि पुरुष सहभागिताको खोजी आवश्यक छ। असमान नीति र व्यवहारमा आवाज उठाउने तत्परता सबैमा हुनुपर्छ।

महिला हिंसाविरुद्ध 'म बोल्छु', यही आवाज उठाउने अभ्यास हो। के पुरुष, के महिला, के अन्य लिङ्गी सबैले आवाज उठाउनुपर्छ। 'पारस्परिक जबाफदेहिता परियोजना'ले समेटेका ३४ जिल्लामा एकसाथ 'म बोल्छु' अभियान त चालिने छ नै, साथमा बाँकी ४३ जिल्लालाई पनि सहभागी गराइनेछ। 'म बोल्छु' स्टिकर टाँसेका सवारीसाधन मुलुकभर डुलिरहनेछन्। बैठकले यस्तै सपना देखेको छ।

## पाठक पत्र

### विनासुझबुझ नागरिकमा करको भारी नबोकाइयोस्

यहाँका दशवटै स्थानीय निकायमा यति बेला करको दायरा र स्थानीय तहले बढाएको करको विषयमा सर्वसाधारणबीच छलफलको विषय बनेको छ। जिल्लाका केही स्थानीय तहले हतारमा गरेको निर्णयका कारण करजस्तो महत्वपूर्ण विषयले छलफल र बहसको बाटो लिएको हो। लामो समय स्थानीय तह कर्मचारीको भरमा चले। द्वन्द्वको बेला गाउँघरमा बसेर काम गर्ने वातावरण नरहेकाले जिल्ला सदरमुकाममा केन्द्रित भएका कर्मचारीले तत्कालीन सरकारले तोकेको करसमेत उठाउन सक्ने अवस्था थिएन। एकातर्फ द्वन्द्व र संक्रमणकाल पार गरेर आएका सर्वसाधारण त अर्कोतर्फ ठूलो अपेक्षासहित स्थानीय निकायमा आफ्ना प्रतिनिधि पठाएको बेला सर्वसाधारणको हकहित र उन्नतिको लागि काम गर्नुको साटो उल्टो सर्वसाधारणकै ढाड सेक्ने गरी गरिएको कर वृद्धिको विरोध हुनु र छलफलको विषय बन्नु स्वाभाविक पाटो हो।

देशको अर्थतन्त्रको महत्वपूर्ण पाटो भनेको कर हो। देशका हरेक निकाय सञ्चालन गर्नका लागि र आर्थिक तथा भौतिक विकासका योजनाहरूको निर्माणका लागि समेत करबाट संकलित रकमको प्रयोग नगरेसम्म सम्भव नहोला तर देशमा सबै खाले विकासको लागि कर संकलन आवश्यक छ भन्दैमा एक्कासी कर र करको दायरा बढाउनु भनेको स्थानीय निकायमा निर्वाचितहरूको कार्य निपुणतामा प्रस्नचिह्न खडा हुनु हो।

नागरिकले राज्यको विकासका लागि हरेक आर्थिक क्रियाकलापमा कर तिर्नुपर्छ। यस कुरामा कहीं कोही पनि असहमत नहोलान् तर कर तिर्नुपर्छ भन्दैमा सत्ताको मातमा सुविधा उपभोगको स्रोत बनाउनकै लागि बढाइएको कर तिर्न नागरिक बाध्य हुन्छन् भन्ने छैन। नागरिकले आर्थिक क्रियाकलाप सञ्चालन गरेर कर तिरेपछि राज्यले पनि नागरिकको अनुकूल हुने खालका कार्यक्रम अगाडि ल्याउन जरुरी छ। चाहे त्यो स्थानीय तह होस् या राष्ट्रिय नीतिगत तह होस्। देशका ठूला घरानादेखि साना बस्तीहरूमा समेत ठूला-ठूला आर्थिक क्रियाकलाप सञ्चालन गरेर राज्यको आँखा छल्दै करोडौं रुपियाँ कर छली गर्नेहरू खुलेआम हिँडिरहेका छन्।

भर्खरै मात्र निर्वाचित जनप्रतिनिधिबाट सर्वसाधारणले चाहेको भनेको कर छल्नेलाई कानुनको कठघरामा ल्याउनु हो। स्थानीय तहमा सानो-सानो पुँजीबाट सानो व्यवसाय गर्ने र सामान्य गाँस, बास र कपासको जोहो गरेर बसेकाहरूबाट घरधुरी कर, जमिन करलगायतका करको नाम दिइएका करहरूमा मूल्य बढाएर स्थानीय तहको आर्थिक जोहो गर्न खोजेकाहरूलाई आज आमसर्वसाधारणले कर छली गरेर अकुत सम्पत्ति कमाउनेहरूलाई राज्यले कानुनको दायरामा ल्याएको हेर्न चाहेका छन्। स्थानीय तहदेखि उपल्लो तहसम्म यो विषयमा गम्भीर रूपमा कुरा चल्नु आवश्यक छ।

नागरिकले राज्यले लगाएको कर तिर्नै पर्छ। किनकि कर तिरेर मात्रै राष्ट्रको नागरिक हुने हैसियत प्राप्त हुन्छ। राज्यले नागरिकको आर्थिक अवस्था हेरेर करको दर कायम गर्नुपर्छ, जसले गर्दा नागरिक र राज्यको बीचमा सुमधुर सम्बन्धको अपेक्षा गर्न सकिन्छ। अन्यथा राज्यले शक्तिको दुरूपयोग गर्ने र नागरिकले आफैंले बनाएको सरकारको विश्वास नगर्ने हो भने यसको परिणाम प्रत्युत्पादक हुने निश्चित छ।

*- सिर्जना केसी बाग्लुङ*

### कोलेस्ट्रोल घटाउने १४ प्रभावकारी तरिका

**मासु कम :** रातो मासुले कोलेस्ट्रोलको मात्रा बढाउने भएकोले भोजनमा मासुको प्रयोग कम गर्नुहोस्। यदि मासु खानै पर्ने भए सेतो मासु खानुहोस्। बिफ, पोर्क र भेडाको मासु खान छोड्नुहोस्। बरु माछा खानुहोस्।

**चिल्लो कम :** न्यून चिल्लोयुक्त भोजनले शरीरमा कोलेस्ट्रोल विकसित हुने खतरालाई न्यून पार्न सक्नुहुन्छ। भोजनमा पर्याप्त फलफूल र सागसब्जी समावेश गर्नुहोस्। त्यस्तै बदाम र बियाँहरू पनि पर्याप्त खानुहोस्। भोजनमा हुने तैलीय पदार्थबाट सदा बच्नुहोस्। नियमित भोजनमा प्रयोग हुने तेलको मात्रा घटाउनुहोस्। सोयाबिन, ल्वाङ आदिको तेल प्रयोग गर्नुहोस्।

**तौल कम :** कोलेस्ट्रोलबाट बच्न तौल कम राख्नु पनि उत्तिकै महत्व हुन्छ।स्वस्थ तौल छ वा छैन बारम्बार परीक्षण गर्नुहोस्। बढी मोटोपनले कोलेस्ट्रोल निम्त्याउँछ।

**फाइबरयुक्त खानेकुरा :** दैनिक भोजनमा ५ देखि १० ग्राम फाइबर समावेश गर्नुहोस्। यसले कोलेस्ट्रोलको मात्रालाई पाँच प्रतिशतले मात्र बढाउने सम्भावना हुन्छ। भोजनमा पर्याप्त फाइबर पाउनका लागि ब्रेकफास्टमा जौको रोटी खानुहोस्। खानासँगै पर्याप्त सब्जी पनि खानुहोस्।

**नियमित कोलेस्ट्रोल परीक्षण :** कोलेस्ट्रोलको खतराबाट बच्नका लागि नियमितरूपमा परीक्षण गर्नुहोस्। नियमित परीक्षणले कोलेस्ट्रोलको अणुको पहिचान गर्न सहयोग मिल्छ।

**व्यायाम :** दैनिक ३० मिनेट व्यायाम गर्नुहोस्। कोलेस्ट्रोलबाट बच्ने एउटा प्रमुख उपाय व्यायाम पनि हो। किनकि यसले तपाईंलाई स्वस्थ तौल राख्न पनि सहयोग गर्छ।

**माछा :** माछामा कोलेस्ट्रोल घटाउने प्रभावकारी तत्व हुन्छ। कोलेस्ट्रोल र ट्राइग्लिसराइडलाई सन्तुलन राख्नको लागि सातामा दुईदेखि तीनपटक भोजनमा माछाको तेल वा माछाको परिकार खानुहोस्।

**बदाम :** साँझ निकै भोकाउनुभएको छ भने अन्य अस्वस्थ खाना खानुभन्दा बदाम खानुहोस्। बदामको नियमित सेवनले तल्लो मुटुको रोगलाई निको पार्छ। बदाम स्वास्थ्यवर्द्धक मात्र होइन, भोजनमा यसले पूरकको रूपमा पनि काम गरेको हुन्छ।

**हिँड्ने बानी :** खुडकिलाहरू चढ्नुहोस्। जति हिँड्नुहुन्छ त्यति बढी कोलेस्ट्रोल हुने खतराबाट मुक्ति हुनुहुन्छ। शारीरिक गतिविधिका लागि हिँडडुल सबैभन्दा प्रभावकारी माध्यम हो। यो आफैंमा सरल र सस्तो उपाय पनि हो।

**अण्डा शत्रु :** अण्डा कम खानुहोस्। अण्डालाई मुटु र कोलेस्ट्रोल रोगको मुख्य शत्रु मानिन्छ। तर, तपाईंले भोजनमा अण्डाको थोरै परिकार समावेश गर्न सक्नुहुन्छ। थोरै तेल प्रयोग गरेर मात्र अण्डा खानुहोस्।

**हरियो चिया :** आजैदेखि हरियो चिया खान शुरु गर्नुहोस्। ग्रिन टीमा क्याटेचिनस नाम गरेको पदार्थ हुनाले यसले कोलेस्ट्रोललाई घटाउन सहयोग गर्छ। दीर्घकालीन स्वस्थ रहनका लागि पनि ग्रीन टी अचुक औषधि हो।

**शाकाहारी भोजन :** सकभर शाकाहारी खाना खानुहोस्। कोलस्ट्रोलको खतरालाई न्यून गर्न यो प्रभाककारी उपाय हो। विभिन्न प्रकारका शागसब्जीले तपाईंको स्वास्थ्यलाई सशक्त पार्नुको साथै शरीरमा भिटामिन, खनिज र अक्सीकरणविरोधी तत्व प्रदान गर्छ।

**पर्याप्त निद्रा :** पर्याप्त निद्राले शरीरको रोग निको पार्न सहयोग पुऱ्याउँछ। यसले उच्च रक्तचापलाई सन्तुलन गर्नुका साथै तपाईंको समग्र शारीरिक र मानसिक स्वास्थ्यमा सुधार आउँछ। यसका अतिरिक्त पर्याप्त निद्राले कोल्स्ट्रोलको खतरा घटाउँछ।

**धूमपानबाट टाढा :** कोलेस्ट्रोललगायत विभिन्न घातक रोगको प्रमुख कारण धूमपान हो। अत्यधिक धूमपानले एचडीएल कोलेस्ट्रोलको मात्रा घटाउँछ, यो मुटुको रोगका लागि एउटा प्रमुख खतरनाक तत्व पनि हो। तसर्थ तपाईं लामो समयसम्म स्वस्थरूपमा बाँच्न चाहनुहुन्छ भने धूमपान त्याग्नुहोस्।

*- सम्झना खनाल, एमबीबीएस विद्यार्थी*

## सामाजिक सञ्जाल



कालो धनको विचार नै कालो व्यापार, कालो योजना, कालो दलाली, कर छली, श्रम शोषण गर्नेबाट देश नै कालो हुन्छ, समयमै कालो जेल बनाऔं।

**K Kandel**
**@artofthink**



नारायणगढ-मुग्लिन सडकखण्डमा बहुत ठूलो हेलचेक्र्याइँ र मजाक भइरहेको छ भन्ने बुझाइ छ। गल्ती कसको ? सरकार, ठेकेदार कम्पनी वा अन्य कुनै अदृश्य शक्तिको ? चाहे जे होस्, यो काम फास्ट ट्र्याकमा अगाडि बढाउन सम्बन्धित सबैको ध्यान जाओस्, विशेष गरेर सरकारले यसलाई उच्च प्राथमिकतामा राखोस्।

**Sunil Chamling**
**@soonilcmr73**

श्रमजीवी पत्रकारको पारिश्रमिक पुनरावलोकन हुने न्यूनतम पारिश्रमिक निर्धारण समितिका अध्यक्ष गंगाधर पराजुलीले बताउनुभएको छ।

# नेपाल

# गृहमन्त्रीबाट एपीएफ कमान्ड तथा स्टाफ कोर्ष समापन



**नेपाल समाचारपत्र**

काठमाडौं

गृहमन्त्री रामबहादुर थापाले सशस्त्र प्रहरी बल नेपाल कमान्ड तथा स्टाफ कलेज सानोगौचरण काठमाडौंमा सञ्चालित सि.सं. २ 'एपीएफ कमान्ड तथा स्टाफ कोर्ष' को समापन गर्नुभयो।

सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय हल्चोक स्वयम्भुमा आयोजित उक्त कोर्षको समापन तथा सो कलेजको तेस्रो वार्षिकोत्सव समारोहमा गृहमन्त्रीले कोर्षमा सहभागी अधिकृतमध्ये सर्वोत्कृष्ट हुन सफल सशस्त्र प्रहरी नायव उपरीक्षक टोपबहादुर डाँगीलाई 'बेस्ट कमान्ड एन्ड स्टाफ कोर्ष अवार्ड' प्रदान गर्नुभयो।

सो अवसरमा गृहमन्त्री थापाले सूक्ष्म अध्ययन तथा लामो मेहिनतपश्चात् हासिल गरेको ज्ञान र अनुभवले गतिशील विश्वमा देखापरेका विभिन्न आयाम एवं भोलिका दिनमा आउन सक्ने आन्तरिक तथा बाह्य सुरक्षा चुनौतीको सामना गर्दै देश र जनताको सेवा र सुरक्षामा विशिष्ट योगदान पुर्‍याउन टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो।

उहाँले समाजमा शान्ति सुरक्षा वहाल गर्न सकेमा मात्र विकास र समुन्नति सम्भव हुने बताउनुहुँदै विकासको मेरुदण्डको रूपमा रहेको सुरक्षाको माध्यमबाट मुलुकमा शान्ति र स्थिरता कायम गरी सुरक्षित र समुन्नत समाज निर्माण गर्ने कार्यमा तालिममा आर्जन गरेको ज्ञान एवं क्षमतालाई कार्यक्षेत्रमा पूर्णरूपमा कार्यान्वयन गर्न निर्देशन दिनुभयो।

सशस्त्र प्रहरी महानिरीक्षक सिंहबहादुर श्रेष्ठले धन्यवाद ज्ञापनको क्रममा संगठनमा विशिष्ट महत्त्व राख्ने 'एपीएफ कमान्ड तथा स्टाफ कोर्ष' गरेका सशस्त्र प्रहरी अधिकृतहरूले पदीय दायित्वलाई आत्मविश्वासका साथ पूरा गर्न सक्ने बताउनुहुँदै कोर्ष सञ्चालनका लागि गृह मन्त्रालय एवं त्रिभुवन विश्वविद्यालयबाट प्राप्त सहयोगप्रति आभार प्रकट गर्नुभयो।

कार्यक्रममा सशस्त्र प्रहरी बल कमान्ड तथा स्टाफ कलेज व्यवस्थापन समितिका अध्यक्ष सशस्त्र प्रहरी नायव महानिरीक्षक मन्दीप श्रेष्ठले स्वागत मन्तव्य तथा सो कोर्षको विविध पक्षमाथि प्रकाश पार्नुभएको थियो। सो अवसरमा सशस्त्र प्रहरी बल नेपाल कमान्ड तथा स्टाफ कलेज जर्नलको लोकार्पण तथा उक्त कलेजको वेबसाइटको शुभारम्भसमेत गरिएको छ।

गत सालको असोज १२ गतेबाट सञ्चालित सो कोर्षमा ७ जना सशस्त्र प्रहरी नायव उपरीक्षकले सफलता हासिल गरेका छन्। उक्त कोर्ष पूरा गर्ने सशस्त्र प्रहरी नायव उपरीक्षकमा ध्रुवबहादुर कार्की, उद्धवबहादुर न्यौपाने, मनोज थापा, रूपकुमार क्षत्री, टोपबहादुर डाँगी, धीरेन्द्रराज न्यौपाने र खुमबहादुर केसी रहेका छन्। सशस्त्र प्रहरी नायव उपरीक्षक डाँगीले 'बेस्ट कमान्ड एन्ड स्टाफ कोर्ष अवार्ड' सहित बेस्ट रिसर्च अवार्ड र बेस्ट एकेडेमिक अवार्डसमेत प्राप्त गर्न सफल भएका छन्।

तालिममा सहभागी अधिकृतहरूलाई स्टाफ ड्युटी, इन्टेलिजेन्स, द्वन्द्व व्यवस्थापन, सुरक्षा, विकास, शान्ति, मानव अधिकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवीय कानुन, नेतृत्व र व्यवस्थापन, राष्ट्रिय सुरक्षा रणनीति, नीति निर्माण तथा योजनालगायतका विविध विषयमा सम्बन्धित क्षेत्रका विज्ञहरूद्वारा प्रशिक्षण दिइएको कुरा त्यस अवसरमा जानकारी गराइएको थियो।

## न्यूनतम पारिश्रमिक पुनरावलोकन हुने

काठमाडौं, (नेस)

श्रमजीवी पत्रकारको पारिश्रमिक पुनरावलोकन हुने न्यूनतम पारिश्रमिक निर्धारण समितिका अध्यक्ष गंगाधर पराजुलीले बताउनुभएको छ।

नेपाल पत्रकार मञ्चको संयोजनमा समितिले श्रमजीवी पत्रकारसम्बन्धी ऐन कार्यान्वयनको अवस्था विषयमा आयोजना गरको अन्तरक्रिया कार्यक्रममा पराजुलीले यस्तो बताउनुभएको हो। उहाँले श्रमजीवी पत्रकारको निम्ति न्यूनतम पारिश्रमिक २०७३ साल श्रावणदेखि लागू भए तापनि पूर्णरूपमा यसको कार्यान्वयन हुन नसक्नु दुःखद पक्ष भएको बताउनुभयो। उहाँले भन्नुभयो- 'श्रमजीवी पत्रकारले अरूका बारेमा समाचार लेख्दै गर्दा आफ्ना बारेमा हुने गरेका ऐनको कार्यान्वयनका विषयमा गम्भीर भएर लाग्न सकिरहेका छैनन्।'

पराजुलीले नीति बन्दैमा समस्या समाधान हुने नभएकाले सञ्चारकर्मीलगायत यसका रसोकारवालाहरूले यसको कार्यान्वयका लागि सरकारलाई दबाब दिनुपर्ने बताउनुभयो।

कार्यक्रममा नेपाल पत्रकार मञ्चका अध्यक्ष एवं न्यूनतम पारिश्रमिक निर्धारण समितिका सदस्य युवराज विद्रोहीले श्रमजीवी पत्रकारलाई न्यूनतमरूपमा पारिश्रमिक दिन नसक्ने सञ्चारगृह बन्द गर्नुपर्ने धारणा राख्नुभयो।

उहाँले भन्नुभयो- 'यदि आफ्ना सञ्चारगृहमा कार्यरत सञ्चारमाध्यमले सरकारले तोकेको न्यूनतम पारिश्रमिक पनि प्रदान गर्न सक्दैन भने त्यस्ता सञ्चारगृह सञ्चालन गर्नुको कुनै अर्थ छैन।' कार्यक्रममा नेपाल पत्रकार महासंघ काठमाडौं जिल्ला शाखाका उपाध्यक्ष सूर्य सुवेदीले कुनै पनि श्रमजीवी पत्रकारले न्यूनतम रूपमा पारिश्रमिक प्राप्त गर्ने सन्दर्भमा समस्या आउनु भनेको राज्यको चौथो अंगको अपमान ठहरिने बताउनुभयो।

## दुर्घटनामा एकको मृत्यु

भक्तपुर, (नेस)। अरनिको राजमार्गअन्तर्गत भक्तपुरको ६ लेन सडकस्थित सल्लाघारीनजिक सुवर्णचोकमा भएको मोटरसाइकल दुर्घटनामा एक जनाको मृत्यु गएको छ।

गए राति भएको दुर्घटनामा परी काठमाडौंबाट जगातीतर्फ आउँदै गरेको बा९२प ४६४ नं को मोटरसाइकल चालक भक्तपुर नगरपालिका-५ सुकुलढोका घर भई हाल सूर्यविनायक दार्जिलिङ हाइट बस्ने वर्ष २४ का प्रमोद श्रेष्ठको उपचारमा क्रम मृत्यु भएको हो। सोही दिशाबाट आउँदै गरेको अर्को बा६१प ४१५ नम्बरको मोटरसाइकलसँग एक-आपसमा ठक्कर खाँदा उक्त दुर्घटना भएको महानगरीय प्रहरी परिसर भक्तपुरका सूचना अधिकृत प्रहरी नायव उपरीक्षक कृष्ण प्रसाईंले बताउनुभयो।

## पाकिस्तानी प्रधानमन्त्रीको नेपाल भ्रमण सद्भावपूर्ण

काठमाडौं, (नेस)

नेकपा एमालेका नेता एवं परराष्ट्रविद् डा. राजन भट्टराईले इस्लामिक गणतन्त्र पाकिस्तानका प्रधानमन्त्री सहिद खकान अब्बासीको आजबाट हुने नेपालको औपचारिक भ्रमण सद्भावपूर्ण भ्रमण हुने स्पष्ट पारेका छन्।

उनले प्रधानमन्त्री अब्बासीको नेपाल भ्रमणमा ठूलो र विशेष एजेन्डा नभएको पनि जिकिर गरे। डा. भट्टराईले अघि थपे- 'उहाँको स्वागतका लागि हाम्रा प्रधानमन्त्रीले डिनर आयोजना गर्नुहुन्छ, भोलि अपराहनमा आएर पर्सि बिहानै उहाँ स्वदेश फर्किने कार्यक्रम रहेको छ।'

पाकिस्तानी प्रधानमन्त्री आब्बासीको नेपाल भ्रमणमा सार्कलाई सामूहिकरूपमा कसरी अघि बढाउन सकिन्छ भन्नेमा पनि छलफल हुने उनको संकेत थियो। पूर्वराजदूत एवं राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा. शंकर शर्माले ओभरल फोरेन पोलिसीको कन्टेक्स्ट एसियसन सेन्चुरीमा फोकस भएकाले नेपालले पनि छिमेकी पहिलो भन्ने नीति अपाउनुपर्नेमा जोड दिए।

पाकिस्तानसँग नेपालको कुल व्यापार ३ मिलियन अमेरिकी डलर रहेकोमा त्योमध्ये २.७ मिलियन यूएस डलर पाकिस्तानले नेपाल निर्यात गर्ने र ०.३ अमेरिकी डलर मात्रै नेपालले पाकिस्तान निर्यात हुने गरेको बताए। त्यस्तै पूर्वराजदूत हिरण्यलाल श्रेष्ठले पाकिस्तानी प्रधानमन्त्री अब्बासीको नेपाल भ्रमण दुवै देशले चाहेर हुन लागेको स्पष्ट पारेका छन्। श्रेष्ठले भने- 'प्रधानमन्त्री केपी शर्मा ओलीकै चाहनामा उहाँ नेपाल भ्रमणमा आउन लाग्नुभएको हो।'

## सिरियल किलरलाई नेपाल ल्याइयो



**नेपाल समाचारपत्र**

काठमाडौं

सिरियल किलर सकिल हुसेन मियाँलाई कतारमा पक्राउ गरी नेपाल ल्याइएको छ। विभिन्न ७ व्यक्तिको हत्यामा संलग्न सकिल २०६४ सालदेखि फरार थिए।

उनलाई अन्तर्राष्ट्रिय प्रहरी संगठन (इन्टरपोल) को कतार शाखाले पक्राउ गरी इन्टरपोल नेपालको जिम्मा लगाएको हो। र, आइतबार उनलाई नेपाल ल्याइएको छ।

हुसेनलाई आइतबार नै अदालतमा पेस गरिएको छ। प्रहरीको मोस्ट वान्टेड सूचीमा रहेका सकिल टिकुलिया-७ सप्तरीका हुन्। उनले आफ्नै ससुरा र सासूको समेत हत्या गरेका थिए।

सकिलको अपराधकर्म २०६४ सालदेखि शुरू भएको हो। उनीमाथि सप्तरीको मलनियाँका आरुल मियाँ र पाण्डव पासवनको हत्या गरेको आरोप लागेको थियो। २०६८ सालमा उनी पक्राउ पनि परे। यद्यपि, आरोप पुष्टि भएन। त्यस्तै, २०७२ सालमा सप्तरीको पटेरवा-१ को दिहुल खोलानजिक आरुल मियाँ र पाण्डव पासवान शव भेटियो। शवको टाउको र हात काटेर गाडिएको थियो। यस घटनामा पनि सकिलको संलग्नता रहेको प्रहरीको भनाइ छ।

हुसेनलाई इन्टरपोल नेपालको समन्वयमा कतारबाट पक्राउ गरी इन्टरपोल कतारबाट खटिई आएका प्रहरी अधिकृतको साथ आइतबार नेपाल ल्याइएको हो। हुसेनलाई नेपाल प्रहरीको अनुरोधमा इन्टरपोल सचिवालयबाट सन् २०१५ जुन २२ मा रेडक्रनर नोटिस जारी भएको थियो। हुसेनलाई फैसला कार्यान्वयनका लागि काठमाडौं जिल्ला अदालतमा पेस गरिएको छ।

## ११ जुवाडे पक्राउ

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिका-२६ मित्रनगरस्थित मध्यनेपाल यातायात समितिको पेरिली टिकट काउन्टरभित्र जुवातास खेलिरहेको अवस्थामा काठमाडौं माछापोखरी बस्ने झापाका लीला खतिवडासमेत गरी ११ जनालाई ११ बुक तास र नगद ५१ हजार ४५ रुपियाँसहित शनिबार प्रहरीले पक्राउ गरेको छ।

## सगरमाथा जाने महिला पत्रकारले प्रचण्डलाई भेटे

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाली मिडियामा कार्यरत ५ जना महिला पत्रकारले विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहणका लागि आवश्यक सहयोगको पहल गरिदिन अध्यक्ष प्रचण्डसमक्ष अनुरोध गरेका छन्।

अध्यक्ष प्रचण्डको निवास खुमलटार पुगेर महिला युवा पत्रकारले सगरमाथा आरोहणको इतिहासमा नै नयाँ कीर्तिमान राख्ने किसिमले आरोहण गर्न लागेको बताउँदै सरकार र पार्टीका तर्फबाट आवश्यक सहयोगका लागि अध्यक्ष समक्ष अनुरोध गरेका थिए।

'फर्स्ट ओमेन जर्नालिस्टस एभरेस्ट एक्सपेडिसन २०१८' अभियानअन्तर्गत आउँदो अप्रिलमा सगरमाथा आरोहणको तयारीमा रहेको महिला पत्रकारको समूहले सरकारबाट रोयल्टी छुटदेखि अन्य सहयोगका लागि अनुरोध गरेको थियो। नेपाल टेलिभिजनमा कार्यरत रोजिता बुद्धाचार्यको नेतृत्वमा गएको टोलीले अध्यक्ष प्रचण्डसमक्ष यो आरोहणका समूहगतरूपमा महिला पत्रकारहरूले आरोहण गर्न लागेको पहिलो घटना हुने र दिगो विकासको झण्डा सगरमाथामा फहर्‍याउनेसमेत बताएका थिए।

अध्यक्ष प्रचण्डले युवा पत्रकारिता पेसामा संलग्न युवा महिला पत्रकारको सगरमाथा आरोहणबाट महिलाको सशक्तीकरणदेखि अन्य क्षेत्रमा समेत ऊर्जा प्रवाह गर्ने बताउनुभयो। अध्यक्ष प्रचण्डले युवा उमेरमा सगरमाथाको आरोहण जस्तो चुनौतीपूर्ण काम गर्न खोजेकोमा अग्रिम बधाई दिनुहुँदै सरकार र पार्टीका तर्फबाट आवश्यक सहयोगका लागि पहल गर्ने आश्वासन दिनुभएको थियो।

## गाई मारेर गिद्ध संरक्षण गरिएको भन्दै आपत्ति

काठमाडौं, (नेस)

जगत्‌गुरु पीठ नेपालले गौ रक्षाका लागि सबैलाई संवेदनशील बन्न आग्रह गरेको छ। जगत्‌गुरु नेपाल सञ्चार केन्द्रले पत्रकार सम्मेलन गरेर यस्तो आग्रह गरेको हो।

नेपालको एकमात्र आधिकारिक ऐतिहासिक जगत्‌गुरु अनन्त विभूषित बालसन्त मोहनशरण देवाचार्य महाराजले प्रदेश नम्बर ७ का कैलाली र कञ्चनपुरका विभिन्न जंगलमा राष्ट्रिय जनावर गाईको निर्ममतापूर्वक हत्या गरिएको भन्दै गौ रक्षार्थ संवेदनशील बन्न आग्रह गरे।

उनले भने- 'म महाकालीको यात्रामा थिएँ, कैलाली र कञ्चनपुरका जंगलमा गाईका लागि बन्दीगृह बनाइएको छ, जहाँ पशुलाई खानेकुरा छैन, सुख्खा स्थानमा बन्दीगृह बनाएर राखिएको छ, दूध दिँदासम्म दुहेर खाने दूध दिन छोडेको खण्डमा सडकमा लगेर छोड्ने गरेको पाइयो। नेपालीहरू पछिल्लो समयमा यति कठोर कसरी बन्न सकेका होलान् ?'


सिनेमा कर्नर










अग्नि यातायात प्रा. लि.
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३


## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : द्रव्य लाभ, विजय, खेल-परीक्षा आदिमा सफलता, समस्या समाधान।
वृष : कार्यसिद्धि, सन्तान-सुख, धन प्राप्ति, प्रतिस्पर्धात्मक कार्यमा सफलता।
मिथुन : बिहान समस्या, त्यसपछि भने कार्यसिद्धि, सन्तानसुख, आर्थिक लाभ।
कर्कट : बिहान लाभ, प्रगति, त्यसपछि भने अपच, दौडधुप, विवाद, तनाव।
सिंह : धनलाभ, सुख-सन्तोष, उपलब्धिमूलक लगानी, उन्नति-प्रगति हुनेछ।
कन्या : उपहार, कोसेली, पुरस्कार आदि प्राप्ति, उत्तम भोजन, कार्य सफल।
तुला : बिहान अस्वस्थता तर त्यसपछि धन, उपहार, उत्तम भोजन।
वृश्चिक : बिहान लाभ तर त्यसपछि अस्वस्थता, दुर्घटनाको भय, तनाव।
धनु : सन्तोष, कार्यसिद्धि, स्वस्थता, लाभ, मिष्ठान्न भोजन, द्रव्य प्राप्ति।
मकर : राज्य-सुख, सफलता, यश-ऐश्वर्य वृद्धि, कार्यसिद्धि, निरोगिता।
कुम्भ : बिहान बाधा, त्यसपछिको समयमा राज्य-सुख, सफलता, वृद्धि।
मीन : बिहान साम्रो समय छ भने त्यसपछि रोगको भय, कार्य बाधा।

# प्रदेश ३




विगतमा शिक्षक रहनुभएका पौडेललाई हेटौंडाबाट तत्कालीन सरकारले २०४२ सालमा नुवाकोट सरुवा गरेपछि शिक्षण पेसा त्यागेर राजनीतिमा होमिनुभएको थियो। त्यो बेलाको सरकारले यहाँ सरुवा नगरेको भए आफू अहिलेको हैंसियमा आउन संभव नभएको भन्दै उहाँले विगत सम्झनुभएको हो।

# नुवाकोटले मलाई मुख्यमन्त्री बनायो : मुख्यमन्त्री पौडेल

**नेपाल समाचारपत्र**

नुवाकोट

प्रदेश नं ३ का मुख्यमन्त्री डोरमणि पौडेलले आफूलाई नुवाकोट जिल्लाले नै मुख्यमन्त्री बनाएको बताउनुभएको छ। नुवाकोटको खड्गभञ्ज्याङको प्रगतिशील माध्यामिक विद्यालयको हिरक जयन्ती समारोहलाई सम्बोधन गर्दै उहाँले यस्तो बताउनुभएको हो।

विगतमा शिक्षक रहनुभएका पौडेललाई हेटौंडाबाट तत्कालीन सरकारले २०४२ सालमा नुवाकोट सरुवा गरेपछि शिक्षण पेसा त्यागेर राजनीतिमा होमिनुभएको थियो। त्यो बेलाको सरकारले यहाँ सरुवा नगरेको भए आफू अहिलेको हैंसियमा आउन संभव नभएको भन्दै उहाँले विगत सम्झनुभएको हो।



आफू शिक्षा क्षेत्रको समस्या बुझेको भन्दै अब आएर शिक्षा नीतिलाई मात्र दोष दिन नहुने उहाँले बताउनुभयो।

प्रदेश सरकार बनेको केही समय भए पनि मुख्यमन्त्री पौडेलले कर्मचारीको अभावमा काम गर्न नसकिरहेको बताउनुभयो। मुख्यमन्त्री पौडेलले आफूहरू तलबभत्ता र सम्मान लिन नआएको दाबी गर्दै आफूहरू काम गर्न आएको बताउनुभयो। त्यस्तै कार्यक्रममा सम्वोधन गर्दै विदुर नगरपालिकाका मेयर सञ्जु पण्डितले विद्यालयमा दरबन्दीअनुसार शिक्षक राख्ने भन्दै विद्यार्थी नभएको विद्यालय मर्ज हुने बताउनुभयो। सामुदायिक विद्यालयमा रहेका शिक्षक दक्ष रहेको बताउँदै उहाँले शिक्षकहरूमा लगनशीलता र विषयगत जिम्मेवारको खाँचो रहेको बताउनुभयो।

विद्यालयका सहायक प्रध्यानाअध्यापक मधुसूदन नेपालले सबैको सहयोगमा विद्यालय स्थापना भएको बताउँदै स्मरण गर्दै गाउँको मकै, कोदो र धान बेचेर तत्कालीन अवस्थामा शिक्षकरुलाई तलब दिएर विद्यालय सुचारु गरिएको बताउनुभयो। २ वर्षअघिको महाभूकम्पले विद्यालयको भवन ध्वस्त भएपछि रुम टु रिड नामक संस्थाले भवन पुनर्निर्माण गरेको छ। विद्यालयले अहिले पक्की भवनमार्फत कक्षा १२ सम्म अध्यापन गराइरहेको छ। विद्यालयमा ३ सय ७५ विद्यार्थी अध्ययनरत छन्। २०१४ सालमा स्थापना भएको विद्यालयको हिरक जयन्तीमा विद्यालयको शैक्षिक विकासमा सहयोग पुऱ्याउने विभिन्न व्यक्तिहरू तथा पूर्वविद्यार्थीलाई समेत सम्मान गरिएको छ।

# स्थानीय कानुन बनाउन त्रिपक्षीय सम्झौता

**मोतीराम तिमल्सिना, काभ्रे**

नमुना कानुन निर्माण एवम् सुशासनका लागि काठमाडौं विश्वविद्यालय स्कुल अफ ल, धुलिखेल नगरपालिका र नेपाल नगरपालिका संघका बीच १२ बुँदे सहमतिमा हस्ताक्षर भएको छ।

नगरपालिकाका तर्फबाट नगरप्रमुख अशोककुमार ब्याञ्जु श्रेष्ठ, नगरपालिका संघका तर्फबाट कार्यकारी सचिव कलानिधि देवकोटा र काठमाडौं विश्वविद्यालयका तर्फबाट डिन डा. विपीन अधिकारीले आइतबार हस्ताक्षर गर्नुभएको हो। सम्झौताअनुसार स्कुल अफ लले स्थानीय कानुन निर्माण एवं सम्बन्धन सम्बन्धी विषयवस्तुमा स्थानीय सरकारलाई सहयोग उपलब्ध गराउने छ।

नगर क्षेत्रका जनतालाई स्वायत्त शासन र विकास कार्यमा संलग्न गराउन, नगर क्षेत्रको विकास निर्माण, सेवा सुविधा, स्थानीय स्तरमा नै उपलब्ध गराउने समेतका उद्देश्य लिएर यस्तो सम्झौता गरिएको हो। तीनवटै



निकायले तयार गर्ने कानुनसम्बन्धी स्थानीय नगर सरकारहरूले समेत प्रयोग गर्न सक्नेछन्। यसरी तयार गरिने कानुन धुलिखेलको नगरसभा कार्यसञ्चालन नियमावली २०७४ लाई आवश्यक परिमार्जनसहित अपनाउन आगामी नगरसभामा प्रस्तुत गर्नेछ।

सम्झौतामा काठमाडौं विश्वविद्यालय स्कुल अफ लका विद्यार्थीहरूलाई क्लिनिकल लिगल एडुकेससन विषयअर्न्तगत धुलिखेल नगरपालिकाको न्यायिक समिति तथा आवश्यकताअनुसार नेपाल नगरपालिका संघमा विद्यार्थीलाई 'इर्न्टन'का रूपमा खटाउन सकिने बताइएको छ। उक्त सम्झौता जनप्रतिनिधि रहँदासम्म कायम रहनेछ।

# प्रभावकारी बन्दै दुर्घटना हटलाइन सेवा

हेटौंडा, (नेस)

मुलुकभरका यातायात व्यवसायीको हेटौंडामा रहेको सबभन्दा ठूलो साझा संस्था नारायणी यातायात व्यवसायी संघले शुरु गरेको दुर्घटना हटलाइन सेवा प्रभावकारी बनेको छ।

२०६४ देखि शुरु हटलाइन सेवामा दैनिक २० वटा दुर्घटनाका फोन आउने गरेको हटलाइन सेवामा कार्यरत् कर्मचारी चुडामणि रुपाखेतीले बताउनुभयो। वार्षिक रुपमा सेवामा १० हजार दुर्घटनाका टेलिफोन आउने गरेको बताइएको छ।

हटलाइन सेवामा नारायणी यातायात व्यवसायी संघआबद्ध ट्रक, ट्यांकर, ट्रिपर, कन्टेनर, बस, सुमो, माइक्रोजस्ता सवारीसाधन दुर्घटना भए ०५७-५२०६७० मा फोन गर्न सकिन्छ। यो सेवा सजिलो, भरपर्दो र प्रभावकारी भएको संघ अध्यक्ष हीरालाल श्रेष्ठले बताउनुभयो।

उहाँले भन्नुभयो- 'यो सेवा शुरु गरेदेखि छिटोछरितो तरिकाले दुर्घटनामा परेकाको उद्धार गर्न सहज भएको छ।' हटलाइन सेवा शुरु भएको १० वर्षको अवधिमा तत्काल उद्धार र जनसम्पर्क बढाउन भूमिका खेलेको संघ महासचिव सरोज खनालले बताउनुभयो। दुर्घटना हटलाइन सेवा बिहान ६ बजेदेखि साँझ साढे ७ बजेसम्म सुचारु रहेछ। राति दुर्घटना भए पधाधिकारीकै सम्पर्कमा रहने र पदाधिकारीले तत्काल जनसम्पर्क बढाएर सेवा पुऱ्याउने गरेको बताइएको छ। दुर्घटना हटलाइन समयमै सम्बन्धित ठाउँमा जानकारी गराउने प्रभावकारी माध्यम बनेको संघ दुर्घटनाको धन क्षति हेर्ने सचिव शालिकराम ढकालले बताउनुभयो।

उहाँले भन्नुभयो- 'हटलाइन आफैंमा काम गर्ने माध्यम हो।' पछिल्लो समय धनक्षतिलाई सहज तरिकाले बितरण गर्न काठमाडौं शाखाबाट भुक्तानी लिन सकिने सेवा शुरु गरेको ढकालले बताउनुभयो। संघको जनक्षति हेर्ने सचिव ठाकुरनाथ सुबेदीले हटलाइनको प्रभावकारिताले अकालमा ज्यान जानबाट बचाउन प्रभावकारी रहेको बताउनुभयो।

पछिल्लो समय बेनीघाटमा सम्पर्क कार्यालय स्थापना गरिएको र संघले देशभर २५ वटा अस्पतालसँग सहकार्य गरेको उहाँले जानकारी दिनुभयो। यसले दुर्घटनामा परेकाको उपचार सहज भएको छ। संघमा करिब १० हजार सवारीसाधन आवद्ध छन्।

# जोखिम अवस्थाको तथ्यांक लिइने

हेटौंडा, (नेस)

बकैया गाउँपालिकाको जोखिमको अवस्थाको तथ्यांक लिइने भएको छ। हरेक क्षेत्रको जोखिम न्यूनीकरणका लागि आवश्यक योजना तर्जुमाका लागि बालकल्याण समाज मकवानपुरले मर्सिकोर नेपालको सहयोगमा तथ्यांक संकलन गर्न लागेको हो।

तथ्यांक लिन बकैयाका १२ वटै वडाका लागि फिल्ड सहजकर्ता तयार पारिएको छ। जोखिमको अवस्थाबारे तथ्यांक संकलनका लागि २१ जना सहजकर्ता छनोट गरी स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनासम्बन्धी ३ दिने तालिम दिइएको छ।

गाउँपालिका र नेपाल रेडक्रस सोसाइटी छतिवन उपशाखासँगको समन्वयमा समाजले मर्सिकार नेपालको सहयोगमा सहजकर्तालाई तालिम प्रदान गरेको हो। हेटौंडामा ३ दिन सञ्चालित तालिमका सहभागी आफ्नो कार्यक्षेत्र फर्किएर जोखिम अवस्थाका विषयमा तथ्यांक संकलन गर्नेछन्।

'तालिमप्राप्त सहजकर्ता गाउँपालिकाका वडा/वडा पुगेर हरेक क्षेत्रमा रहेको जोखिमको अवस्था संकलन गर्नेछन्,' समाजले सञ्चालन गरेको भूकम्पीय पुनर्लाभ कार्यक्रम परियोजना अधिकृत रामप्रसाद दाहालले भन्नुभयो- 'जोखिमताको अवस्था पत्ता लगाएपछि जोखिम न्यूनीकरणका लागि आवश्यक योजना तयार पार्न सघाउ पुग्नेछ।' परियोजना अधिकृत दाहालका अनुसार तथ्यांक संकलनबाट गाउँपालिकाको जोखिमको अवस्थाबारे जानकारी हुनुका साथै जोखिम व्यवस्थापनका लागि आवश्यक योजना निर्माणका लागि सहयोग पुग्नेछ।

# सुकुटीसहित दुई पक्राउ

नुवाकोट, (नेस)

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) र जिल्ला प्रहरी नुवाकोटले ३ हुचिल र सालकको सुकेका मासु (सुकुटी)सहित २ जनालाई नियन्त्रणमा लिएको छ।



बेलकोटगढी नगरपालिका रातमाटेका कृष्णलाल श्रेष्ठ र तार्केश्वर गाँउपालिकाका बलराम श्रेष्ठ पक्राउ परेका नुवाकोट प्रहरी प्रमुख बसन्त कुँवरले जानकारी दिनुभयो। उनीहरूले विगत लामो समयदेखि वन्यजन्तुको ओसारपसार गर्दै आएको जानकारी पाएपछि प्रहरीले अनुगमन गरेर पक्राउ गरेको उहाँले बताउनुभयो।

श्रेष्ठद्वयलाई सीआईबी प्रहरी आफैं ग्राहक बनेर पछ्याउने क्रममा शनिबार हुचिल र सालकको सुकेका मासुका टुक्रासहित नियन्त्रणमा लिएको हो। हुचिल र सालक लोपोन्मुख वन्यजन्तुको सूचिमा सूचिकृत भएकाले पक्राउ परेकालाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु ऐनअनुसार कारबाहीका लागि प्रहरीले जिल्ला वन कार्यालयमा बुझाइने बताइएको छ।

# बकैयामा महोत्सव शुरू

हेटौंडा, (नेस)

बकैया गाउँपालिकामा महोत्सव शुरु भएको छ। महोत्सवको ३ नम्बर प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलले उद्घाटन गर्नुभएको छ।

बुद्ध युवा क्लब हात्तीसुँडे र सहयात्री बचत तथा ऋण सहकारी संस्थाको आयोजनामा भएको महोत्सव उद्घाटन समारोहमा आन्तरिक मामिला तथा कानुन मन्त्री शालिकराम जमरकट्टेलसहित सांसद तथा पार्टीका नेताहरूको उपस्थिति थियो। महोत्सवमा मुख्यमन्त्री पौडेललाई नागरिक अभिनन्दन गरिएको थियो।

करिब १ लाखले अवलोकन गर्ने लक्ष्य राखिएको महोत्सव सफल बनाउन स्थानीय तहबाट ठूलो सहयोग प्राप्त गरेको संयोजक विजय थिङले बताउनुभयो। महोत्सवमा १ सय ५० स्टल रहेका आयोजकले जनाएको छ। उद्घाटनका क्रममा जिल्लाको पूर्वी भेगको पत्रकारिता क्षेत्रमा क्रियाशील धर्मेन्द्र दाहाललाई प्रथम बकैया पत्रकारिता पुरस्कारले सम्मान गरिएको थियो।

# जिरीमा ट्युमरको जटिल शल्यक्रिया



**चिरञ्जीवी मास्के, दोलखा**

दोलखाको जिरी नगरपालिकामा रहेको जिरी अस्पतालले आर्थिक अभावमा उपचार गराउन नसकेको एक महिलाको थाईमा रहेको ट्युमरको जटिल शल्यक्रिया गरेको छ।

जिरी नगरपालिका-३ माली घर भएकी ६५ वर्षीय पेमा डोमा शेर्पाको तिघ्रामा रहेको ट्युमरको शल्यक्रिया गरिएको हो। ४५ वर्षको उमेरदेखि थाईमा रहेको ट्युमरबाट पीडित बन्नुभएको थियो। अप्रेसनपछि आफूले ठूलो पीडाबाट मुक्ति पाएको शेर्पाले बताउनुभयो। उहाँको तिघ्रामा रहेको ५ केजीको ट्युमरको अपसन अस्पतालका डाक्टर निशान्त ढकालसहितको टोलीले गरेको हो। शल्यक्रिया सफल भएपछि निकै खुसी देखिनुभएकी शेर्पाले अब भने सजिलै हिँडडुल गर्न सक्ने बताउनुभयो। उहाँका छोरा पेम्बा शेर्पाले आमाले विगत २० वर्षदेखि ट्युमरको पीडा खेपिरहनुपरेको भए पनि आर्थिक अभावमा काठमाडौं लगेर उपचार गर्न नसकेको गुनासो गर्नुभयो। घरनजिकैको अस्पतालमा सहुलियत रुपमा अप्रेसन भएकाले आफूलाई सहज भएको उहाँले बताउनुभयो।

शेर्पाको आर्थिक अवस्था कमजोर रहेकाले काठमाडौं लगेर उपचार गर्ने अवस्था नदेखिएपछि बिरामीका आफन्तसँगको सरसल्लाहमा हेमोग्लोविनको मात्रा ६ मात्र हुँदा पनि अप्रेसन गरिएको डाक्टर निशान्त ढकालले बताउनुभयो। जिरीमा ब्लड बैङ्कसमेत नभएकाले अस्पतालका कर्मचारी उत्तम पोखरेलले शेर्पालाई रगत दिनुभएको थियो।

**National Sports Council**

**Invitation for Online Bids**

**Contract Identification No: NCB/Works/Nepalgunj-Field/07/74/75**
**Name of Project: Construction of Football Field at Nepalgunj Stadium, Banke**
**Date of publication: 21 Falgun, 2074 (05 March, 2018)**
**Work completion date: 6 month from the date of Agreement**
**Source of Fund: Government of Nepal**

1. **National Sports Council [NSC]** invites electronic online bids from eligible bidders for the construction of **Construction of Football Field at Nepalgunj Stadium, Banke** under National Competitive- Single Stage Two Envelope bidding procedures.
   Only eligible bidders with the following **Construction Experience** should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: **NRs.13,00,00,000.00**
   - Minimum Work experience of similar size and nature: at least one **Natural turf cricket field minimum 68 yard or Natural turf football field minimum 65 x100 m** construction contract that have been successfully or are substantially completed within the last ten (10) years.
2. Eligible Bidders may visit PPMO e-GP II system **www.bolpatra.gov.np/egp** to obtain further information and inspect the Bidding Document.
3. Bidder may download the bidding documents for e-submission from PPMO's e-GP II system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document **NRs. 10,000.00 (Ten thousand only)** in the account as specified below and the scanned copy of the Bank deposit voucher shall be uploaded at the time of bid submission.
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank:** Agriculture Development Bank
   **Name of Office:** National Sports Council, Tripureshwor, Kathmandu
   **Account no.:** 0210600199238019
4. Pre-bid meeting shall be held at National Sports Council, Tripureshwor,Kathmandu at **26 March, 2018 (12, Chaitra, 2074) at 12:00 Noon.**
5. Electronic bids must be submitted through PPMO's e-GP II system www.bolpatra.gov.np/egp on or before **12:00 hour** on **05 April, 2018 (22 Chaitra, 2074).**
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 hour** on **05 April, 2018 (22 Chaitra, 2074)** at the office of the **National Sports Council, Tripureshwor, Kathmandu.** Bids must be valid for a period of 120 after bid opening and must be accompanied by scanned copy of the bid security in pdf format amounting to a minimum of **NRs.22,00,000.00,** which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of submission and opening falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

२०७४, फागुन
सोमबार
२१

मेलौली क्षेत्र विस २०३२ सालभन्दा अघि डडेल्धुरामा रहेकाले राजस्व बुझाउन पनि उतै जानुपर्ने बाध्यता रहेको मेलौली नगरपालिका-८, का वडा सदस्य प्रेमसिंह विष्टले बताउनुभयो।



## संक्षेप समाचार

### एकैसाथ दुई सम्मेलन

खोटाङ, (नेस)

किरात राई विद्यार्थी संघ र किरात राई साँस्कृतिक कलाकार संघको जिल्ला सम्मेलन खोटाङमा एकै साथ सम्पन्न गर्ने तयारी गरिएको छ। राई विद्यार्थीको सातौं र साँस्कृतिक कलाकार संघको तेस्रो जिल्ला सम्मेलन भव्य रूपमा सम्पन्न गर्ने तयारी गरिएको हो।

दुवै सम्मेलन आगामी चैत्र २४ गते सम्पन्न गर्ने तयारी गरिएको हो। किरात राई योयाक्खाको भ्रातृसंस्थाका रूपमा स्थापित २ संस्थाको दिक्तेल बजारमा शनिबार बसेको संयुक्त भेलाले सम्मेलनको मिति तय गरेको हो। विद्यार्थीतर्फ जिल्ला अध्यक्ष सुशिला राई र कलाकारतर्फ उपाध्यक्ष प्रेमिला राईको संयोजकत्वमा सम्मेलन आयोजक समिति गठन गरिएको छ।

### घाइते सार्कीको मृत्यु

खोटाङ, (नेस)

खोटाङको रावावेशी गाँउपालिका-३ लामिडाडाँस्थित आफ्नै घरमा भएको आगलागीमा परी घाईते भएकी रत्नमायाँ सार्कीको मृत्यु भएको छ। यही फागुन ९ गते गम्भिर घाईते भएकी सार्कीलाई तत्कालै उपचारका लागि काठमाडौं लगिएको थियो।

तर उपचार सम्भव नभएपछि घर फर्काउने क्रममा शनिबार उनको मृत्यु भएको हो। सार्कीको घाँटी र कम्मर मुनीको भाग अत्याधिक जलेपछि उपचारका लागि कीर्तिपुर अस्पताल काठमाडौंमा राखिएको थियो। उपचारपछि घर फर्कने क्रममा हलेंसी तुवाचुङ नगरपालिका ३ च्यास्मिटारमा उनको मृत्यु भएको आफन्तले जनाएका छन्।

जलेर थलिएकी रत्नमायाको ११ दिनसम्म उपचार गर्दासमेत बिरामीलाई बचाउन नसकिएको भतिजा एकराज सार्कीले बताउनुभयो। उपचारमा सुधार नआएपछि घाइते रत्नमायाले हातको इसारामा घर लान आग्रह गरेपछि घर फर्काइएको थियो। ५० वर्षीया सार्कीलाई उपचारका लागि स्थानीयले १ लाख ७० हजार जुटाएपछि हेलिकोप्टरमार्फत काठमाडौं पठाइएको थियो।

काठ चिर्ने मेसिनमा पेट्रोल हाल्ने क्रममा नजिकै केटाकेटीले लाइटर बाल्दा आगलागी भएको थियो। सो क्रममा धनबहादुर सार्कीको घर, गरगहना, नगद, अन्नपात, लत्ताकपडासहित १२ लाखबराबरको क्षति भएको प्रहरीले जनाएको छ। मृतक सार्कीका श्रीमान् ५ छोरा र २ छोरी रहेका छन्।

### विपन्न परिवारलाई सहयोग

पाल्पा, (नेस)

माथागढी गाउँपालिकाले विपन्न परिवारलाई स्वास्थ्य बिमा अभिमुखीकरण र जस्तापाता बितरण गरेको छ। गाउँपालिकाले वडा ७ रहवासका स्थानीयलाई यस्तो सहयोग गरेको हो।

अभिमुखीकणसँगै गाउँपालिकाले वडा ७ का ८० विपन्न घरपरिवारलाई २५ सयका दरले स्वास्थ्य बिमा गरिदिएको छ। विपन्न परिवारका लागि राहत पुग्ने गरी स्वास्थ्य बिमा गरिदिएको गाउँपालिकाले जनाएको छ। अभिमुखीकरण कार्यक्रममा गाउँपालिकाका अध्यक्ष सन्तोष थापाले विपन्न परिवारका लागि बिमा कार्यक्रमले केही राहत मिल्ने बताउनुभयो। गाउँपालिकाका ८ सय विपन्न घरपरिवारलाई स्वास्थ्य बिमा गर्ने गरी कार्यक्रम अगाडि बढेको अध्यक्ष थापाले जानकारी दिनुभयो। खरको छानोरहित गाउँपालिका बनाउने उद्देश्यले ८ घर परिवारलाई २० हजारबराबरका दरले जस्तापाता बितरण गरेको छ।

### प्रदेश १ ले आफ्नै क्यालेन्डर बनाउने

विराटनगर, (नेस)

प्रदेश नं. १ को सरकारले चालू आर्थिक वर्षका लागि चैत १५ गते पेश्की बजेट सार्वजनिक गर्ने भएको छ। आइतबार बसेको मन्त्रिपरिषद्को बैठकले चालु आर्थिक वर्षका लागि बजेटको तयारी गर्ने निर्णय गरेको हो।

बजेट तयारी गर्न बैठकले आर्थिक मामिला तथा योजना मन्त्रालयलाई जिम्मा दिएको छ। आगामी असारसम्मका लागि प्रदेश सरकारले बजेट ल्याउने भएको हो। आगामी आर्थिक वर्षका लागि भने प्रदेश सरकारले असार १ गते बजेट ल्याउने संवैधानिक प्रावधान छ। साथै सरकारले आगामी सय दिनमा गर्ने कामको सूची भोलि मंगलबार सार्वजनिक गर्दै छ।

प्रदेशभरि लागू हुने गरी सार्वजनिक बिदाको यकिन गर्न आन्तरिक क्यालेन्डर निर्माण तयार गर्न आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिवको संयोजकत्वमा समिति गठन गरिएको छ। सो समितिमा मन्त्रीपरिषद् कार्यालयका उपसचिव, सामाजिक विकास मन्त्रालयका उपसचिव र एक पञ्चांग विज्ञ रहनेछन्।

# एक सय जनालाई रथारोहणसहित सम्मान गरिंदै

टंकराज अधिकारी, पोखरा

राज्यका विभिन्न क्षेत्रमा विशेष योगदान पुऱ्याउने एक सय जना व्यक्तिलाई पोखरामा नागरिक अभिनन्दन तथा रथारोहणसहित विशेष सम्मान गरिने भएको छ।

लायन्स अन्तर्राष्ट्रिय स्थापनाको सय वर्षको अवसरमा आयोजना हुने विशेष कार्यक्रमका बीच यही शनिबार १ सय जनालाई सम्मान गरिने भएको हो। 'हाम्रो गौरव राष्ट्रिय सान, १०० वर्षमा १०० जना सम्मान' नाराका साथ लायन्स स्थापनाको शतवार्षिकी कार्यक्रमको तयारी अघि बढाइएको छ।

राष्ट्रपति विद्यादेवी भण्डारीको प्रमुख आतिथ्यतामा सबै क्षेत्रलाई प्रतिनिधत्व गर्ने व्यक्तिहरूलाई सम्मान गरिने लायन्स क्लब इन्टरनेसनल डिस्ट्रिक्ट ३२५ बी १ नेपालका डिस्ट्रिक्ट गभर्नर धनराज आचार्यले जानकारी दिनुभयो। उहाँले भन्नुभयो- राजनीतिभन्दा सामाजिक सेवामा छुट्टै पहिचानका बनाएको लायन्सले यस वर्ष आफ्नो स्थापनाको शताब्दीऔं वर्ष मनाइरहेका छौं, समाजमा विशेष्ट योगदान पुऱ्याएका व्यक्तित्वहरूलाई सम्मान गर्ने तयारी गरेका छौं।'

सम्मानित हुने सबैलाई विशेष अभिनन्दनसहित रथारोहणसमेत गराइने बताइएको छ। विशेष कार्यक्रममा मुलुकभरबाट २५ हजारभन्दा बढीको उपस्थिति रहने गभर्नर आचार्यले बताउनुभयो। नेपालमा लायन्सलाई फरक धारबाट 'ब्रान्डिङ' गर्ने लक्ष्यसहित आचार्यकै अगुवाइमा 'पढाऔं अभियान' कार्यक्रम अगाडि बढिरहेको छ। उक्त अभियानका लागि ५ करोड ५० लाख रुपियाँभन्दा बढीको प्रतिवद्धता आइसकेको आचार्यले बताउनुभयो।

### सम्मानित हुनेछन् सम्मानित !

सो विशेष समारोहमा पत्रकारिता क्षेत्रबाट नेपाल समाचारपत्रका प्रधानसम्पादक पुष्करलाल श्रेष्ठसहितका विशिष्ट व्यक्तिहरू सम्मानित हुने लायन्सले जनाएको छ। यसरी सम्मानित हुनेहरूमा साहित्यकार बैरागी काइँला, चर्चित खेलाडी बैकुण्ठ मानन्धर, गायक अमृत गुरुङ, कलाकार भुवन चन्द, उद्योगी विनोद चौधरी, क्याप्टेन विजय लामा, हवाई उद्यमी वीरेन्द्रबहादुर बस्नेत हुनुहुन्छ।

त्यसैगरी राष्ट्रिय गानका सर्जक व्याकुल माइला, बैंकर चन्द्र ढकाल, चिकित्सकहरू सन्दुक रुइत, भगवान कोइराला, जगदीश अग्रवाल, मृगेन्द्रराज पाण्डे रहनुभएको छ। वरिष्ठ संस्कृतिविद् सत्यमोहन जोशी, राष्ट्रकवि माधव घिमिरे, साहित्यकार सरुभक्त, संगीतकार शम्भुजित बाँस्कोटा, कलाकारहरू यादव खरेल, निर शाह, तुलसी घिमिरे, हरिवंश आचार्य, राजेश हमाल, मनिषा कोइराला, सीताराम कट्टेल, कुञ्जना घिमिरेलगायत हुनुहुन्छ।

# बैतडीमा घर, डडेल्धुरामा कर

विनोदसिंह विष्ट, बैतडी

बैतडीको तल्लोस्वराड मेलौली नगरपालिकाका स्थानीय बासिन्दा घरजग्गाको कर तिर्न आफ्नै जिल्ला नगएर डडेल्धुरा जानुपर्ने बाध्यता छ। मेलौली नगरपालिका-८, का ४ सयभन्दा बढी घरपरिवारले कर तिर्न डडेलधुरा पुग्छन्।

सो क्षेत्र विसं. २०३२ सालभन्दा अघि डडेल्धुरामा रहेकाले राजस्व बुझाउन पनि उतै जानुपर्ने बाध्यता रहेको मेलौली नगरपालिका-८, का वडा सदस्य प्रेमसिंह विष्टले बताउनुभयो। पछि सीमांकन गर्दा सुर्नया नदीलाई सीमाना बनाएर मेलौलीको विशालपुर क्षेत्र बैतडीमा गाभिए पनि जग्गाको नापी नहुँदा कर डडेल्धुराको भागेश्वर गाउँपालिकामा तिर्न जानुपर्ने बाध्यता छ।

डडेल्धुरामा राजश्व बुझाउने गरिए पनि आफूहरूले त्यहाँबाट सेवा सुविधा नपाएको स्थानीयको गुनासो छ। मेलौलीबासीले घरजग्गा कारोबार, कित्ताकाटदेखि जग्गा पास गर्नसमेत डडेल्धुरा नै पुग्नुपर्ने बाध्यता छ। दुवै जिल्लाको सीमा क्षेत्रमा विद्युत् लाइन विस्तार भए पनि आफूहरूले विद्युत्को सुविधा नपाएको स्थानीय तपेन्द्र विष्टले गुनासो गर्नुभयो। स्थानीयले बैतडी क्षेत्र 'ख' का प्रदेश सांसद लिलाधर भट्टलाई त्यस क्षेत्रको समस्याबारे जानकारीसमेत गराएका छन्।

आफूलाई सो क्षेत्रको समस्या थाहा हुने बितिक्कै नापी विभाग तथा जिल्ला नापी कार्यालयमा खबर गरेको र प्रमुख जिल्ला अधिकारीसहित सरोकारवालहरूसँग छलफल गरेको सांसद भट्टले बताउनुभयो। उहाँले भन्नुभयो- 'समस्या समाधानका लागी पहल थालेको छु, छिट्टै समस्या समाधान हुन्छ।' यस्तो समस्याबारे पहिलोपटक खवर आएकाले अब समाधानका लागि पहल थाल्ने जिल्ला नापी कार्यालय बैतडीका प्रमुख नरबहादुर चन्दले बताउनुभयो।

# नेतृत्वमा सहमति जुट्न सकेन

यमलाल भुसाल, बुटवल

नेपाली कांग्रेस प्रदेशसभा-५ संसदीय दलको नेतृत्व चयनमा सहमति जुट्न नसकेपछि निर्वाचन हुने भएको छ। नेतृत्वका लागि ५ जना आकांक्षी देखिएका छन्। प्रदेशसभा बैठक फागुन २७ गतेका लागि सरेपछि कांग्रेसका प्रदेशसभा सदस्यले दलको नेताको निर्वाचनको मिति सार्न आग्रह गरेका छन्। सोहीअनुसार २६ गते निर्वाचन हुने निर्वाचन समितिले जनाएको छ। संसदीय दलको नेताका लागि प्रदेश सांसद तथा जेष्ठ सदस्य ८० वर्षीय बलदेव शर्मा पोखरेल, पाल्पा कांग्रेसका सभापतिसमेत रहनुभएका वीरबहादुर राना, कपिलबस्तुका नेता वीरेन्द्र कनोडियाले उम्मेदवारी दर्ता गराउनुभएको छ।

त्यसैगरी रुपन्देही क्षेत्र नम्बर ५ बाट निर्वाचित युवा नेता फकरुद्दिन खाँ र दाङका नेता डिल्ली चौधरीले पनि उम्मेदवारी दर्ता गराउनुभएको छ। दलको नेता चयनका लागि फागुन २६ गते ११ बजे निर्वाचन प्रकृया शुरु हुनेछ। २६ गते १ बजेसम्म नाम फिर्ता लिन सक्ने निर्वाचन कार्यतालिका रहेको छ। कांग्रेसले ५ नम्बर प्रदेशको संसदीय नेता चयन गर्न केन्द्रीय सदस्य बालकृष्ण खाँणलाई खटाएको छ।

सहमतिको प्रयास गर्दा पनि ५ जनाले अडान नछाडेपछि मतदानबाट नेता टुंग्याउने पक्षमा पुगिएको कांग्रेसका केन्द्रीय सदस्य खाँणले बताउनुभयो।

# सिकलसेल एनिमियाबाट दुई लाख थारु प्रभावित

## बिरामीबीचको विवाह रोक्न चिकित्सकको सुझाव

नरेन्द्र केसी, घोराही, दाङ

पश्चिम तराईका थारु समुदायमा देखिएको वंशाणुगत रोग सिकलसेल एनियाबाट झण्डै २ थारु प्रभावित भएको पाइएको छ। सिकलसेल नेपालले गरेको अध्ययनअनुसार पश्चिम नेपालका २ लाख थारु समुदायका मानिसमा यो रोग देखिएको हो।

कुल जनसंख्याको १० प्रतिशत थारु समुदायमा यो रोगको बिरामी रहेको यो रोगका बिशेषज्ञ डा.राजन पाण्डेले जानकारी दिनुभयो। दाङको देउखुरी, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, कपिलवस्तु, रुपन्देही, नवलपरासी र सुर्खेतका थारुहरूमा यो रोग देखिएको छ।

सिकलसेस रोगीलाई सहयोगस्वरुप सरकारले १ लाखबराबरको स्वास्थ्य सुविधा प्रदान गरे पनि हाल जोखिममा रहेका २ लाखमध्ये १ हजार ५ सय जना मात्र यो रोगको नियमित उपचारमा रहेको सिकलसेल नेपालले जनाएको छ। यो रोगबारे सचेतना नहुनु, बिरामी भएको थाहा नपाउनु, थाहा पाएर पनि उपचार गर्न लजाउनुलगायतका कारणले बिरामीहरूले सरकारले दिएको सुविधा लिन नसकेको डा. पाण्डेले बताउनुभयो।

२०६८ सालबाट यो रोगको निवारणका लागि अभियान नै थालेर काम अघि बढाइएको छ। 'तर पनि अझै ठूलो समुदाय अस्पतालसम्म आइपुगेको छैन', डा. पाण्डेले भन्नुभयो- 'यसका लागि समुदायस्तरमा नै समूह गठन गरेर जोखिम न्यूनीकरणका लागि काम थाल्नुपर्ने देखिएको छ।'

यो रोगबाट आउँदो पुस्तालाई जोगाउन बिरामीबीचको विवाह रोक्नुपर्ने चिकित्सकहरूले सुझाव दिएका छन्। समुदायमा लुकेर रहेका बिरामीबीच विवाह हुँदा नयाँपुस्तामा पनि यो रोग सर्ने गरेको डा. पाण्डेले बताउनुभयो। यद्यपि सिकलसेलको रोग लागेको व्यक्तिले निरोगी व्यक्तिसँग विवाह गर्दा भने कुनै समस्या उत्पन्न नहुने अनुसन्धानबाट देखिएको छ।

**के हो सिकलसेल एनिमिया ?**

सिकलसेल एनिमिया एक किसिमको रगतसम्बन्धी वंशानुगत रोग भएको चिकित्सकहरूले बताएका छन्। हाम्रो रगतको कोशिकामा क्रोमोजोम र जिनमा खराबी आयो भने सिकलसेल एनिमिया हुने वीर अस्पतालका वंशाणुगत रोग विशेषज्ञ डा. निलम ठाकुरले जानकारी दिनुभयो।

उहाँका अनुसार यो रोग आमाबाबु दुवैमा भए सन्तानमा पनि संक्रमित हुने धेरै सम्भावना रहन्छ। तर आमा वा बाबु कुनै १ जनामा मात्र छ भने सन्तानमा देखिने सम्भावना न्यून हुन्छ। रगत फुटेर हसिया आकारको भइ नष्ट हुने भएकाले यसलाई सिकलसेल भनिएको हो। रोग संक्रमण भएपछि रगतको कोषिकाले हँसियाको आकार लिन्छ र रगत नष्ट हुने प्रक्रिया शुरु हुन्छ। यसले गर्दा लिभर बढ्नुका साथै इन्फेक्सन हुने र रगतको कमी हुने देखिएको छ।

'स्वस्थ व्यक्तिमा रगतको सेल गोलो आकारको हुन्छ भने सिकलसेल एनिमिया भएको व्यक्तिको हँसिया आकारको हुन्छ'- डा. पाण्डेले भन्नुभयो- 'सामान्यतया सेलको आयु १२० दिनको हुन्छ तर सिकल भएको हँसिया आकारको सेल २१/२२ दिनको हुन्छ।' यो रोग अहिलेसम्म थारु समुदायभन्दा अन्यलाई देखा परेको छैन।

विदेशमा जस्तै बच्चा अवस्थामा नै सिकलसेल बिरामी भए नभएको बारेमा चेक गर्ने परिपाटीका लागि राज्यको नीतिगत तहमा नै निर्णय हुनुपर्ने चिकित्सकहरुले सुझाएका छन्।

# लापरबाहीले वर्षेनी डढेलो

नेपाल समाचारपत्र

पर्वत

गत साता कुश्माको बान्द्रेबिंडीमा लागेको डढेलो नियन्त्रण गर्न करिब सात घण्टा लाग्यो। कुश्मा नगरपालिकाको दमकल, स्थानीयवासी, प्रहरी, सशस्त्र र सेनाको टोलीले आगो निभाउन निकै परिश्रम गर्नुपरेको थियो।

अधिकतम शक्ति प्रयोग हुनाले जंगलबाट आगो नजिकको बस्तीसम्म पुग्न पाएन। गत वर्ष सदरमुकामकै मोदीवेणी पाखामा लागेको आगो निभाउन तीन दिन लागेको थियो । गत वर्ष मात्रै त्यस्ता वन डढेलोका घटना जिल्लाका ४५ ठाउँमा भएका थिए। चालु वर्ष अब हावाहुरीसँगै डढेलो शुरु भएको छ। हालसम्म ५ ठाउँमा डढेलोका घटना भएको जिल्ला वन कार्यालयले जनाएको छ।

गर्मी र खडेरी याममा वनजंगलमा फैलने डढेलो नियन्त्रण र दोषीलाई कारबाही गर्न चुनौती छ। वन कार्यालयको वार्षिक प्रतिवेदनअनुसार पर्वतका विभिन्न सामुदायिक वनमा वर्षेनी ५ दर्जन हाराहारी डढेलो फैलने घटना हुने गरेका छन्। जंगलमा हुने आगलागीमध्ये ९५ प्रतिशत मानवीय कारणले हुने गरेको सहायक वन अधिकृत शिव परियारले बताउनुभयो।

'जानीजानी क्षणिक फाइदा लिन आगो लगाउनाले धेरै धनजनको क्षति हुनेगरेको छ,' उहाँले भन्नुभयो- 'लामो खडेरीका बेला आगलागी नियन्त्रणबाहिर जान्छ।' आर्थिक वर्ष २०७३/७४ मा जिल्लाका ४५ स्थानमा लागेको आगोले ४ सय २१ हेक्टर वन नोक्सान भएको थियो। त्यस्तै आव २०७२/७३ मा ६१ स्थानमा डढेलो लागेको तथ्यांक छ।

गाउँलेले खेतबारी र सामुदायिक वनमा घाँस बढाउन झारपात पोल्ने र वन गएकाहरूले ननिभाई चुरोटका ठुटा फ्याँक्नेलगायत आगलागीका मुख्य कारण छन्। आगलागीमा जल्ने झाडीको खरानीबाट मल हुने विश्वास गरिए पनि त्यसको कार्बनडाइ अक्साइडको असर त्योभन्दा बढी घातक हुने जानकारहरू बताउँछन्। 'खरानीले मल नहुने होइन,' जिल्ला वन अधिकृत कृष्णप्रसाद ढकालले भन्नुभयो, 'तर त्यसको दसौं गुणा बढी कार्बनडाइअक्साइडले असर गर्छ। त्यो असरको चेतना नभएकैले आगो लगाउने चलन रोक्न सकिएको छैन।'

आगलागीबाट तत्कालै देखिने असरहरूमा बोटबिरुवा र वन्यजन्तुको विनाश, भू-क्षय, वनपैदावारको कमी हुने उनले बताए। त्यस्तै दीर्घकालीन असरमा पानीका मुहान सुक्ने, जंगली जनावर र बहुमूल्य जडीबुटी लोप हुने र अन्तिममा समग्र पर्यावरणलाई नै नकारात्मक असर पार्ने वनसँग गरिएका विभिन्न अध्ययनका प्रतिवेदनमा उल्लेख छ। वन ऐन २०४९ अन्तर्गतका निजी, राष्ट्रिय, सामुदायिक, कबुलियती, संरक्षित र धार्मिकमध्ये सामुदायिक र राष्ट्रिय वनक्षेत्रमा आगलागी बढ्दो छ।

वन डढेलो व्यवस्थापन रणनीति २०६७ अनुसार वन डढेलोमा संलग्नलाई १० हजार जरिवाना र १ वर्ष कैदको व्यवस्था छ।

**MRP Notice**

**0.7 mm Single side paper based decorative laminated sheets/0.6mm paper based decorative laminates(2440mmX1220mm)-Rs.622/ per Sheet (including Vat)**

**0.7mm single decorative laminates (2440mmX1220mm) Rs.725/Per sheet (including Vat)**

**Shanti Trade Concern**
Pan. No:-300042782
Kupandol,Lalitpur
Phone No:-9801180994

हार्दिक श्रद्धाञ्जली



जन्म : वि.सं. २००८/११/१०

स्वर्गारोहण : वि.सं. २०७४/११/०९

स्व. किरण चन्द्र श्रेष्ठ

हाम्रा अति प्रिय ज्वाईं किरण चन्द्र श्रेष्ठको असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।
साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्राप्तिका लागि श्री परमेश्वरसंग प्रार्थना गर्दै भावपूर्ण समवेदना प्रकट गर्दछौं ।

जेठान/जेठानी
राम चन्द्र श्रेष्ठ/श्रीमती सुशीला श्रेष्ठ
कृष्ण चन्द्र श्रेष्ठ/श्रीमती जमुना श्रेष्ठ
विष्णु चन्द्र श्रेष्ठ/श्रीमती चाँदनी श्रेष्ठ
/श्रीमती मीना श्रेष्ठ

सालोभाइ/बुहारी
रवि चन्द्र श्रेष्ठ/अमिता श्रेष्ठ

तथा
सम्पूर्ण श्रेष्ठ परिवार

नेपाल सरकार
उद्योग मन्त्रालय
घरेलु तथा साना उद्योग विकास समिति
मुख्य शाखा कार्यालय, सुर्खेत

**आशयको सूचना**

प्रकाशित मिति :- २०७४/११/२१

यस कार्यालयको लघु औद्योगिक ग्राम भवन निर्माण कार्य गर्न मिति २०७४/०२/१९ मा नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार प्राप्त हुन आएका बोलपत्र मूल्यांकन गरी सारभुतरुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | ठेकेदार वा फर्मको नाम | कूल कवोल रकम(भ्याट बाहेक) |
|---|---|---|
| १ | एस.बि.ए./रविन जे.भि., सुर्खेत । | रु.६,४१,४३,५८१.९९ |

निर्देशक



# विश्व

**सहयोग**

पपुवा न्युगिनीका भूकम्पपीडित दसौँहजार व्यक्तिलाई तत्काल राहत सहयोगको आवश्यकता रहेको दातृनिकायहरूले जनाएका छन्।



**आरोप**

क्याम्बोडियाका प्रधानमन्त्रीले अमेरिकाले पूर्वघोषित सहयोग कटौती गरी बेइमानी गरेको आरोप लगाएका छन्।



2018, FEB
Monday
5

वि श्व २ मि नेट

**चीन**

## संविधान संसोधनको बचाउ

बेइजिङ, (एजेन्सी)

एक चिनियाँ अधिकारीले राष्ट्रपतिको सीमित कार्यकाल अन्त्य गर्ने बेइजिङको योजनाको बचाउ गरेका छन्। उनले राष्ट्रपति सी जिनपिङलाई असीमित कालसम्म शासन गर्ने मार्ग प्रसस्त हुनु भनेको सीले सम्हालेको ३ प्रमुख नेतृत्वदायी पदको विलयलाई सुनिश्चित गर्नु रहेको बताए। उक्त संवैधानिक शंसोधनको उद्दश्य सशस्त्र बललाई नियन्त्रण गर्ने निकायलाई प्रभावकारी ढंगले राष्ट्रपतिको कार्यालयको मातहतमा ल्याउनु रहेको नेसनल पिपल्स कंग्रेसका प्रवक्ता झाङ यसुइले पत्रकारहरूलाई जानकारी दिए। सीको नेतृत्वमा रहेका सत्तारुढ कम्युनिस्ट पार्टी तथा सैन्य कमिसन यसमा पर्छन्।

**बंगलादेश**

## लेखकमाथि छुरा प्रहार

ढाका, (एजेन्सी)

बंगलादेशको एक विश्वविद्यालयमा कार्यक्रम भइरहेको बेला एक प्रोफेसर तथा धर्मनिरपेक्ष लेखकमाथि चक्कु प्रहार भएको छ। आक्रमणकारीले लेखकको घाँटी र टाउकोमा चक्कु प्रहार गरेका थिए। आतंकवाद र साम्प्रदायिकताको विरोध गर्ने मोहम्मद जफर इकबालको टाउकोमा गम्भिर चोट लागेको न्युज २४ ले जनाएको छ। आक्रमणरीलाई समातेर प्रहरीलाई बुझाइएको शाहजलाल युनिभर्सिटीका सहायक प्रोफेसर मोहम्मद महमुद हसनले जानकारी दिए। इकबाललाई नजिकको एउटा अस्पतालमा भर्ना गरिएको र उनको शरीरबाट अत्यधिक रगत बगेको भए पनि बोल्न सक्षम रहेको बताइएको छ।

**सिरिया**

## हवाई हमला

दमास्कस, (एजेन्सी)

सिरियाको आफ्रिन क्षेत्रमा भएको तुर्केली हवाई हमलामा कम्तिमा ३६ जना सिरियाली सरकारी फौज मिर्थक मारिएको एउटा अनुगमन टोलीले जनाएको छ। उत्तरी सिरियाली क्षेत्र काफर जिनास्थित शिविरलाई केन्द्रित गर्दै सो आक्रमण गरिएको सिरियन अब्जरभेटरी फर ह्युमन राइटस (एसओएचआर) ले आइतबार जनाएको छ। २ साताअघि कुर्दिस फौजलाई समर्थन गर्न सरकार समर्थित फौज आफ्रिन प्रवेश गरेका थिए। तिनीहरू आफ्रिनबाट कुर्दिस समूहलाई हटाउन संघर्षरत तुर्केली सेनाविरुद्ध लड्दै आइरहेका छन्।

**भारत**

## अभिभावक कारबाहीमा

हैदराबाद, (एजेन्सी)

दक्षिणी भारतीय शहर हैदराबादमा आफ्ना सन्तानहरूलाई सवारी साधन चलाउन दिएको अभियोगमा १० जना किशोरका अभिभावकलाई जनही एक दिन लामो कारबास सजाय तोकेको प्रहरीले आइतबार जनाएको छ। यसै कारण गत महिना ३५ जना अभिभावकको पनि जनही एकदिन जेल सजाय तोकिएको थियो। ती कारबाहीमा परेका अभिभावकहरूले नाबालकलाई सवारी हाँक्न दिन नहुने नियम थाहा नभएको बीबीसीलाई जनाएका छन्। प्रहरीले यो कारबाही नाबालकहरूलाई सवारी चलाउन नदिन थालिएको अभियानको एक हिस्सा भएको जनाएको छ।

# ह्वाइट हाउसबाहिर आत्महत्या

वासिंगटन, (एजेन्सी)



अमेरिकी राष्ट्रपति भवन ह्वाइट हाउसबाहिर एकजना मानिसले आफैंलाई गोली हानेर आत्महत्या गरेको सिक्रेट सर्भिसले आइतबार जनाएको छ। सो सर्भिसले पेनसिल्भानिया एभेन्युस्थित ह्वाइट हाउसको पर्खालमा आएर स्थानीय समयअनुसार मध्यान्ह ती व्यक्तिले ह्यान्ड गन निकालेर आफूमाथि थुप्रैपटक गोली प्रहार गरेको जनाइएको छ।

तर उनले प्रहार गरेको गोलीले कोही घाइते नभएको पनि बताइएको छ। घटनाका बेला राष्ट्रपति डोनाल्ड ट्रम्प ह्वाइट हाउसमा नभई फ्लोरिडाको मार -आ-लागो इस्टेटमा रहेको बुझिएको छ।

प्रत्यक्षदर्शीहरूलाई उद्धृत गर्दै दि वासिंगटन पोस्टले परिचय नखुलाइएका ती व्यक्तिले गोली चलाउँदा त्यहाँ थुप्रै व्यक्ति थिए। ट्विटरमा राखिएको एउटा भिडियोमा मानिसहरू घटनास्थलबाट भागिरहेको देखिन्छ। वासिंगटन डीसी प्रहरीले घटनास्थलमा 'नेचुरल डेथ स्क्वाड' तैनाथ गरिएको जनाएको छ।

हाल अमेरिकी प्रथम महिला मेलानिया ट्रम्पसंग राष्ट्रपति ट्रम्प फ्लोरिडामा रहेका छन्। तिनीहरू शनिबार साँझ रात्रिभोजमा सरिक हुन वासिंगटन फर्कने कार्यक्रम रहेको छ। केही वर्षयता ह्वाइट हाउसमा सुरक्षालाई प्रभावित पार्ने थुप्रै घटना घटिसकेका छन्।

यसअघि पछिल्लो घटना २३ फेब्रुअरीमा भएको थियो। एउटा कार ह्वाइट हाउसको सुरक्षा घेरा नाघेर आउँदा १ जना ३५ वर्षीया महिलालाई हिरासतमा लिइएको थियो। यसैगरी गत वर्षको मार्चमा ह्वाइट हाउसको पर्खाल नाघेर भित्र छिरेका १ जना व्यक्ति त्यहाँ १६ मिनेटसम्म पेपर स्प्रे लिएर बसेका थिए।

**Harion Municipality**
**Office of the Municipal Executive**
**Harion, Sarlahi**
**2 No. Province**

**Invitation for Bids**

**First date of Publication: 2074/11/21 B.S.**

1. Harion Municipality, Office of the Municipal Executive, Harion, Sarlahi invites sealed or electronic bids from eligible bidders under National Competitive Bidding procedures. Bidding is open to all eligible Nepalese Bidders.
2. A complete set of Bidding Documents may be purchased at office hours from the Harion Municipality office, Harion, Sarlahi,by eligible Bidders on submission of written application, along with duly attested copies of Bidder'sregistration, VAT registration and Tax clearance certificate (**Valid for Fiscal Year 2073/74**), Joint venture agreement (incase of JV) and upon the payment of a non-refundable fee as mentioned in the table below within the office hour on or before **20th Chaitra**.
3. Bidding Documents can be downloaded from e-GP system in www.bolpatra.gov.np/egp. Intrested bidders shall register in the e-GP System and deposite the cost of bidding documents Rs 3000.00 in the following bank.
   **Name of the Office** : Harion Municipality, Office of the Municipal Executive, Harion, Sarlahi.
   **Name of Bank** : Nepal Bank Limited, Harion, Sarlahi
   **Aantarik Aamdani Account No. : - 13203000000004001001**
4. **Information to deposit the Bid Security Amount in Bank:-**
   **Name of Office** : Harion Municipality, Office of the Municipal Executive, Harion Sarlahi,
   **Name of Bank** : Nepal Bank Limited, Harion, Sarlahi
   **Dharauti (Deposite) Account No. :-13203000000003000001**
5. Pre-Bid Meeting shall be held at Harion Municipality Office, Harion Sarlahi at 2:00 hour on **20th day from first day of notice published.**
6. Electronic Bids must be submitted through **www.bolpatra.gov.np/egp** on or before 12:00 Hr (31st day from first day of notice published) or the purchased bid documents shall be sealed in an envelope addressing to the office mentioned above, indicating name of the contract, contract identification number, name of the bidder's firm and its detail address. The office shall not be responsible for any miscommunication incase of incomplete information about firm's address. The Bid must be submitted at Harion Municipality on or before 12:00 Hr **(21st Chaitra)**
7. Bids shall be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hour on (21st Chaitra) at Harion Municapility, office of the Municipal Executive, Harion Sarlahi. Non-attendance of any or all of the Bidder's representatives shall not hinder the opening of the bids. Bids must be valid for a period of as mentioned in table below after the date of bid opening.
8. Bids must be accompanied by a Bid Security of minimum amount specified *in table* below either in the form of bank voucher confirming cash deposit in deposit account no.as specified above or a bid security (unconditional bank guarantee) issued by "A" Class commercial Bank as approved by Nepal Rastra Bank. The Bid Security shall be *valid for 30 days* beyond the bid validity period. **Bidder must clearly quote the contract name and contract number in Bid security form (Bank guarantee) otherwise will cause disqualification of Bidder.**
9. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case, the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
10. Bidders can bid as a single contractor or in the form of Joint Venture of maximum of three contracting firms.
11. Bidders are advised to visit the site and assess the actual site condition before submitting the bids at their own cost.

| S.N. | Contract No | Description Of Work | Bid Security Amount | Estimated Amount ( without VAT) | Bid Validity Period | Payment Of Non Refundable Amount |
|---|---|---|---|---|---|---|
| 1 | NCB -01-2074/075 | Construction of Black top Road, Tribar Shrestha Ko Ghar -Bed Bahadur Ko Ghar Samma Road | 80,000.00 | 26,21,343.45 | 120 Days | 3000.00 |
| 2 | NCB -02-2074/075 | Construction of Black top Road, Sukepokhari-Campus Road-II | 2,75,000.00 | 90,29,618.91 | 120 Days | 3000.00 |
| 3 | NCB -03-2074/075 | Construction of Black top Road, Kadarariya Chowk-Narayan Chowk | 300,000.000 | 99,23,427.74 | 120 Days | 3000.00 |
| 4 | NCB -04-2074/075 | Construction of Black top Road Pratap Bomjan Ko Ghar - Krishna Smriti | 1,64,000.000 | 54,44,626.54 | 120 Days | 3000.00 |

**Chief Administrative Officer**

## भारत विधानसभा चुनाव

# अजानको सम्मानमा मोदीले भाषण रोके

नयाँदिल्ली, (एजेन्सी)



त्रिपुरा र नागाल्यान्डमा भाजपा गठबन्धनको जितमा प्रधानमन्त्रीले पार्टीको मुख्यालयमा कार्यकर्ताहरलाई सम्बोधन गरेका छन्। उनले उक्त जितको श्रेय जनता, पार्टी नेता र कार्यकर्ता भएको बताए।

प्रधानमन्त्री मोदीले भाषण शुरू गरेको केही समय नबित्दै अजान (मुस्लिम प्रार्थना) शुरू भएपछि उनले कार्यकर्तालाई निर्देशन दिँदै २ मिनेट मौन रहन भनेका थिए। यद्यपि केही अन्य मस्जिदहरूमा अजान भइरहेकाले उक्त विराम २ मिनेटभन्दा बढी समयसम्म जारी रह्यो।

त्यसपछि उनले भाषणको शुरूबाट 'भारत माता'को नारा लगाएर गरेका थिए। मोदीले त्रिपुरामा मारिएका ९ जना कार्यकर्तालाई श्रद्धाञ्जली दिए। उनले आफ्नो भाषणमा उनीहरूको स्मरण गर्दै श्रद्धाञ्जली दिएका थिए।

विगत २५ वर्षदेखि त्रिपुरा राज्यको सत्तामा रहेको वामपन्थी सरकारलाई पछार्दै भाजपाले विधानसभा चुनावमा बहुमतसहितको जित हासिल गरेको छ। त्यसै गरी नागाल्यान्ड पनि भाजपालाई सफलता प्राप्त भएको छ। नागाल्यान्डमा उसले ११ सिट जितेको छ।

मेघालयमा कांग्रेस सबैभन्दा ठुलो पार्टीका रुपमा देखिएपनि त्यहाँको नतिजा त्रिशंकु बनेको छ। मेघालयमा नेसनल पिपल पार्टी (एनपीपी)को नेतृत्वमा भाजपाले सरकार बनाउने भएको छ। कोनराड संगमा राज्यका नयाँ मुख्यमन्त्री बन्नेछन्। राज्यपालले बहुमतको दाबीपछि उनलाई सरकार बनाउन निमन्त्रणा गरेको हो।

त्रिपुराको ६० सदस्यीय विधानसभामा भाजपा गठबन्धनले ४३ सिट हासिल गरेको छ। भाजपाले मात्र यहाँ ३५ सिटमा जित हासिल गरेको छ। त्यसैगरी मेघालयमा सत्तारुढ कांग्रेसले सबैभन्दा धेरै २१ सिटमा जित हासिल गरेको छ। यसअघिको चुनावमा पाटीले ६० सिटमा २१ सिट हासिल गरेका थिए। भाजपाको सम्भावित गठबन्धन नेसनल पिपुल्स पार्टीले १९ सिटमा जितेको छ भने भाजपाले २ सिटमा जित हासिल गरेको छ।

# कुनै दिन अमेरिकाले पनि कसैलाई आजीवन राष्ट्रपति पाउनेछ : डोनाल्ड ट्रम्प



वासिङटन, (एजेन्सी)

राष्ट्रपति डोनल्ड ट्रम्पले चीनका राष्ट्रपतिले अब आजीवन पदमा बस्न पाउनु अत्यन्त राम्रो भएको बताए। उनले कुनै दिन अमेरिकाले पनि त्यसलाई पछ्याउने छ भन्ने आफूलाई लागेको बताए।

शनिबार दक्षिण फ्लोरिडास्थित आफ्नो जमिनमा रिपब्लिकन दातृका लागि आयोजित दिवाभोजमा ट्रम्पको उक्त टिप्पणीले हाँसो र कर्तलध्वनिले गुञ्जयमान भएको थियो। सीएनएनले उक्त टिप्पणीको रिकर्डिङ प्राप्त गरेको जनाएको छ।

चिनियाँ राष्ट्रपति सी जिनपिङले हालै मात्र आफ्नो शक्तिलाई बलियो बनाएको विषयलाई इंगित गर्दै ट्रम्पको उक्त टिप्पणी आएको हो। ट्रम्पले भेलालाई भने- ऊ अब आजीवन राष्ट्रपति हुनेछ। आजीवन राष्ट्रपति। र ऊ राम्रो हो। 'ट्रम्पले भने- 'मलाई लाग्छ, यो धरै राम्रो हो। हुन सक्छ हामीले पनि कुनै दिन त्यस्तै गर्नेछौं। हामी पनि कुनै दिन कसैलाई आजीवन राष्ट्रपति पाउनेछौं।

उक्त अवसरमा ट्रम्पले आफ्ना डेमोक्र्याटिक राष्ट्रपतीय पत्यासी हिलारी क्लिन्टनको आलोचना गरे। उनले 'धाँधलीपूर्ण प्रणाली'का विषयमा आफ्नो धारणा दोहोर्‍याए र इराकमाथिको आक्रमणलाई 'अहिलेसम्मकै सबैभन्दा खराब निर्णय' भएको बताए। उनले पूर्वराष्ट्रपति जर्ज डब्ल्यु बुस 'अर्को वास्तविक प्रतिभा' भएको बताए।

# पाकिस्तानको सिनेटमा हिन्दू दलित महिला

इस्लामावाद, (एजेन्सी)

गत सप्ताहान्त पाकिस्तानमा भएको चुनावमा अल्पमत दलित समुदायका हिन्दू महिला सिनेटका लागि निर्वाचित भएको सञ्चार माध्यमले आइतबार जनाएको छ।

तालिवानसंग आवद्ध १ जना धार्मिक नेतालाई हराएर कृष्णा कुमारी पाकिस्तानको इतिहासमै सिनेटमा प्रवेश गर्ने पहिलो हिन्दू महिला बनेकी छिन्।

पाकिस्तान पिपुल्स पार्टीका सदस्य कृष्णा अझै पनि पाकिस्तान र भारतमा जातीय प्रणालीअनुसार अछुत मानिने दलित समूहका हुन्। राष्ट्रिय र ४ वटा प्रान्तियसभामा विधायकहरूले शनिबार १ सय ४ सदस्यीय सिनेटका लागि ५० प्रतिशत सदस्य ६ वर्षका लागि छनोट गरेका थिए।

यस निर्वाचनमा १५ सिट जितेका पाकिस्तानका अपदस्थ प्रधानमन्त्री नवाज सरिफको पार्टीले कूल ३३ सिटसहति संसदको माथिल्लो सभामा बहुमत स्थान हासिल गर्न सफल भएको छ। त्यसैगरी पूर्वराष्ट्रपति आसिफ जर्दारीको पार्टी दोस्रो र पूवक्रिकेट स्टार इमरान खानले नेतृत्व गरेको पार्टीले तेस्रो स्थान हासिल गरेको छ। खानको पार्टीले समर्थन गरेका तथा थुप्रै तालिवान नेताका मार्गनिर्देशक मानिने मौलाना सामिनुल हकले भने चुनाव हारेका छन्।

पाकिस्तानमा केही अतिवादी समूहहरूले केही वर्ष यता कट्टर इस्लामिक कानुनको समर्थन र संयुक्त राज्य अमेरिकाको नीतिको विरोधमा विशाल ऱ्यालीहरूको आयोजना हुँदै आएका छन्। सन् १९४७ मा पाकिस्तान र भारत छुट्टिएपछि जनता साटासाट गर्ने क्रममा पाकिस्तानका अधिकांश हिन्दू भारततर्फ लागेका थिए।



जिल्ला प्रहरी कार्यालय म्याग्दीको परिसरमा हालै मात्र निर्माण गरिएको महिलामैत्री भवनले प्रहरीमा आउने महिलासँग सम्बन्धित घटनाको समस्या समाधानमा सहयोग पुगेको छ।

# बाल विकासको सहयोगी हुँदै सांसद

हिक्मत नेपाली, दैलेख

दैलेख सदरमुकामको पुरानो बस्ती भगवतीटोल। त्यही टोलकी बासिन्दा हुन् पार्वतीकुमारी बिसुन्के। बिसुन्कले एसएलसी पास गरेलगतै तत्कालीन सेतो गुराँस नामक संस्थाले सञ्चालन गरेको बाल विकास केन्द्रको सहयोगी बनेर शुरुआत गरेको समाजसेवाले सांसद बन्न सफल बनाएको छ।

४ कक्षामा पढ्दै गर्दा २०५३ सालमा पहिलो पटक जिल्लाभर नै शिक्षाका खाद्य कार्यक्रम शुरू भएको थियो। विश्व खाद्य कार्यक्रमले त्यतिबेला दैलेखलगायतका १९ जिल्लामा प्राथमिक तहका सबै बालबालिकालाई दिवा खाजा शुरुआत गरेको थियो। दिवा खाजाका लागि हरेक विद्यालयमा विद्यार्थी संख्याको आधारमा हलुवा बनाउने पीठो, घ्यू, चिनी र पकाउने भाडासमेत दिएको थियो।

खाजा पकाइसकेपछि पार्वती पढ्ने भाषा पाठशाला भनिने त्यतिबेलाको नारायण प्राथमिक विद्यालयका कार्यालय सहयोगी, कहिल्यै शिक्षक अनि कुनै बेला त गैरदलित विद्यार्थीलाई बाँड्न लगाइन्थ्यो।

तयारी खाजा अर्थात् हलुवा बाँड्दा दलित विद्यार्थीको अलगै लाइन लगाउने र कापीको पानामा टाढैबाट हाल्ने गरिन्थ्यो। दलित विद्यार्थीलाई मात्र अलगै लाइन लगाई हलुवा दिने गरेको विषयमा दलित विद्यार्थीको नेतृत्व गर्दै उनले विद्यालयका शिक्षकहरूसँग छलफल गरी बिनाविभेद सबैलाई सँगै हलुवा खाने शुरू गराउन सफल भइन्।

सदरमुकाम छेउमा रहेको यो बस्ती सार्की (दलित) समुदायको बाहुल्यता छ। यातायातको विकासअघि भारी बोक्ने, मजदुरी गर्ने मात्र बस्ने भएका कारण 'ढाक्रेटोल' भनिन्थ्यो। पढेलेखेका युवाहरू भारतीय सेना, नेपाली सेना, प्रहरी सेवा र पार्वतीकै आफ्नै काका गणेश सार्की शिक्षक भइसक्दा पनि 'ढाक्रेटोल' किन भन्नु? त्यो टोलमा भगवतीको मन्दिर रहेकाले भगवतीटोल नाम राख्नुपर्ने कुरा पनि १२-१३ वर्षकै छँदा पार्वतीले बहस चलाइन् र अहिले भगवतीटोल भनिन्छ। २०५६ सालतिर 'ढाक्रेटोल' भन्नेलाई ५० रुपियाँ जरिवाना गराउने गरिएकाले छिट्टै सुधार आयो अनि अहिले यो टोलका नाम 'भगवतीटोल' नै सबैलाई कण्ठ छ।

त्यसबेला गडीनजिकको भाषा पाठशाला भनिने नारायण प्राथमिक विद्यालयबाट प्राथमिक तह सकेपछि ६ कक्षा पढ्न त्रिभुवन माध्यमिक विद्यालयमा जाँदा उनको कपाल छोटो र घुम्रिएको कारण सलले ढाँकेर राख्ने गरेको देखेर तत्कालीन प्रधानाध्यापक खगेन्द्रबहादुर मल्लले सल हटाउँदा कपाल पलाउन सक्छ भन्ने सुझावपछि पार्वतीले सल हटाएको उनी सम्झिन्छिन्। त्यसपछि लाज पनि हट्यो अनि पढाइ पनि अब्बल बन्न सहयोग पुगेको उनले बताइन्।

बुबा कविराम सार्कीले डकर्मी काम गरेर उहाँ र ४ भाइहरूको पढाइ खर्च जेनतेन धानेकै थिए। २०५९ सालमा पार्वतीले एसएलसी उत्तीर्ण गर्नू र त्यही समयमा सेतो गुराँस संस्थाले बाल विकास केन्द्र सञ्चालन गर्ने तयारीको बेला बालबालिकालाई सरसफाइ र सिकाउन सक्ने अनि थोरै परिवारलाई आर्थिक रूपमा राहत हुने ठानेर समुदायले सहयोगी कार्यकर्ता उनलाई नै छान्यो।

सेतो गुराँसले पार्वतीकुमारी बिसुन्के र डिलकुमारी चन्द दुई जनालाई ललितपुरमा बोलाएर १५ दिनको आधारभूत तालिम दिएर बालबालिका स्याहार, संरक्षण र सिकाइ प्रक्रिया विषयमा सिकायो। त्यो बेला बाल मनोवृति बुझ्नुभएकी पार्वतीलाई २ वर्षपछि दलित सेवा संघले आह्वान गरेको मनोविमर्शकर्ता छानिन सहज भयो।

## सांसद बन्नुको रहस्य

काटमाठौं, (नेस)

पार्टी संगठनको काममा पुऱ्याएको योगदानले कार्यकर्ताबीच लोकप्रियता चुलिएको छ भन्ने कुरा पार्टीको आन्तरिक चुनावमा सर्वाधिक बढी मत ल्याएकाले पुष्टि गर्छ तर पार्टीभित्रको अन्तरसंघर्षले चाहिँ अहिले नै सांसद बन्न दिनेमा थिएन। जति पन्छाउन खोजियो उति अवसर बन्न पुग्यो उनका लागि। पार्वतीकुमारी बिसुन्के प्रतिनिधिसभाको समानुपातिकतर्फको सांसद बन्न सफल भइन्।

गत वैशाख ३१ गते सम्पन्न स्थानीय तहको निर्वाचनमा पार्टी कार्यकर्ता र जनता उनलाई नारायण नगरपालिकाको उपमेयर बनाउन चाहन्थे। दलित समुदायको बाहुल्यता भएकाले उहाँलाई उम्मेदवार बनाउँदा मत पनि राम्रो आउने नेतृत्व क्षमता पनि भएको भन्ने थियो तर नेतृत्वले बलपूर्वक अरू नै व्यक्तिलाई उम्मेदवार तोक्यो। उहाँलाई जिल्ला समन्वय समितिको उपप्रमुख बनाउने भन्दै नारायण नगरपालिकाको वडासदस्यमा उठायो, वडासदस्य त जितिन्। पार्टीले जिल्ला समन्वय समितिको उपप्रमुख त परै जाओस् सदस्य पनि ल्याएन।

जिल्ला पार्टी नेतृत्वले अहिले ३१ वर्षकै उमेरमा उपमेयर वा जिल्ला समन्वय समितिमा यति ठूला अवसर दिनुहुँदैन भन्ने विश्लेषणमा रोकेको थियो।

तल्लो तहबाटै नाम सिफारिस भई नारायण नगरपालिकाको उपमेयर र जिल्ला समन्वय समिति दैलेखको उपप्रमुख बनाउने सूचीभित्र २ पटक पार्टी पोलिटब्युरोमा समेत नाम पुग्यो। उम्मेदवार छान्न जिम्मेवारी पाएको जिल्ला पार्टीले उनलाई पन्छायो।

बिसुन्के सक्षम भएकै कारण २ पटक नाम आएको तर जिल्ला नेतृत्वले गडबडी गरेको नेकपा एमालेको भ्रातृ संगठन नेपाल उत्पीडित जातीय मुक्ति समाजले बुझ्यो अनि पार्टी केन्द्रलाई दबाब दिएपछि प्रतिनिधिसभा सदस्यको समानुपातिक सूचीमा दलिततर्फको प्राथमिकता क्रमको ४ नम्बरमा पऱ्यो। र, एमालेको भागमा परेका ६ जनामध्ये उनी सांसद बन्न पुगिन्।

२०५२ मा नेपाली कांग्रेसबाट रत्नबहादुर विश्वकर्मा राष्ट्रियसभा सदस्य पदमा निर्वाचित भएका थिए। त्यसयता दैलेखबाट दलित समुदायको व्यक्ति सांसद पदमा पुग्ने बिसुन्के पहिलो व्यक्ति बनिन्। जातीय विभेदको चरम समस्या, हिंसा पीडित महिला र विकास पूर्वाधार पछौटेपन भएको अवस्थामा यी तीन क्षेत्रमा आफ्नो पहिलो ध्यान जाने उनको भनाइ छ।

### संघीय...

यी ५ दलले राष्ट्रिय मान्यता पाएका छन्। राष्ट्रिय मान्यता नपाएर प्रत्यक्षतर्फ निर्वाचन जित्नेहरूमा नयाँ शक्ति नेपालका डा. बाबुराम भट्टराई, राप्रपाका राजेन्द्र लिङ्देन, राष्ट्रिय जनमोर्चाकी दुर्गा पौडेल, नेपाल मजदुर किसान पार्टीका प्रेम सुवाल र स्वतन्त्र सांसद छक्कबहादुर लामा रहनुभएको छ।

संसद्को पहिलो बैठक आज सोमबार ४ बजे बोलाइएको छ। संघीय संसद्मा ३ सय ३४ सदस्य रहेका छन्। आज बस्ने संसद् बैठकमा राष्ट्रपतिबाट प्राप्त बैठक आह्वानसम्बन्धी र मन्त्रिपरिषद् विस्तार सम्बन्धमा राष्ट्रपति कार्यालयबाट प्राप्त पत्र पढेर सुनाउने, संसद् बैठक सञ्चालनसम्बन्धी अन्तरिम कार्यविधि प्रस्तुत गर्ने, जेष्ठ सदस्यको अनुपस्थितिमा बैठक सञ्चालनका लागि सदस्यहरूको नाम टुङ्गो लगाउने र सभामुखको निर्वाचनको मिति तोक्ने कार्यसूची रहेको सचिवालयले जनाएको छ।

सचिवालयले आइतबार बोलाएको सर्वदलीय बैठकमा अबको तयारीका बारेमा छलफल भएको प्रतिनिधिसभाका सांसद डा. डिला संग्रौलाले बताउनुभयो।

**बैठकको सम्भावित कार्यसूची**

१. राष्ट्रपतिबाट प्राप्त बैठक आह्वानसम्बन्धी पत्र पढेर सुनाउने
२. राष्ट्रपति कार्यालयबाट प्राप्त पत्र पढेर सुनाउने
३. संसद् बैठक सञ्चालनका लागि तयार पारिएको अन्तरिम कार्यविधि पारित गर्न प्रस्तुत गरिने
४. जेष्ठ सदस्यको अनुपस्थितिमा बैठक सञ्चालनका लागि सदस्यहरूको नाम टुङ्गो लगाउने
५. सभामुखको निर्वाचनको मिति तोक्ने

### देउवा...

रामचन्द्र पौडेल र कृष्णप्रसाद सिटौला गुट सक्रिय रहेको कांग्रेसभित्र सिटौला प्यानलले देउवालाई नै संसदीय दलको नेतामा सहयोग गर्ने बताइएको छ। संसदीय दलको नेता बन्न सभापति स्वयंले इच्छा देखाएपछि अरूको दाबी फिक्का हुने संसदीय दलका सदस्य भीमसेनदास प्रधान बताउनुहुन्छ। उहाँका अनुसार सिटौलाले आफूपक्षका सांसदलाई स्वविवेक प्रयोग गर्न आग्रह गर्नुभएको छ। कांग्रेस संसदीय दलको विधानमा संसदीय दलको नेतामा निर्वाचित हुन सम्पूर्ण सदस्य संख्याको ५० प्रतिशतभन्दा बढी सदस्यको मत प्राप्त गर्नुपर्नेछ। निर्वाचन भएमा नेता बन्न ३२ मत ल्याउनुपर्नेछ।

देउवाकै कारण कांग्रेसले स्थानीय, प्रादेशिक र संघीय तीनै तहको निर्वाचनमा पराजय भोग्नुपरेको पौडेलपक्षका नेताहरूको आरोप छ। उहाँहरूले १३औं महाधिवेशनपछि पार्टीलाई क्रियाशील बनाउन नसकेको आरोप लगाउँदै सिहंलाई मत दिन आफू निकट सदस्यहरूलाई आग्रह गरिरहेका छन्।

कुल १३ जना सदस्य रहेको राष्ट्रियसभामा संसदीय दलको नेताले ती सदस्य मनोनित गर्ने कुरा विधानमा उल्लेख छ। राष्ट्रियसभा र प्रतिनिधिसभाका सदस्यहरू संसदीय दलको सदस्य हुने भए पनि प्रतिनिधिसभाका सदस्यहरूमध्येबाट मात्र दलको नेता निर्वाचित गरिने विधानमा व्यवस्था गरिएको छ। उपनेता तथा प्रमुख सचेतक र सचेतक भने दलको नेताले नै मनोनित गर्ने प्रावधान छ।

कार्यसमितिको निर्वाचन भने केही दिनपछि मात्र हुने निर्वाचन समितिले छ। विधानअनुसार संसदीय दलको नेताले प्रतिनिधिसभा संसदीय दलको कुनै एक सदस्यलाई मुख्य सचेतकमा मनोनयन गर्ने व्यवस्था छ। मुख्य सचेतकको सिफारिसमा नेताले प्रतिनिधिसभा र राष्ट्रियसभामा सचेतक मनोनयन गर्नेछन्। कार्यसमितिमा मुख्यसचेतक, सचेतक र पार्टीका महामन्त्री पदेन सदस्य रहने व्यवस्था छ।

### राष्ट्रपति...

त्यसै गरी २३ गते उम्मेदवार मनोनयन दर्ता गर्ने कार्यपत्र तय गरिएको छ। उम्मेदवारको दाबी विरोधमा उजुरी दिने पनि सोही दिन गरिनेछ।। फागुन २४ गते उम्मेदवारको मनोनयपत्र उपर जाँचबुझ गर्ने र मनोनयन भएको उम्मेदवारको नामावली प्रकाशन गरिनेछ।

२४ गते नै उम्मेदवारको नाम फिर्ता लिने, उम्मेदवारको अन्तिम नामावली सार्वजनिक गरिनेछ। २९ गते बिहान १० बजेदेखि अपराह्न ३ बजेसम्म संघीय संसद् भवनमा राष्ट्रपति निर्वाचनको मतदान हुनेछ। त्यसपछि तत्काल मतगणना हुनेछ। मतगणनामा संघीय संसद्प्रति सांसदको ७९ मतभार र प्रादेशिक संसद्को प्रत्येक सांसदको ४८ मतभार तोकिएको छ।

राष्ट्रपति निर्वाचनका लागि कायम ५२ हजार ७ सय ८६ मतभारमध्ये पहिलो चरणमै निर्वाचित हुन उम्मेदवारले २६ हजार ४ सय मत ल्याउनुपर्ने हुन्छ। अहिले कायम नेकपा एमाले-माओवादी केन्द्र गठबन्धनमा मात्र २८ हजारभन्दा बढी मत रहेकाले पहिलो चरणमै राष्ट्रपति निर्वाचित हुने सम्भावना रहेको छ।

### साथीले...

मृत्यु भएको एक घण्टापछि सोही सिटी सेन्टरको पाँच तलाबाट भुजेललाई फ्याँकेको गुरुङले बताउनुभयो। गत शुक्रबार उनकै साथी रुद्र बस्नेतले मादक पदार्थ सेवन गरेपछि पाँचथर घर भई हाल काठमाडौं बस्दै आएका भुजेलको हत्या भएको महानगरीय प्रहरी परिसर काठमामाडौंका डीएसपी मोहनबहादुर थापाले जानकारी दिनुभयो।

मृतक रवीन र अभियुक्त दोलखाका रुद्र २ वर्षदेखि सिटी सेन्टरको विग मुभिज ग्रुप फोर कम्पनीमा सेक्युरिटी गार्डका रूपमा काम गर्दै आएका थिए। घटना भएको दिन दुवै जना ड्युटीमा थिए। डीएसपी थापाले *नेपाल समाचारपत्र*सँग भन्नुभयो- 'सिटी सेन्टर बन्द भएपछि मृतक भुजेल र उनकै साथी बस्नेतलाई अत्यधिक मादक पदार्थ लागेको थियो। घाँटी, नाक र मुख थिचेर हत्या भएको सिसी क्यामेराले देखाएको छ। दोषीलाई कर्तव्य ज्यान मुद्दा लाग्नेछ। अझै हामी अनुसन्धानमै छौं।'

एक वर्षदेखि चिनजान भएका दुवैले त्यस दिन मदिरा सेवन गरेको प्रहरी अनुसन्धानमा देखिएको प्रहरीले बताएको छ। उनीहरूले बिहीबार राती ११ बजेसम्म मदिरा खाएको अनुसन्धानमा देखिएको हो। मदिरा खाएपछि रवीनले आफू विदेश जाने योजनामा रहेको कुरा रुद्रलाई सुनाएका थिए। त्यसपछि दुईबीच श्रीमतीको कुरा चलेपछि रवीनले रुद्रलाई श्रीमती छाडेर विदेश जान नहुने सुझाएपछि विवाद भएको खुलेको बुझिएको छ। शुक्रबार बिहान भवनको चौथो तलाबाट खसेको अवस्थामा भुजेलको शव फेला परेको थियो।

### मनोनितविरुद्धको...

राष्ट्रपतिले ओली सरकारले सिफारिस गरेका तीन जनालाई राष्ट्रियसभा सदस्य मनोनित गरेपछि अघिल्लो सरकारले सिफारिस गरेका तीन जना सर्वोच्च गएका थिए। सर्वोच्चले तीन जनाको शपथ रोक्न अन्तरिम आदेश दिएको थियो।

## मेयरद्वारा महिलामैत्री भवनलाई टेलिभिजन उपहार

म्याग्दी, (नेस)

म्याग्दीको बेनी नगरपालिकाका प्रमुख हरिकुमार श्रेष्ठले आइतबार जिल्ला प्रहरी कार्यालय परिसरमा रहेको महिलामैत्री भवनलाई टेलिभिजन सेट सहयोग गरेका छन्। भवनमा आश्रय लिन आउने पीडित महिला तथा बालबालिकालाई लक्षित गर्दै श्रेष्ठले आफ्नी बुहारी प्रमिला जोशी श्रेष्ठमार्फत टेलिभिजन उपलब्ध गराएका हुन्।

प्रमुख श्रेष्ठका बुहारी प्रमिलाले उक्त टेलिभिजन सेट म्याग्दीका प्रहरी नायब उपरीक्षक वसुन्धरा खड्कालाई हस्तान्तरण गरेकी छिन्। २१ हजार रुपियाँ बराबरको २४ इन्चको एलईडी कलर टिभी सहयोग गरिएको प्रमिला जोशीले जानकारी दिइन्। उनका अनुसार विभिन्न हिंसाबाट शिकार भई महिलामैत्री भवनमा आश्रय लिन आउने पीडितहरूको मनोरञ्जनका लागि नगर प्रमुखद्वारा टेलिभिजन सहयोग गरिएको छ।

टेलिभिजन सेट ग्रहण गर्दै प्रनाउ खड्काले महिलामैत्री भवनमा न्याय पाउनका लागि आउने पीडित महिला तथा बालबालिकालाई मनोरञ्जनमा सहयोग पुग्ने अपेक्षा गरिन्। उनले टेलिभिजन सेट सहयोग गरेकामा नगर प्रमुख श्रेष्ठलाई धन्यवाद ज्ञापन गर्दै प्रहरीले न्याय सम्पादन गर्ने ठाउँ घर परिवारको जस्तै वातावरण निर्माणमा पनि धेरै सहयोग पुगेको बताएकी छिन्।

जिल्ला प्रहरी कार्यालय म्याग्दीको परिसरमा हालै मात्र निर्माण गरिएको महिलामैत्री भवनले प्रहरीमा आउने महिलासँग सम्बन्धित घटनाको समस्या समाधानमा सहयोग पुगेको छ। प्रहरीको अगुवाइमा जिल्लास्थित विभिन्न संघसंस्था एवम् व्यक्तिको सहयोगबाट निर्मित भवनमा आश्रयस्थल र गुनासो व्यवस्थापन तथा नागरिक सहायता कक्षसहित दुईवटा कोठा रहेका छन्।

पछिल्लो समय प्रहरी कार्यालयमा आउने उजुरी व्यवस्थापन र पीडित महिला तथा बालबालिकाको व्यवस्थापनका लागि नवनिर्मित महिलामैत्री भवनले ठूलो राहत मिलेको प्रहरीको भनाइ छ। महिला प्रहरी प्रमुख भएर आएपछि म्याग्दीमा महिलासँग सम्बन्धित घटनाका उजुरी र निवेदनको सङ्ख्यामा समेत वृद्धि भएको जनाइएको छ।

## विराटनगरमा बृहत् सरसफाइ अभियान

विराटनगर, (नेस)

विराटनगर महानगरपालिकाको अगुवाइमा दाह्री ग्याङ, युवा अभियान नेपाल, नेपलिज टिन्सलगायत संस्थाको सहयोगमा विराटनगरमा बृहत् सरसफाइ अभियान सञ्चालन गरिएको छ। सडकका पेटी तथा सडकको दायाँबायाँ रहेको फोहोर उठाउने कार्यमा प्रमुख भीम पराजुली र युवाहरू जुटेका थिए। सडकमा पानपराग, गुटखा, कागज तथा प्लास्टिकजन्य फोहरहरू बढीमा मात्रामा भेटिएको थियो।

महागनरपालिकाका नगरप्रहरीहरूसमेत फोहर उठाउने अभियानमा सक्रिय भएका थिए। प्रमुख पराजुलीलगायतका युवाहरूले वि प्लट, मेन रोड, पत्रकार महासंघ, सनसारी माइस्थान तथा जलजला चौकलगायतका सडक पेटी तथा छेउछाउमा रहेका फोहोर संकलन गरेका थिए।

ऐतिहासिक नगरी विराटनगरलाई क्लिन सिटीका रूपमा विकास गर्न अभियान प्रारम्भ भएको हो। महानगरपालिकाले घर वरपर सफा राख्नेलाई करमा छुट दिने व्यवस्था मिलाएको जनाएको छ।

पसलअगाडि उभिएर पराजुलीले फोहोर फाल्नका लागि महानगरपालिकाले मजदुर तथा सवारी साधन परिचालन गरेकाले एकठाउँमा फोहोर जम्मा पार्नसमेत व्यवसायीहरूलाई आग्रह गर्नुभयो। विराटनगर महानगरपालिकामा दैनिक ९० देखि सय टन फोहर उत्पादन हुँदै आएको छ। जसमा १० प्रतिशत अस्पतालजन्य फोहोर हुने गरेको छ।

## नेपाल शिक्षक संघको अधिवेशन शुरू

महोत्तरी, (नेस)

नेपाल शिक्षक संघ महोत्तरीको आठौं अधिवेशन महोत्तरी जिल्लाको गौशालामा शुरू भएको छ। गौशालास्थित त्रिभुवन उच्च माध्यमिक विद्यालयमा आइतबारदेखि शुरू भएको आठौं जिल्ला अधिवेशन शिक्षक संघका कार्यवाहक अध्यक्ष नायडु नेपालीको अध्यक्षता तथा नेपाली कांग्रेसका जिल्ला अध्यक्ष महेन्द्रकुमार रायको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो।

सो अधिवेशनको उद्घाटन सत्रमा विशेष अतिथि रहनुभएका शिक्षक संघका संघीय कार्यवाहक अध्यक्ष विष्णु पाण्डेयले हाम्रो समाजमा आधारभूत आवश्यकता परिपूर्ति गर्न नसक्ने स्थिति भएकाले स्थानीय तहलाई कुनै पनि हालतमा गाभिनु उचित नभएको बताउनुभयो। उहाँले स्थानीय तहका पदाधिकारीलगायत शिक्षकहरूलाई कुनै किसिमको बहानामा झन्झटमा पार्न नहुनेसमेत जानकारी गराउनुभयो।

सो अधिवेशनमा पूर्वसांसद सीताराम भण्डारी, नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष ईश्वरी पौडेल, जिल्ला शिक्षा अधिकारी ठूलोबाबु दाहाल, लोकतान्त्रिक शिक्षक युनियनका अध्यक्ष सुशील चौधरी, फुलबाबु झासहितको उपस्थिति रहेको थियो।

## दुर्घटनामा चालकको मृत्यु

इलाम, (नेस)

मेची राजमार्गअन्तर्गत इलाम नगरपालिका-५ स्थित भित्री सडक खण्डमा आइतबार दिउँसो सवारी दुर्घटना भएको छ। दुर्घटनामा परी चालक इलामगरपालिका-५ का टीका मुखियाको ज्यान गएको छ। अन्य तीन जना घाइते भएका छन्।

घाइते हुनेहरूमा इलामनगरपालिका-४ का चूडामणि मुखिया, सोही ठाउँका ईश्वर मुखिया र मृतक टीका मुखियाका छोरा रिकेश मुखिया छन्। घाइतेमध्ये चूडामणि र ईश्वरको इलाम अस्पतालमा उपचार भइरहेको छ भने बालकको इलाम अस्पतालमा उपचार हुन नसकेपछि थप उपचारका लागि झापा बिर्तामोडको बिर्तासिटी अस्पताल रेफर गरिएको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ।

## शर्मा धरौटीमा रिहा

काठमाडौं, (नेस)। राजस्व अनुसन्धान विभागका निलम्बित महानिर्देशक चूडामणि शर्मा अकुत सम्पत्ति मुद्दामा धरौटीमा रिहा हुनुभएको छ। विशेष अदालतका द्वारिकामान जोशी र चण्डीराज ढकालको संयुक्त इजलासले शर्मालाई धरौटीमा छाड्न आदेश जारी गरेसँगै उहाँ रिहा हुनुभएको हो।

संयुक्त इजलासको उक्त आदेशसँगै आइतबार नै उहाँ ४५ लाख रुपियाँ धरौटी बुझाएर रिहा हुनुभएको हो। शर्मामाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सरकारी पदमा रहँदा अकुत सम्पत्ति आर्जन गरेको अभियोग लगाउँदै माघ १५ गते विशेष अदालतमा मुद्दा दर्ता गरेको थियो।

भ्रष्टाचार गरेको आरोपमा शर्मामाथि अख्तियारले विशेष अदालतमा दोस्रोपल्ट मुद्दा दायर गरेको हो। यसअघि कर फछर्यौट आयोगमा रहँदा आर्थिक अनियमितता गरेको मुद्दामा पनि शर्मा धरौटी बुझाएर रिहा हुनुभएको थियो। दोस्रोपल्टको मुद्दामा अख्तियारले उहाँमाथि ४ करोड २९ लाख बिगो दाबी गरेकोमा ४५ लाख रुपियाँ धरौटीमा रिहा हुनुभएको हो।

सार्वजनिक सेवामा प्रवेश गरेपश्चात् २०७३ मंसिर मसान्तसम्म शर्माले गरेको कुल आर्जनमध्ये ४ करोड २९ लाख ५४ हजार १ सय २४ रुपियाँ बराबरको सम्पत्तिको स्रोत नखुलेको तथा सम्पत्ति विवरण अमिल्दो देखिएको भन्दै अख्तियारले सो बराबरको बिगो दाबी गर्दै मुद्दा दायर गरेको थियो।

## एकतामा शंका नगर्न प्रदेश मन्त्रीको आग्रह

नेपाल समाचारपत्र

राजविराज

प्रदेश नं. २ का भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्रप्रसाद साहले २ नम्बर प्रदेशमा फोरम-राजपाको गठबन्धनमा शंका गर्नुपर्ने ठाउँ नभएको बताएका छन्।

नेपाल पत्रकार महासंघ सप्तरीले आइतबार राजविराजमा आयोजना गरेको सम्मान कार्यक्रममा बोल्दै मन्त्री साहले मधेसको समृद्धिका लागि प्रदेश नं. २ मा फोरम-राजपा सम्मिलित सरकार बन्ने र फोरमले गठबन्धनमा इमानदारिता कायम राख्ने बताए। उनी संघीय समाजवादी फोरम नेपालका राजनीतिक समिति सदस्य पनि हुन्।

उनले संविधान संशोधनको ग्यारेन्टीसहित फोरम संघीय सरकारमा सहभागी हुन लागेको पनि जानकारी दिए। कृषिलाई समयानुकूल परिमार्जित र प्रविधियुक्त बनाउन आफूले सक्दो प्रयास गर्ने प्रतिबद्धता व्यक्त गरे। समयमा बिउ, मल तथा सिँचाइको व्यवस्था मिलाउन नसक्दा पेसागत असुरक्षा बढेको र युवाहरू विदेश पलायन हुनुपरेको बताएका साहले जबसम्म कृषि प्रविधिमा आमूल परिवर्तन र कृषिलाई सम्मानजनक पेसाका रूपमा स्थापित गर्न सकिन्न तबसम्म मधेसको समृद्धि नहुने दाबी पनि गरे।

संघीयताको कार्यान्वयन, तीन चरणका चुनाव र प्रदेश २ मा सरकार गठनपछि विश्वको नजर मधेसमा रहेको बताउँदै मन्त्री साहले अब काम गरेर देखाउनुको विकल्प नरहेको बताए। पत्रकार महासंघ सप्तरीका सदस्यसमेत रहेका साहलाई महासंघ सप्तरीले सम्मान गरेको छ।

महासंघ सप्तरीका अध्यक्ष जितेन्द्र खड्गाको अध्यक्षतामा आयोजित कार्यक्रममा महासंघका केन्द्रीय सदस्य अवधेश झा, महासंघका पूर्वअध्यक्षहरू शिवहरिप्रसाद भट्टराई, वैद्यनाथ झा, धीरेन्द्रप्रसाद साह, महासंघका पूर्वअध्यक्ष तथा संघीय समाजवादी फोरम नेपाल तराई-मधेस प्रादेशीक समितिका मुख्यसचिव शम्भु झा, पत्रकार अनिल अनल, महासंघका उपाध्यक्ष श्यामसुन्दर यादव, सचिव जितेन्द्र झालगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

## माछा मार्न रोक

खोटाङ, (नेस)। खोटाङको 'उभोखोला' भनेर चिनिने खार्मी र पाथेकामा पर्ने ठाडो खोलाहरूमा माछा मार्न रोक लगाइएको छ। उभोखोलाले परिचित दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-११ खार्मी र वडा नम्बर-१० पाथेकाका स्थानीयले स्थानीय खोलाहरूमा माछा मार्न रोक लगाएका हुन्।

पछिल्लो समय करेन्ट तथा विष लगाएर माछा मार्ने क्रम बढेसँगै माछा मार्न पूर्णरूपमा रोक लगाउनुपरेको स्थानीय बताउँछन्।



# अर्थ

निजी क्षेत्रले न्यून गुणस्तरको अलकत्रा आयात गर्ने र त्यसको प्रयोगबाट सडकको गुणस्तर पनि कम हुने भएकाले निगमले आफैं खरिद गर्ने तयारी गरेको हो।

2018, MAR
Monday
5


हिमाल स्टील आजको भाउ

ज्योति

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ८१.३५ | ८०.३५ | ८२.८५ | ८१.८५ | ७८.८५ | ८१.३५ | ८१.१५ | ९०.७२ |
| बीरगंज | ७९.४५ | ७८.४५ | ८०.९४ | ७९.९५ | ७६.९५ | ७९.४४ | ७९.२५ | ८८.९२ |
| विराटनगर | ७९.९५ | ७८.९५ | ८१.४४ | ८०.४५ | ७७.४५ | ७९.९४ | ७९.७५ | ८९.५२ |

• अन्तः शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

RHINO 500D
GUARANTEED DUCTILITY

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरू | राईनो स्टील ८ एम.एम | राईनो स्टील १०-२० एम.एम | राईनो स्टील २५ एम.एम | राईनो स्टील २८-३२ एम.एम |
|---|---|---|---|---|
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ८७।३० | ८४।३० | ८७।३० | ८७।३० |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ८५।७० | ८२।७० | ८५।७० | ८५।७० |
| मलंगवा, जनकपुर, नारायणघाट | ८६।३० | ८३।३० | ८६।३० | ८६।३० |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ८६।३० | ८३।३० | ८६।३० | ८६।३० |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगढी | ८७।३० | ८४।३० | ८७।३० | ८७।३० |
| पोखरा, स्याङजा | ८७।३० | ८४।३० | ८७।३० | ८७।३० |

नोटः उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ।

नेपालमा पहिलो पटक, नेपालकै लागि

Available at : Samakhushi (01-4384786), Sanobharang (9841356008), Satungal (9841687562), Dhumbarai (01-4446169), Sanepa (01-5555259, 01-5525049), Bhaktapur (01-6616205), Banepa (9851054994), NGT (056-570695), Parsa Chitwan (9855055795), Bardibas (044-550702), Birtamode (9842871718), Balkhu (01-4450166, 9851120096), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467), Sallaghari (9851118515), Janakpur (9844104194, 9854020183, 9854026965), Birgunj (9855025151, 9855021918), Sitapaila (9851133746), Kalanki (9851152480), Melamchi (9851058093), Sukute (9851089323), Dharan (9852056372), Biratnagar (9852020186, 9842360444), Itahari (9852020953), Hetauda (9855067550, 9845030450), Sindhuli (9854026965, 9851004153)

SAURABH GROUP
NS: 191
लक्ष्मी स्टील
नेपालमै ग्यारेण्टेड नं. 1 क्वालिटी

श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि.
डिल्लीबजार, गुरुजुको चौर, पो.ब.नं.:- १०७१७, काठमाडौं ।
फोनः ४४२२०३८, ४४२६१४६, ४४१५३४४, फ्याक्सः ९७७-१-४४२१७७९
E-mail: info@shreefinance.com.np

परिवर्तित ब्याजदर

निक्षेप

| क) मुद्दती निक्षेप | बार्षिक ब्याजदर |
|---|---|
| ३ देखि ६ महिने | १०.५०%–११.००%* |
| १ बर्षे | १०.००%–१२.००%* |
| २ बर्षे | १०.००%–११.००%* |
| ३ देखि ४ वर्षे | ९.५०%–१०.००%* |
| ५ वर्ष वा सो भन्दा बढी | आपसी समझदारीमा |

ख) बचत निक्षेप ६.५०%–८.५०%

कर्जा तथा सापट

| | | |
|---|---|---|
| हायर पर्चेज | व्यापारिक/औद्योगिक | आधार दरमा ६.९०% सम्म थप |
| | व्यवसायिक/ब्यक्तिगत सवारीसाधन कर्जा | आधार दरमा ६.९०% सम्म थप |
| | अन्य | आधार दरमा ६.९०% सम्म थप |
| उद्योग, ब्यापार, चालु पूँजी, कृषि तथा वैदेशिक रोजगार | | आधार दरमा ६.५०% सम्म थप |
| स्वउद्यम कर्जा | | आधार दरमा ६.००% सम्म थप |
| रियल स्टेट | व्यापारिक | आधार दरमा ६.९०% सम्म थप |
| | गैर व्यापारिक | आधार दरमा ६.९०% सम्म थप |
| | आवास कर्जा (१ करोड भन्दा माथि) | आधार दरमा ६.९०% सम्म थप |
| व्यक्तिगत आवासिय घर कर्जा (१ करोड सम्म) | | आधार दरमा ६.००% सम्म थप |
| शैक्षिक कर्जा | | आधार दरमा ६.००% सम्म थप |
| शेयर कर्जा | | आधार दरमा ६.९०% सम्म थप |
| सरल कर्जा | | आधार दरमा ६.९०% सम्म थप |
| विपन्न वर्ग कर्जा | संस्थागत | आधार दरमा ४.१९% सम्म थप |
| | ब्यक्तिगत | आधार दरमा ४.९०% सम्म थप |
| मुद्दती रसिद धितो कर्जा | | २.००%–३.००% थप |

*शर्तहरु लागू हुने छन् ।


## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

काठमाण्डौ जिल्ला, वडा न. १६ जन्मस्थान भई हाल काठमाण्डौ जिल्ला, चावहिल न.पा वडा न. ६ बस्ने प्रेम प्रसाद भट्टराई को नाति, राम प्रसाद भट्टराई को छोरा, रेणु गौतम भट्टराई को पति, ५६ वर्ष को सुनिल कुमार भट्टराई ना.प्र.न. ५५४३/७०१२ जारी मिति २०३४/०३/१७ , जारी गर्ने कार्यालय जि.प्र.का. काठमाण्डौ को यहि मिति २०७४/०८/३० गते मृत्यु भएकाले यस बैंकमा रहेको निज मृतकको बचत खाता नं. ०४७१०१०८२४००१८ र मुद्दती खाता नं. MM1723900012 मा भएको रकम भुक्तानी पाउँ भनी निज मुतकका श्रीमती रेणु गौतम भट्टराई ले यस बैंक समक्ष निवेदन दिनु भएको हुदां निज खातावालाको नाममा यस बैंकमा रहेको रकममा कसैको हकदावी भए बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ को दफा १११ बमोजिमका हकदारहरुले यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदावीको सबूत प्रमाण सहित यस बैंकको चावहिल शाखा कार्यालयमा हकदावी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ बमोजिम भई जाने हुदा यो सुचना प्रकाशित गरिएको छ । रित पुर्वक उल्लेखित म्याद भित्र दाबी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सुचनाबाट सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

सिभिल बैंक लिमिटेड
CIVIL BANK LTD.
Thinking forward Moving forward
SWIFT: CIVLNPKA

शाखा कार्यालय, चावहिल, चुच्चेपाटि
फोनं. ४४९९३००, ४४९००२८

# अलकत्रा आयात गर्दै आयल निगम

**नेपाल समाचारपत्र**
काठमाडौं

भारतबाट पेट्रोलियम पदार्थको आयात गर्दै आएको नेपाल आयल निगमले अलकत्रा (बिटुमिन) आयात गर्नको लागि प्रक्रिया थालेको छ। निगमले हाल पेट्रोलियम पदार्थ आयात गरिरहेको भारतीय सरकारी कम्पनी इन्डियन आयल कर्पोरेसन (आइओसी) बाट गुणस्तरीय बिटुमिन आयात गर्न लागेको हो।

बिटुमिन व्यापारका लागि बजारको मोटालिटी र आर्थिक सम्भाव्यता अध्ययन गर्न निगमले ३ सदस्यीय कार्यदल गठन गरेको निगमका निमित्त कार्यकारी प्रमुख सुशील भट्टराईले जानकारी दिनुभयो। कार्यदलमा निगमका निमित्त नायब कार्यकारी निर्देशक नागेन्द्र साहको संयोजकत्वमा अर्थ शाखा प्रमुख रवीनचन्द्र अधिकारी र आपूर्ति वितरण विभाग प्रमुख वीरेन्द्र गोइत सदस्य रहेका छन्। कार्यदलले बजारको सम्भाव्यता अध्ययन गरी अहिले कुन प्रक्रियाबाट कति परिमाणमा बजार आवश्यकता छ र आगामी दिनमा व्यापारलाई कसरी अगाडि बढाउन सकिन्छ भन्ने कुराको अध्ययन गरेर १ महिनामा प्रतिवेदन बुझाउने छ।

हाल निजी क्षेत्रबाट आयातित अलकत्राबाट सडकलगायत पूर्वाधार निर्माणको काम भइरहेको छ। निजी क्षेत्रले न्यून गुणस्तरको अलकत्रा आयात गर्ने र त्यसको प्रयोगबाट सडकको गुणस्तर पनि कम हुने भएकाले निगमले आफैं खरिद गर्ने तयारी गरेको हो। सरकारी स्वामित्वको संस्थानबाट आयात गर्दा गुणस्तर कायम गर्न सजिलो हुने देखिन्छ। सडकमा र विमानस्थलको रनवेमा अलकत्राको प्रयोग हुने गरेको छ।

अलकत्रा खरिदका लागि निगमले आईओसीसँग प्रस्ताव गरिसकेको छ। सरकारी आयोजना निर्माणका लागि आवश्यक पर्ने अलकत्रा निगममार्फत् नै खरिद गर्नुपर्ने गरी मापदण्ड बनाएर अघि बढ्दा आफ्नो बजार बिस्तारका लागि सजिलो हुने निगमको भनाइ छ। नेपालको सडक स्तरोन्नती र विमानस्थलको निर्माण द्रुत गतिमा भइरहेकाले गुणस्तरीय अलकत्राको व्यापारमा सरकारी आयोजनाले सघाउनुपर्ने भट्टराईले बताउनुभयो। निगमले काठमाडौं तराई द्रुतमार्ग (एक्सप्रेस वे) निर्माणका लागि चाहिने अलकत्रा आयातका लागि छलफल भइरहेको जनाएको छ। ठूला आयोजनाबाट निगमसँग अलकत्रा आयातको लागि माग भएमा आफू ल्याउन तयार रहेको भट्टराईको भनाइ छ। हाल निर्माणको चरणमा रहेका आयोजनाका लागि सडक विभागबाटै अलकत्रा ल्याउन प्रस्ताव आए गुणस्तरयुक्त बिटुमिन ल्याउन सकिने उहाँले बताउनुभयो। निर्माण भइरहेका र निर्माण हुने आयोजनाबाट आवश्यक पर्ने बिटुमिनको अनुमानको परिमाण निगमसँग माग भएमा आयातका लागि सहज हुने भट्टराईको विश्वास छ।

प्रशोधनपछि निकालिएको पेट्रोलियम पदार्थको बाँकी भाग नै अलकत्रा हो। हाल नेपालमा आयत हुने अलकत्रा भारतलगायत तेस्रो मुलुकबाट आयात हुने गरेको छ। करिब २५ वर्ष पहिले निगमले 'बिटुमिन डायल कम्पनी'को स्थापना गरी कलकत्राको व्यापार गर्ने तयारी गरे पनि तत्कालीन सरकारले सो उद्योग बिक्री गरेको थियो। निगमले २५ वर्षपछि पुनः बिटुमिन आयातको लागि प्रक्रिया थालेको हो।


नेपालकै एक मात्र
यूरोपियन भि आर एम मेसिनबाट उत्पादित
सर्वोत्तम सिमेन्ट
सर्वोत्तम भविष्य
OPC PSC
EXTRA FINE CEMENT
VRM TECHNOLOGY


## 'असल औद्योगिक सम्बन्धका लागि सरकार तयार'

काठमाडौं, (नेस)

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री मातृकाप्रसाद यादवले उद्योग धन्दाको विकासबिना समृद्धिको कल्पना कोरा कल्पना मात्र हुने हुँदा उत्पादनमूलक एवम् सेवा क्षेत्रको उद्योगको विकासको लागि असल औद्योगिक सम्बन्धको आवश्यकता सरकार, उद्यमी र श्रमिकबीच रहनुपर्ने आवश्यकतामा जोड दिनुभएको छ। मन्त्री यादवले उक्त कुरा नेपाल उद्योग परिसंघको प्रतिनिधिमण्डलसँगको भेटमा व्यक्त गर्नुभएको हो।

> मुलुकको समग्र आर्थिक विकास हासिल गर्न आवश्यक औद्योगिकीकरण,उपभोक्ताहरूको हितको लागि माल वस्तु सहज, सरल र नियमित आपूर्ति हुनुपर्ने र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयअर्न्तगतका क्रियाकलापलाई एकीकृत योजना बनाई कार्यान्वयन गर्ने मन्त्री यादवको भनाइ छ।

मुलुकको समग्र आर्थिक विकास हासिल गर्न आवश्यक औद्योगिकीकरण,उपभोक्ताहरूको हितको लागि माल वस्तु सहज, सरल र नियमित आपूर्ति हुनुपर्ने र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयअर्न्तगतका क्रियाकलापलाई एकीकृत योजना बनाई कार्यान्वयन तीव्रताका साथ गरिनेमा आफू दृढ संकल्पित रहेको बताउँदै आर्थिक क्षेत्रको तीव्र विकास एवं सुशासनको प्रत्याभूति दिन भ्रष्टाचारमा शून्य सहनशीलता अपनाउने बताउनुभयो। उद्यमीले मजदूरसँगको सम्बन्ध राम्रो राख्दै सरकार उद्यमी व्यवसायीसँग सहकार्य गर्न सदा तत्पर रहेको र यसमा निजी क्षेत्रको सहयोग आवश्यक रहेको र त्यस्तो सहयोग, सहकार्यको अपेक्षा सरकारले गरेको उहाँको भनाइ थियो।

सो अवसरमा नेपाल उद्योग परिसंघका अध्यक्ष हरिभक्त शर्माले औद्योगिक क्षेत्रको विकास एवम् उत्थानको लागि सरकारसँग सहकार्य गर्न निजी क्षेत्रले सरकारलाई अभिभावकको रूपमा हेरेको र सरकार यो प्रक्रियामा चालक भएर निजी क्षेत्र त्यसको प्रभावकारी इन्जिन हुन तयार रहेको बताउनुभयो।

छिमेकी मुलुकले उद्योग, वाणिज्य र आपूर्ति व्यवस्थापन क्षेत्रमा गरेको तीव्र तर आर्थिक विकासबाट नेपालले पनि लाभ लिनुपर्ने भन्दै वाणिज्य क्षेत्रमा द्विपक्षीय, क्षेत्रीय र अन्तर्राष्ट्रिय व्यापार विस्तार भई निकासी प्रवर्द्धन र व्यापारघाटा उल्लेखनीय घटाउन परिसंघ सहकार्य गर्न तयार रहेको बताउनुभयो।

## निर्बाध व्यवसाय सञ्चालन गर्ने वातवारण बनाइदिन माग

काठमाडौं, (नेस)

सुनचाँदी व्यवसायीले निर्वाधरूपमा आफ्नो पेशा व्यवसाय सञ्चालन गर्न सक्ने वातवारण निर्माण गर्न सरकारसँग माग गरेका छन्। नेपाल सुनचाँदी व्यवसायी महासंघको पाँचौं स्थापना दिवसका अवसरमा आइतबार महासंघले आयोजना गरेको कार्यक्रममा सहभागी सुनचाँदी व्यवसायीले यस्तो माग गरेका हुन्।

कानुनी प्रावधानको पालना गरेर व्यवसाय गर्दा पनि अनावश्यकरूपमा व्यवसायीलाई दुःख दिने, कच्चा पदार्थको अभाव हुने, बिलबिजक लिएर सुनचाँदीको कारोबार गर्दा पनि अनावश्यक दुःख दिइने, व्यवसायीलाई हेयको दृष्टिले हेर्न जस्ता कार्य गरिँदै आएको भन्दै तत्काल त्यस्ता कार्य बन्द गर्न सरकारसँग व्यवसायीहरूको माग छ।

स्थापना दिवसका अवसरका आयोजित कार्यक्रममा महासंघका अध्यक्ष मोहनकुमार सुनारले व्यावसायिक हक, हित र अधिकारको संरक्षणका लागि सबै व्यवसायी एकजुट भएर लाग्नुपर्ने खाँचो औंल्याउनुभयो। व्यावसायिक हक अधिकारको सुनिश्चिततका लागि काम भइरहेको उल्लेख गर्दै उहाँले कामको दौरानमा नीतिगत व्यवस्था गर्नमा सरकार परिवर्तनले केही ढिलाई भएको भन्दै आगामी दिनमा त्यसलाई शीघ्र निश्कर्षमा पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्नुभयो।

महासंघका वरिष्ठ उपाध्यक्ष माणिकरत्न शाक्यले व्यावसायिक वातवारण बिग्रँदै गएकाले कसरी व्यवसाय गर्ने भन्ने चिन्ता बढ्दै गएको बताउनुभयो

YAK & YETI HOTEL KATHMANDU

## याक एण्ड यति होटल लिमिटेडको ४१ औ (एकचालिसौं) साधारण सभा बोलाएको बारे सूचना !

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस कम्पनीको ४१ औ बार्षिक साधारण सभा यहि मिति २०७४ साल चैत १३ गते तद्नुसार मार्च २७ , २०१८ मंगलबारको दिन अपरान्ह ३ बजे कम्पनीको रजिष्टर्ड कार्यालय, लालदरबार, दरबारमार्ग, काठमाडौंमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय लिनका लागि बस्ने भएकोले शेयरधनी महानुभावहरुको उपस्थितिको लागि सादर अनुरोध गर्दछौं ।

**सभामा छलफल र निर्णयका लागि प्रस्तुत हुने प्रस्तावहरु :**

१) संचालक समितिले पेश गरेको आर्थिक वर्ष ०७३।०७४(२०१६।१७) को प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२) लेखा परीक्षकको प्रतिवेदन सहितको २०७४ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आर्थिक वर्ष २०७३।०७४ (तद्नुसार सन् २०१६।१७) को आय विवरण र नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने ।
३) कम्पनीको आर्थिक वर्ष २०७४।०७५(तद्नुसार सन् २०१७।१८) को लेखा परीक्षण गर्नको लागि लेखा परीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।
४) अध्यक्षज्यूको अनुमतिले विविध विषयमा छलफल गर्ने ।

**संचालक समितिको आज्ञाले**
**विश्व रत्न शाक्य**
**कम्पनी सचिव**

**द्रष्टव्य :**

१) सभामा स्वयम् उपस्थित हुन असमर्थ शेयरधनीहरुले कम्पनीको शेयरधनीहरु मध्ये कसैलाई प्रोक्सी फाराम रित्तपूर्वक आफ्नो प्रतिनिधि मुकरर गरी सभामा भाग लिन लगाउन सक्नु हुनेछ ।तर उक्त प्रोक्सी फाराम सभा हुने कम्तीमा ४८ घण्टा अगावै कम्पनीको मुख्य कार्यालयमा दाखिला गराई सक्नु पर्नेछ ।
२) शेयरवालाहरुको दर्ता किताब मिति २०७४।११।१२ देखि ४१ औं बार्षिक साधारण सभा सम्पन्न नभएसम्म बन्द रहनेछ ।

**संलग्न कागजातहरु :**

१. प्रोक्सी फाराम ।
२. आर्थिक वर्ष २०७३।०७४ को संचालक समितिको प्रतिवेदन ।
३. लेखा परीक्षकको प्रतिवेदन ।
४. आर्थिक वर्ष २०७३/०७४ को वासलात, आय विवरण र नगद प्रवाह विवरण ।

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७४ फागुन २१, मार्च ५, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रू. | १०३।९८ | १०४।५८ |
| युरो १ को रू. | १२८।०८ | १२८।८२ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४३।५६ | १४४।३९ |
| स्विस फ्रन्क १ को रू. | ११०।८३ | १११।४७ |
| अस्ट्रेलियन डलर १ को रू. | ८०।७८ | ८१।२४ |
| क्यानाडियन डलर १ को रू. | ८०।७३ | ८१।२० |
| सिङ्गापुर डलर १ को रू. | ७८।७९ | ७९।२५ |
| जापानी यन १० को रू. | ९।८३ | ९।८९ |
| चिनियाँ युआन १ को रू. | १६।३९ | १६।४८ |
| साउदी अरब रियाल १ को रू. | २७।७३ | २७।८९ |
| कतारी रियाल १ को रू. | २८।५६ | २८।७२ |
| थाई भाट १ को रू. | ३।३१ | ३।३३ |
| सं. अरब इमिरट दिराम १ को रू. | २८।३१ | २८।४७ |
| मलसियन रिङ्गिट १ को रू. | २६।६४ | २६।७९ |
| दक्षिण कारियन वन १०० को रू. | ९।६३ | ९।६९ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।६१ |
| डेनिस क्रानर १ का रू. | १७।२० |
| हङकङ डलर १ का रू. | १३।२८ |

नोट : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

## SHARE MARKET

**4 MARCH SUNDAY, 2018**

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 16726.00 | 330.00 | 325.00 | 328.00 | -6.00 |
| 2 | Api Power Company Ltd. | 1427.00 | 370.00 | 337.00 | 367.00 | -2.00 |
| 3 | Arun Finance Limited | 240.00 | 151.00 | 146.00 | 146.00 | -7.00 |
| 4 | Arun Kabeli Power Ltd. | 3241.00 | 285.00 | 261.00 | 273.00 | -17.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 5231.00 | 182.00 | 170.00 | 172.00 | -13.00 |
| 6 | Asian Life Insurance Co. Limited | 2044.00 | 805.00 | 745.00 | 759.00 | -46.00 |
| 7 | Bank of Kathmandu Ltd. | 16285.00 | 368.00 | 352.00 | 360.00 | -6.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 110.00 | 178.00 | 176.00 | 178.00 | -1.00 |
| 9 | Best Finance Company Ltd. | 678.00 | 121.00 | 121.00 | 121.00 | 0.00 |
| 10 | Bishal Bazar Company Limited | 120.00 | 1874.00 | 1687.00 | 1687.00 | -187.00 |
| 11 | Bottlers Nepal (Terai) Limited | 130.00 | 6533.00 | 6275.00 | 6275.00 | -391.00 |
| 12 | Butwal Power Company Limited | 1674.00 | 528.00 | 498.00 | 507.00 | -11.00 |
| 13 | Century Commercial Bank Ltd. | 19914.00 | 181.00 | 172.00 | 179.00 | -5.00 |
| 14 | Chhimek Laghubitta Bikas Bank Limited | 5551.00 | 979.00 | 927.00 | 940.00 | -40.00 |
| 15 | Chilime Hydropower Company Limited | 8077.00 | 811.00 | 785.00 | 792.00 | -33.00 |
| 16 | Citizen Bank International Limited | 10325.00 | 267.00 | 256.00 | 264.00 | -6.00 |
| 17 | Citizen Investment Trust | 1781.00 | 3275.00 | 3155.00 | 3200.00 | -125.00 |
| 18 | Civil Bank Ltd | 29777.00 | 160.00 | 152.00 | 155.00 | -6.00 |
| 19 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 50.00 | 770.00 | 770.00 | 770.00 | -15.00 |
| 20 | Deprosc Development Bank Limited | 1814.00 | 795.00 | 766.00 | 787.00 | -24.00 |
| 21 | Deva Bikas Bank Limited | 10498.00 | 149.00 | 138.00 | 141.00 | -8.00 |
| 22 | Dibyashwori Hydropower Ltd. | 22.00 | 132.00 | 132.00 | 132.00 | -2.00 |
| 23 | Everest Bank Limited | 21092.00 | 790.00 | 760.00 | 770.00 | -33.00 |
| 24 | Everest Insurance Co. Ltd. | 160.00 | 1450.00 | 1400.00 | 1400.00 | -67.00 |
| 25 | Excel Development Bank Ltd. | 660.00 | 350.00 | 342.00 | 342.00 | -11.00 |
| 26 | First Micro Finance Dev. Bank Ltd. | 9568.00 | 545.00 | 515.00 | 535.00 | -21.00 |
| 27 | Forward Com. Mic. Bittiya San. Ltd. | 1840.00 | 2020.00 | 1904.00 | 1980.00 | -73.00 |
| 28 | Gandaki Bikas Bank Limited | 5364.00 | 227.00 | 220.00 | 220.00 | -11.00 |
| 29 | Garima Bikas Bank Limited | 14483.00 | 186.00 | 178.00 | 178.00 | -11.00 |
| 30 | Global IME Bank Limited | 42240.00 | 318.00 | 306.00 | 311.00 | -8.00 |
| 31 | Global IME Laghubitta Bittiya Sanstha Ltd. | 10.00 | 1299.00 | 1299.00 | 1299.00 | -26.00 |
| 32 | Gurans Life Insurance Company Ltd. | 4500.00 | 834.00 | 767.00 | 780.00 | -70.00 |
| 33 | Gurkhas Finance Ltd. | 9470.00 | 128.00 | 121.00 | 124.00 | -6.00 |
| 34 | Hamro Bikas Bank Ltd. | 3850.00 | 147.00 | 143.00 | 143.00 | -7.00 |
| 35 | Himalayan Bank Limited | 3676.00 | 625.00 | 605.00 | 610.00 | -27.00 |
| 36 | Himalayan Distillery Limited | 1035.00 | 1118.00 | 1026.00 | 1026.00 | -114.00 |
| 37 | Himalayan General Insurance Co. Ltd | 7564.00 | 462.00 | 443.00 | 450.00 | -17.00 |
| 38 | Himalayan Power Partner Ltd. | 3475.00 | 335.00 | 315.00 | 317.00 | -17.00 |
| 39 | ICFC Finance Limited | 4083.00 | 202.00 | 192.00 | 192.00 | -7.00 |
| 40 | IME General Insurance Ltd. | 1220.00 | 915.00 | 865.00 | 897.00 | -25.00 |
| 41 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 23142.00 | 161.00 | 150.00 | 157.00 | -6.00 |
| 42 | Janaki Finance Ltd. | 1030.00 | 166.00 | 162.00 | 162.00 | -6.00 |
| 43 | Janata Bank Nepal Ltd. | 33794.00 | 173.00 | 158.00 | 165.00 | -5.00 |
| 44 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 203.00 | 2730.00 | 2620.00 | 2620.00 | -160.00 |
| 45 | Jebils Finance Ltd. | 1.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| 46 | Jyoti Bikas Bank Limited | 3455.00 | 152.00 | 145.00 | 147.00 | -7.00 |
| 47 | Kabeli Bikas Bank Limited | 5.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| 48 | Kailash Bikas Bank Ltd. | 1063.00 | 231.00 | 225.00 | 231.00 | -2.00 |
| 49 | Kalika Microcredit Development Bank Ltd. | 170.00 | 1264.00 | 1192.00 | 1192.00 | -48.00 |
| 50 | Kamana Sewa Bikas Bank Limited | 16652.00 | 160.00 | 153.00 | 157.00 | -1.00 |
| 51 | Kankai Bikas Bank Ltd. | 910.00 | 147.00 | 141.00 | 143.00 | -3.00 |
| 52 | Karnali Development Bank Limited | 650.00 | 129.00 | 125.00 | 125.00 | -4.00 |
| 53 | Khanikhola Hydropower Co. Ltd. | 52.00 | 130.00 | 129.00 | 129.00 | -2.00 |
| 54 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 315.00 | 1412.00 | 1329.00 | 1330.00 | -110.00 |
| 55 | Kumari Bank Limited | 53580.00 | 265.00 | 256.00 | 260.00 | -8.00 |
| 56 | Lalitpur Finance Ltd. | 88.00 | 161.00 | 161.00 | 161.00 | -3.00 |
| 57 | Laxmi Bank Limited | 16640.00 | 252.00 | 240.00 | 241.00 | -16.00 |
| 58 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 984.00 | 1200.00 | 1130.00 | 1175.00 | -25.00 |
| 59 | Life Insurance Co. Nepal | 4969.00 | 1760.00 | 1700.00 | 1700.00 | -80.00 |
| 60 | Lumbini Bikas Bank Ltd. | 16992.00 | 158.00 | 151.00 | 152.00 | -8.00 |
| 61 | Lumbini General Insurance Co. Ltd. | 5838.00 | 545.00 | 515.00 | 530.00 | -26.00 |
| 62 | Machhapuchhre Bank Limited | 10281.00 | 242.00 | 230.00 | 236.00 | -10.00 |
| 63 | Mahalaxmi Bikas Bank Ltd. | 3794.00 | 182.00 | 173.00 | 179.00 | -6.00 |
| 64 | Mahuli Samudayik Lag. Sanstha Ltd. | 479.00 | 2653.00 | 2499.00 | 2510.00 | -195.00 |
| 65 | Mero Microfinance Bittiya Sanstha Ltd. | 2391.00 | 1245.00 | 1160.00 | 1200.00 | -70.00 |
| 66 | Mirmire Microfinance Dev. Bank Ltd. | 632.00 | 2652.00 | 2600.00 | 2620.00 | -86.00 |
| 67 | Miteri Development Bank Limited | 130.00 | 275.00 | 270.00 | 270.00 | -10.00 |
| 68 | Mithila LaghuBitta Bikas Bank Ltd. | 40.00 | 934.00 | 916.00 | 916.00 | -37.00 |
| 69 | Muktinath Bikas Bank Ltd. | 16889.00 | 417.00 | 403.00 | 416.00 | -3.00 |
| 70 | Nabil Balance Fund 1 | 82662.00 | 16.25 | 15.93 | 15.93 | -0.42 |
| 71 | Nabil Bank Limited | 13490.00 | 1045.00 | 1022.00 | 1034.00 | -26.00 |
| 72 | NABIL Bank Limited Promotor Share | 7388.00 | 850.00 | 818.00 | 826.00 | -9.00 |
| 73 | Nabil Equity Fund | 5404.00 | 9.70 | 9.60 | 9.60 | -0.10 |
| 74 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 309.00 | 2225.00 | 2133.00 | 2133.00 | -137.00 |
| 75 | National Hydro Power Company Limited | 18573.00 | 106.00 | 102.00 | 102.00 | -3.00 |
| 76 | National Life Insurance Co. Ltd. | 1953.00 | 1359.00 | 1290.00 | 1300.00 | -67.00 |
| 77 | National Microfinance Bittiya Sanstha Ltd. | 524.00 | 2061.00 | 1975.00 | 2000.00 | -96.00 |
| 78 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 10.00 | 2108.00 | 2108.00 | 2108.00 | -42.00 |
| 79 | Neco Insurance Co. Ltd. | 5929.00 | 554.00 | 535.00 | 546.00 | -18.00 |
| 80 | Nepal Bangladesh Bank Limited | 18711.00 | 242.00 | 229.00 | 242.00 | -1.00 |
| 81 | Nepal Bank Limited | 82056.00 | 340.00 | 329.00 | 336.00 | -6.00 |
| 82 | Nepal Community Dev. Bank Ltd. | 1070.00 | 140.00 | 139.00 | 139.00 | -3.00 |
| 83 | Nepal Credit And Com. Bank Limited | 35338.00 | 300.00 | 290.00 | 297.00 | -9.00 |
| 84 | Nepal Doorsanchar Comapany Limited | 12975.00 | 745.00 | 721.00 | 739.00 | -9.00 |
| 85 | Nepal Grameen Bikas Bank Ltd. | 4595.00 | 600.00 | 555.00 | 578.00 | -32.00 |
| 86 | Nepal Hydro Developers Ltd. | 170.00 | 199.00 | 196.00 | 196.00 | -7.00 |
| 87 | Nepal Insurance Co. Ltd. | 4193.00 | 1130.00 | 1017.00 | 1057.00 | -73.00 |
| 88 | Nepal Investment Bank Limited | 23967.00 | 665.00 | 650.00 | 652.00 | -16.00 |
| 89 | Nepal Investment Bank Ltd. Pro. Share | 32526.00 | 580.00 | 564.00 | 580.00 | 0.00 |
| 90 | Nepal Life Insurance Co. Ltd. | 19666.00 | 1770.00 | 1716.00 | 1719.00 | -56.00 |
| 91 | Nepal SBI Bank Limited | 5199.00 | 555.00 | 535.00 | 548.00 | -15.00 |
| 92 | Nerude Laghubita Bikas Bank Limited | 1599.00 | 695.00 | 642.00 | 665.00 | -44.00 |
| 93 | NIBL Pragati Fund | 8333.00 | 9.40 | 9.15 | 9.15 | -0.25 |
| 94 | NIBL Samriddhi Fund 1 | 2000.00 | 11.07 | 11.07 | 11.07 | -0.23 |
| 95 | NIC Asia Bank Ltd. | 18341.00 | 340.00 | 331.00 | 334.00 | -8.00 |
| 96 | Nirdhan Utthan Bank Limited | 2961.00 | 1120.00 | 1085.00 | 1106.00 | -34.00 |
| 97 | NLG Insurance Company Ltd. | 1734.00 | 902.00 | 850.00 | 855.00 | -65.00 |
| 98 | NMB Microfinance Bittiya Sanstha Ltd. | 371.00 | 1598.00 | 1539.00 | 1539.00 | -91.00 |
| 99 | NMB Bank Limited | 10971.00 | 450.00 | 424.00 | 440.00 | -15.00 |
| 100 | NMB Hybrid Fund L-1 | 10322.00 | 9.61 | 9.60 | 9.60 | -0.20 |
| 101 | NMB Sulav Investment Fund-1 | 27610.00 | 12.31 | 12.25 | 12.25 | -0.30 |
| 102 | Om Development Bank Ltd. | 3809.00 | 187.00 | 180.00 | 187.00 | -3.00 |
| 103 | Oriental Hotels Limited | 1205.00 | 650.00 | 650.00 | 650.00 | 0.00 |
| 104 | Pokhara Finance Ltd. | 160.00 | 154.00 | 151.00 | 153.00 | -4.00 |
| 105 | Prabhu Bank Limited | 42295.00 | 224.00 | 214.00 | 217.00 | -10.00 |
| 106 | Prabhu Insurance Ltd. | 9447.00 | 729.00 | 674.00 | 685.00 | -44.00 |
| 107 | Premier Insurance Co. Ltd. | 3520.00 | 1128.00 | 1069.00 | 1110.00 | -41.00 |
| 108 | Prime Commercial Bank Ltd. | 13268.00 | 300.00 | 291.00 | 295.00 | -7.00 |
| 109 | Prime Life Insurance Company Limited | 3413.00 | 655.00 | 602.00 | 620.00 | -12.00 |
| 110 | ProgressiveFinance Limited | 1650.00 | 190.00 | 181.00 | 181.00 | -12.00 |
| 111 | Prudential Insurance Co. Ltd. | 1250.00 | 712.00 | 700.00 | 700.00 | -12.00 |
| 112 | Purnima Bikas Bank Ltd. | 1556.00 | 201.00 | 198.00 | 198.00 | -4.00 |
| 113 | Rastriya Beema Company Limited | 882.00 | 11770.00 | 11110.00 | 11275.00 | -732.00 |
| 114 | Rastriya Beema Company Ltd Pro. Share | 1374.00 | 11662.00 | 10979.00 | 11030.00 | -870.00 |
| 115 | Reliance Finance Ltd. | 1556.00 | 128.00 | 126.00 | 126.00 | -4.00 |
| 116 | Ridi Hydropower Dev. Company Ltd. | 4571.00 | 138.00 | 130.00 | 130.00 | -8.00 |
| 117 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 2859.00 | 804.00 | 751.00 | 765.00 | -55.00 |
| 118 | Rural Microfinance Dev. Centre Ltd. | 1921.00 | 625.00 | 610.00 | 612.00 | -25.00 |
| 119 | Sagarmatha Insurance Co. Ltd. | 2692.00 | 1315.00 | 1261.00 | 1261.00 | -45.00 |
| 120 | Sahayogi Bikas Bank Limited | 1424.00 | 199.00 | 191.00 | 191.00 | -12.00 |
| 121 | Sana Kisan Bikas Bank Ltd | 210.00 | 1184.00 | 1116.00 | 1160.00 | -24.00 |
| 122 | Sanima Bank Limited | 51360.00 | 357.00 | 344.00 | 350.00 | -10.00 |
| 123 | Sanima Equity Fund | 10900.00 | 10.00 | 9.85 | 10.00 | -0.05 |
| 124 | Sanima Mai Hydropower Ltd. | 19935.00 | 360.00 | 342.00 | 346.00 | -19.00 |
| 125 | Saptakoshi Development Bank Ltd. | 168.00 | 131.00 | 129.00 | 131.00 | 0.00 |
| 126 | Shangrila Development Bank Ltd. | 1368.00 | 179.00 | 167.00 | 168.00 | -12.00 |
| 127 | Shikhar Insurance Co. Ltd. | 4008.00 | 1092.00 | 1061.00 | 1090.00 | -23.00 |
| 128 | Shine Resunga Development Bank Ltd. | 1810.00 | 285.00 | 275.00 | 279.00 | -8.00 |
| 129 | Shree Investment Finance Co. Ltd. | 1171.00 | 225.00 | 217.00 | 221.00 | -8.00 |
| 130 | Shrijana Finance (Bittaya Sanstha) | 20.00 | 283.00 | 278.00 | 278.00 | -10.00 |
| 131 | Siddhartha Bank Limited | 16221.00 | 306.00 | 298.00 | 300.00 | -12.00 |
| 132 | Siddhartha Equity Fund | 5000.00 | 9.45 | 9.26 | 9.26 | -0.21 |
| 133 | Siddhartha Equity Orineted Scheme | 92445.00 | 11.82 | 11.55 | 11.55 | -0.30 |
| 134 | Siddhartha Insurance Ltd. | 3430.00 | 824.00 | 808.00 | 808.00 | -32.00 |
| 135 | Soaltee Hotel Limited | 3543.00 | 252.00 | 245.00 | 245.00 | -7.00 |
| 136 | Standard Chartered Bank Limited | 10099.00 | 935.00 | 890.00 | 900.00 | -40.00 |
| 137 | Summit Micro Finance Dev. Bank Ltd. | 2990.00 | 1014.00 | 931.00 | 931.00 | -83.00 |
| 138 | Sunrise Bank Limited | 12708.00 | 250.00 | 241.00 | 247.00 | -7.00 |
| 139 | Surya Life Insurance Company Limited | 2646.00 | 814.00 | 730.00 | 765.00 | -35.00 |
| 140 | Suryodaya Laghubitta Bittiya Sanstha Ltd. | 20.00 | 1084.00 | 1063.00 | 1084.00 | 41.00 |
| 141 | Swabalamban Bikas Bank Limited | 3840.00 | 1244.00 | 1187.00 | 1244.00 | 0.00 |
| 142 | Swadeshi Laghubitta Bittiya Sanstha Ltd. | 11.00 | 383.00 | 383.00 | 383.00 | 7.00 |

Total Amount Rs. 483,967,506 Total Quantity 1,311,948 Total No of Transactions 5,943

अघिल्लो साता समग्रमा ४० अंकले घटेको बजार साताको पहिलो दिन नै उक्त अंकले घटेको हो। ५० अंकभन्दा धेरै घटेको भए पनि कारोबार बन्द हुने बेला सुधार भएर ४१ अंकको गिरावटमा रोकिएको हो।

## PRESS RELEASE

### वृज सिमेन्टद्वारा सहयोग

काठमाडौं, (नेस)




केडिया अर्गनाईजेसनअन्तर्गतको वृज सिमेन्ट इण्डष्ट्रिज प्रालि ललितपुरको कानदेवताथानमा रहेको गुरुद्वारा गुरुनानक सत्संग समितिलाई ४ लाख रुपियाँ बराबरको सिमेन्ट सहयोग गरेको छ। उक्तगुरुद्वारा गुरुनानक सत्संग समितिले विभिन्न देशबाट नेपालका धार्मिक तीर्थस्थलहरूमा दर्शन एवम् पूजा गर्न आउने भक्तजनलाई बसोबासको लागि गुरुद्वाराले धर्मशाला निर्माण शुरू गरेको हो।

उक्त भवन २४ कोठाको हुनेछ भने यहाँ बस्न आउने भक्तजन तथा तिर्थालुलाई गुरुद्वारले नि:शुल्क खाना र बस्नको व्यवस्था गर्नेछ। यो गुरुद्वार पंजावीहरूको गुरु, गुरुनानको नाममा खोलिएको हो।

वृज सिमेन्ट उद्योगले पोर्टल्यान्ड पोजोलाना सिमेन्ट (पीपीसी), साधारण पोर्टल्याण्ड सिमेन्ट (ओपीसी) र पोर्टल्यान्ड स्लाग सिमेन्ट (पीएससी) सिमेन्ट उत्पादन गरी बिक्री वितरण गर्दै आइरहेको छ। कम्पनीले साधारण पोर्टल्यान्ड सिमेन्ट (ओपीसी) मा वृज सुपर प्रिमियम र शंकर शक्ति उत्पादन गर्दछ भने, पीपीसी सिमेन्टअन्तर्गत वृज, जम्वो, लक्ष्मी, वृज गोल्ड, वृज सुपरकिंग्स र स्मार्ट सिमेन्ट ब्रान्ड उत्पादन गर्दछ ।

### नेपाल इन्भेष्टमेन्ट बैंकको शाखा स्थानान्तरण



काठमाडौं, (नेस)

नेपाल इन्भेष्टमेन्ट बैंकले रूपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका-५ स्थित भैरहवा शाखा कार्यालयलाई सोही नगरपालिकाको नारायणपथमा नवनिर्मित भवनमा स्थानान्तरण गरेको छ। बैंकले हाल ६६ वटा (नारायणगढ र पर्सा शाखा स्थानान्तरनको प्रक्रियासहित) शाखामार्फत् बैंकिङ सेवा दिइरहेको छ।

बैंकको प्रदेश नम्बर १ मा ८ वटा, प्रदेश नम्बर २ मा ६ वटा, प्रदेश नम्बर ३ मा ३१ वटा, प्रदेश नम्बर ४ मा ५ वटा, प्रदेश नम्बर ५ मा ८ वटा, प्रदेश नम्बर ६ मा ४ वटा र प्रदेश नम्बर ७ मा ४ वटा शाखा पुगेको छ। साथै बैंकले यसै आर्थिक वर्षमा देशका विभिन्न सुगम तथा दुर्गम क्षेत्रमा थप शाखा खोली ग्राहक सञ्जाललाई अझ विस्तार गर्ने योजना बनाएको छ।

आठ लाखभन्दा बढी उपभोक्ता रहेको बैंकले हाल ९८ वटा एटीएमबाट सेवा प्रदान गर्दै आएको छ। ५ लाख ५० हजारभन्दा बढी भिसा डेबिट कार्ड प्रयोगकर्ता रहेको नेपाल इन्भेष्टमेन्ट बैंकको ६३ वटा शाखारहित बैंकिङ सुविधाका साथै ३०० बढी भिसा तथा एनपीएन सदस्य बैंकका एटीएम रहेको छ। निजी क्षेत्रमा सर्वाधिक चुक्ता पुँजी १० दशमलव ६२ अर्ब रुपियाँ रहेको यस बैंकको हाल बैंकको निक्षेप १ सय ३० अर्ब रुपियाँ तथा कुल कर्जा लगानी १ सय १४ अर्ब रुपियाँ पुगेको छ।

### सेञ्चुरी कमर्सियल बैंक र नर्भिक अस्पतालबीच सम्झौता

काठमाडौं, (नेस)



सेञ्चुरी कमर्सियल बैंक र नर्भिक इन्टरनेसनल हस्पिटलबीच बैंकका ग्राहकहरू, शेयरधनी तथा कर्मचारीलाई सहुलियत प्रदान गर्ने सम्झौता भएको छ। सम्झौताअनुसार सेञ्चुरी प्रिमियम बचत र सेञ्चुरी प्लाटिनम बचत क्रेडिट कार्ड, शेयरधनी तथा कर्मचारीले १० प्रतिशतसम्म प्याथोलोजी, रेडियोलेजी, मेम्मोग्राम, सर्जरीमा जाँचमा छुट पाउनेछन्। साथै बेड चार्जमा ५ प्रतिशत छूट पनि पाउनेछन्। उक्त सम्झौतापत्रमा बैंकका कामु प्रमुख कार्यकारी अधिकृत जीवन भट्टराई र नर्भिक इन्टरनेसनल हस्पिटलका प्रमुख बजार अधिकृत प्रविण दावरले हस्ताक्षर गर्नुभएको छ।

### जगदम्बा स्टिलको दर रेट परिर्वतन

काठमाडौं, (नेस)

अन्तर्राष्ट्रिय स्तरमै कच्चा पदार्थको मूल्यवृद्धि भइरहेको हुनाले अहिलेको दर रेटमा जगदम्बा स्टिलबाट उत्पादित फलामे डन्डी उपलब्ध गराउन नसकिने हुँदा फलामे डन्डीको मूल्य परिवर्तन गर्न आवश्यक भएको छ।

## अर्थमन्त्रीको अभिव्यक्तिले शेयर बजारमा हलचल

# नेप्से वर्षकै न्यून, लगानीकर्ताले एकै दिन ४७ अर्ब गुमाए

हेमन्त जोशी, काठमाडौं

नीति निर्माता र लगानीकर्ताबीचको जुहारी विगतदेखि हुँदै आएको छ। नीति निर्माताका अभिव्यक्ति कहिलेकाहीँ लगानीकर्ताका निम्ति निक्कै महँगो सावित हुने गरेको छ। यसैक्रममा अर्थमन्त्री डा. युवराज खतिवडाको शेयरको लगानी अनुत्पादक रहेको अभिव्यक्तिपछि आइतबार पुँजी बजारमा उच्च गिरावट आएको शेयर लगानीकर्ताको आरोप छ।

आइतबार पुँजीबजार ४१ दशमलव ५६ अंकले ओरालो लागेपछि एकै दिन शेयर बजारका लगानीकर्ताले ४७ अर्ब रुपियाँ गुमाएका छन्। अघिल्लो साता समग्रमा ४० अंकले घटेको बजार साताको पहिलो दिन नै उक्त अंकले घटेको हो। ५० अंकभन्दा धेरै घटेको भए पनि कारोबार बन्द हुने बेला सुधार भएर ४१ अंकको गिरावटमा रोकिएको हो।

नेप्सेमा कारोबार शुरू भएदेखि नै तीव्र गतिले ओरालो लाग्दै जाँदा वर्षको सबैभन्दा न्यून विन्दु १३ सय ४ दशमलव ४३ अंकमा नेप्से झरेको छ। यस दिन कारोबार भएका १ सय ५१ वटा कम्पनीमध्ये दुई कम्पनीका शेयरधनीले मात्र नाफा कमाएका छन्। सूर्योदय लघुवित्त र स्वदेशी लघुवित्तबाहेक अन्य सबै कम्पनीको शेयर मूल्य ओरालो लागेको हो।

अर्थतन्त्रका जानकारका रूपमा परिचित खतिवडा अर्थमन्त्रीमा नियुक्त भएपछि उनका विगतका नीति र व्यहारका कारण पुँजी बजारका लगानीकर्ता त्रसित हुँदै आएका थिए। कतै उनले पुँजी बजारमा अंकुश लगाउने त होइननु भन्ने त्रास भइरहेका बेला अर्थमन्त्रीको पुँजीप्रति नकरात्मक दृष्टिकोण सार्वजनिक भएको र त्यसैका कारण बजारमा गिरावट भएको लगानीकर्ताको आरोप छ।

पुँजीबजार अनुत्पादक क्षेत्र हो भन्ने अर्थमन्त्री डा. युवराज खतिवडाको अभिव्यक्ति पुँजी बजार घट्नुको कारण रहेको भन्दै शेयर लगानीकर्ता संघ नेपालले विरोध जनाएको छ। अर्थमन्त्री खतिवडा शेयर बजार, सवारीसाधन र घरजग्गा कारोबारका विषयमा बढी अनुदार नीति अवलम्बन गर्ने व्यक्तिका रूपमा चिनिन्छन्। खतिवडाले ती तीनवटा क्षेत्रमा विदेशी लगानी बन्देज गर्नुपर्ने सार्वजनिक अभिव्यक्ति दिनुभएको थियो। अर्थमन्त्रीमाथि शेयर बजार ध्वस्त बनाउने खोजेको आरोपका विषयमा अर्थमन्त्री खतिवडासँग पटक-पटक सम्पर्क गर्न खोजे पनि उहाँ सम्पर्कमा आउनु भएन।

संघले अर्थमन्त्रीबाट पुँजीबजारलाई निरुत्साहित तुल्याउने वातावरण सिर्जना गर्नु र त्यस्तो अभिव्यक्ति दिइनु दुर्भाग्यपूर्ण र निन्दनीय रहेको जनाएको छ। यस विषयमा संघका अध्यक्ष उत्तम अर्याललले नेपाल समाचारपत्रसँग कुरा गर्दै भन्नुभयो-'राज्यको जिम्मेबार निकायमा बसेको व्यक्तिले बजारमा हस्तक्षेप हुने खालको अभिव्यक्ति दिन नहुँदै।' उहाँले भन्नुभयो-'शेयर बजारमा गिरावट आउनुको शतप्रतिशत कारण अर्थमन्त्रीको धारणा हो। कुनै कम्पनीको शेयर मूल्यमा थपघट हुनु स्वभाविक प्रक्रिया हो। तर, जिम्मेवार निकायमा रहेको व्यक्तिले पुँजी बजारको निरन्तर प्रक्रियामा हस्तक्षेप गर्नु हुँदैन भन्ने हाम्रो धारणा हो।'

सरकारले शेयर बजारप्रति अनुदार नीति लिने हो भने त्यही अनुरूपका नीति नियम बनाउनुपर्ने अन्यथा स्वतन्त्र बजार व्यवस्थामा विभिन्न किसिमका अभिव्यक्ति दिएर हस्तक्षेप गर्न नहुने अर्यालको भनाइ छ।

'तीनखम्बे अर्थनीतिका पक्षपाती अर्थमन्त्रीबाट पुँजीबजारको बारेमा नकारात्मक टिप्पणी धारा प्रवाह रूपमा आउनु, तरलता समाधानमा कुनै चासो नदेखाउनु र सरकारको पुँजी बजारप्रतिको धारणा के हो भन्ने प्रस्ट नपार्नुले १६ खर्ब रुपियाँ बराबरको पुँजीबजारलाई अर्थमन्त्रीले निरुत्साहित तुल्याएको' संघले जनाएको छ।

संघले बजार सुधारका लागि अनलाइन कारोबार प्रणाली, शेयर कर्जा रकममा वृद्धि तथा वित्तीय संस्थालाई शेयर कारोबार गर्ने ब्रोकर कम्पनीको अनुमतिपत्र दिनुपर्नेलगायतका माग राखेको छ।



### पेट्रोलमा प्रतिलिटर १ रुपियाँ घट्यो

काठमाडौं, (नेस)

*नेपाल आयल निगमले पेट्रोलको मूल्य घटाएको छ। अन्तर्राष्ट्रिय बजारमा पेट्रोलको मूल्य घटेको भन्दै निगमले आइतबार राति १२ बजेदेखि लागू हुने गरी पेट्रोलमा प्रतिलिटर १ रुपियाँ घटाएको छ।*

*डिजेल, मट्टितेल, हवाई इन्धन र खाना पकाउने ग्यासको मूल्य भने यथावत् रहेको निगमले जनाएको छ। स्वचालित मूल्य निर्धारण प्रणालीबमोजिम मूल्य घटेको निगमले जनाएको छ। हरेक १५ दिनमा मूल्य समायोजन गर्ने नीतिअनुसार पेट्रोलको मूल्य घटेकोहो। भारतीय आयल निगम लिमिटेडले नयाँ मूल्य पठाएपछि निगमले मूल्य समायोजन गरेको हो। आइतबार राति १२ बजेबाट पेट्रोल १ सय ३ रुपियाँ, डिजेल र मट्टितेल ८३ रुपियाँ प्रतिलिटर पुगेको छ।*

### आईपीओको मूल्यमा झर्दै दोस्रो बजारको मूल्य

काठमाडौं, (नेस)

पुँजी बजारमा आएको गिरावटसँगै अधिकांश वाणिज्य बैंकको दोस्रो बजारको शेयर मूल्य आरोलो लाग्दै गएको छ। जसका कारण प्राथमिक शेयर मूल्य र दोस्रो बजारबीचको मूल्यमा निकै कम अन्तर छ।

आइतबारको कारोबारअनुसार ३ वटा वाणिज्य बैंकको शेयर मूल्य २ सय रुपियाँभन्दा कम छ। सिभिल बैंकको प्रतिकित्ता शेयर मूल्य १ सय ५५ रुपियाँ, जनता बैंकको १ सय ६५ रुपियाँ र सेञ्चुरी बैंकको १ सय ७९ रुपियाँ रहेको छ। ९ वटा वाणिज्य बैंकको प्रतिकित्ता शेयर मूल्य २ सयदेखि ३ सयको बीचमा छ।

केही जलविद्युत् कम्पनीको पनि दोस्रो बजारको शेयर मूल्य प्राथमिक मूल्यको हाराहारीमा छ। नेसनल हाइड्रोपावर कम्पनीको प्रतिकित्ता शेयर मुल्य १ सय २ रुपियाँ, रिडी हाइड्रोपावर कम्पनीको १ सय ३० रुपियाँ, सिनर्जी पावरको १ सय ३५ रुपियाँ, अरूण भ्यालीको १ सय ७२ रुपियाँ र नेपाल हाइड्रोको १ सय ९६ रुपियाँ रहेको छ।

FNCCI
NITF NEPAL INTERNATIONAL TRADE FAIR 2018
'नेपाली वस्तु प्रवर्द्धन, समृद्ध नेपाल निर्माण'
सातौं नेपाल अन्तर्राष्ट्रिय व्यापार मेला २०७४
फाल्गुण २४ देखि २८ गते सम्म
१० देखि ६ बजे सम्म
भृकुटी मण्डप, काठमाडौं, नेपाल
३ दिन बाँकी

### बजार व्यवस्थित गर्न बोर्डको नयाँ योजना

काठमाडौं, (नेस)

नेपाल धितोपत्र बोर्डले सेयर बजार घट्ने र बढ्ने निरन्तर र स्वभाविक प्रक्रिया भए पनि त्यसको व्यवस्थापनका लागि केही योजनाहरू ल्याउने तयारी गरिरहेको जनाएको छ।

नेपाल धितोपत्र बोर्डका कार्यकारी निर्देशक निरज गिरीले सेयर बजार अर्थशास्त्रको माग र आपूर्तिको सिद्धान्तमा आधारित हुने भएकाले बढ्ने र घट्ने प्रक्रिया स्वाभाविक रहेको बताउनुभयो। तर कारोबार प्रक्रिया र बजार व्यवस्थालाई थप सुरक्षित, भरपर्दो र व्यवस्थित बनाउन बोर्डले केही योजना ल्याउन लागेको गिरीको भनाइ छ।

बोर्डले केही समयभित्रै अनलाइन कारोबार शुरू गर्ने, बैंक तथा वित्तीय संस्थालाई सेयर कारोबारको अनुमति दिने तथा गैरआवासीय नेपाली संघ (एनआरएन) मार्फत लगानी भित्र्याउने गरी व्यवस्था गर्नेलगायतका कार्यक्रम ल्याउने तयारी गरेको हो।




# जिम्बावेको विशाल लक्ष्यमा नेपाल पराजित

नेपाल समाचारपत्र

काठमाडौं

नेपालको आईसीसी विश्वकप क्रिकेट छनोट चरणमा शुरूआत राम्रो हुन सकेन। जिम्बावेले ३ सय ८१ रनको विशाल लक्ष्य दिएपछि नै नेपालका लागि हार बेहोर्नेबाहेक अर्को विकल्प बचेन। एक त घरेलु मैदान अर्को वान डेमा लामो समय खेलेको अनुभव बटुलिसकेको जिम्बावेसँग नेपालले कुनै चमत्कार देखाउन सकेन। नेपाल जिम्बावेसँग स्वाभाविकरूपमा ब्याटिङ र बलिङमा पछाडि रह्यो। नेपालले पारस खड्कालाई गुमाएपछि नै कति रनले हार्ने त्यसका लागि मात्रै संघर्ष गर्नुपर्‍यो।



त्यसो त १ सय १६ रनको फराकिलो हार बेहोरेको नेपालले ५० ओभर खेलेको थियो। नेपालले ८ विकेटको नोक्सानीमा २ सय ६४ रन बनाएको थियो। ओपनरमा ज्ञानेन्द्र मल्ल र दिलीप नाथले ब्याटिङ सम्हालेका थिए। उनीहरूको जोडी अघिल्ला खेलमा झैं छिट्टै टुट्यो। चताराको बलमा दिलीप २ रन बनाएर आउट भएपछि चौथो ओभरमा कप्तान पारस क्रिजमा आएर विस्फोटक ब्याटिङ गरे। पारसले लगातार चौका प्रहार गरेर नेपाललाई आशा जगाए। तर उनी लामो समयसम्म टिक्न नसक्नु नेपालको दुर्भाग्य बन्यो। उनी ४० रन बनाएर सिकन्दर राजाको बलमा बोल्ड भएपछि नेपालका लागि जित्ने ढोका विस्तारै बन्द हुन थाल्यो। पारसले ३७ बलमा ८ चौका प्रहार गरेका थिए।

पछि आएका ब्याटसम्यानलाई जिम्बावेका बलरले दबाबमा राखेर बलिङ गर्न थाले। दीपेन्द्र सिंह ऐरी पनि २३ रनमै पवेलियन फर्केसँगै ज्ञानेन्द्र पनि आउट भए। ज्ञानेन्द्रले ३ चौकाको सहयोगमा ३२ रनको योगदान दिएका थिए। यतिबेलासम्म नेपालले २५ ओभरमा ४ विकेट गुमाएर १ सय १० रन बनाएको थियो। यसको मतलब नेपालले बाँकी २५ ओभरमा २ सय ७१ रन जोड्नुपर्ने कठिन समीकरण बन्न पुग्यो। लगभग नेपालले जिम्बावेसामु आधा ओभरसम्म पुग्दा हार्ने छनक देखाइसकेको थियो। नेपालले जित्ने भनेको चमत्कार नै हुनुपर्ने थियो। तर अघिल्ला प्रतियोगितामा झै यहाँ केही पनि चमत्कार भएन।

यद्यपि शरद् भेषवाकर र आरिफ शेखले अर्धशतक बनाएर नेपाली ब्याटिङ उठाउन खोजे। तर त्यो अर्धशतकले नेपाल जित्ने कुनै संकेत भने हुन सकेन। केबल नेपालले हारको रनअन्तरलाई मात्रै कम बनाउन सहयोगी भएको थियो। शरद्ले ४८ बलमा ५२ रन र आरिफले ५९ बलमा ५० रन जोडेका थिए। शरद्ले १ छक्का र ६ चौका प्रहार गरे भने आरिफले ५ चौका प्रहार गरेका थिए। शरद्ले हानेको छक्का नेपाली ब्याटिङमा भएको एक मात्र छक्का सावित भएको थियो।

यसअघि नेपाली बलरले जिम्बावेका अनुभवी ब्याटसम्यानलाई अंकुश लगाउन सकेनन्। यसैले पनि जिम्बावेले निर्धारित ५० ओभरमा ६ विकेटको क्षतिमा ३ सय ८० रन बनाएको थियो। जसमा दुई ब्याटसम्यानले नेपालका लागि समस्या ल्याएका थिए। ब्रेन्डान टेलरले १ सय रन र सिकन्दर राजाले १ सय २३ रन बनाएका थिए। नेपाली बलरलाई खास गरी राजाले सबैभन्दा बढी चल्न दिएनन्। अल राउन्डर राजाले ९ छक्का र ४ चौका हानेका थिए।

नेपाली बलरमा सबैभन्दा बढी सोमपालको बलमा ६ छक्का हिर्काइएको थियो। ललित नारायण राजवंशीको यो पहिलो अन्तर्राष्ट्रिय एकदिवसीय थियो। जसमा उनले १० ओभरमा ६२ रन दिएर १ विकेट लिए। विश्वस्तरीयका खेलाडी रहेको जिम्बावेविरुद्ध सन्दीप लामिछानेले ६४ रन दिएर एक विकेट हात पारे। वसन्तले ६९ रन दिएर दुई विकेट लिँदा सोमपालले अन्तमा दुई विकेट लिएर महँगो बलिङमा मलहम लगाए। उनले ८ ओभरमा ८२ रन खर्चेका थिए। नेपालले दोस्रो खेल बिहीबार स्कटल्यान्डसँग खेल्नेछ। स्कटल्यान्डले हिजो अफगानिस्तानलाई हराएको थियो।

# नेपाल पुलिस क्वार्टरफाइनलमा

उत्तम नेपाल, भद्रपुर

यसै सिजनदेखि पुलिस क्लबमा आबद्ध झापाली स्ट्राइकर रेजिन सुब्बाको एकमात्र गोलको मदतले नेपाल पुलिस क्लबले तेस्रो रमपम झापा गोल्डकपको क्वार्टरफाइनलको यात्रा तय गरेको छ।

खेलको एकमात्र निर्णायक गोलका लागि ८१ मिनेट पर्खनुपरेको थियो। ८१औं मिनेटमा सुमन लामाको पासलाई सदुपयोग गर्दै सुब्बाले बललाई पोस्टको दिशा दिएका थिए। रूपन्देही ११ का गोलकिपर सोजित गुरुङ बिट भइसकेको अवस्थामा डि एरियामा अनमार्क रहेका सुब्बाले गोल गरेका थिए। पुलिसले जित निकाल्न कठिन संघर्ष गर्नुपरेको थियो। उसका धेरै आक्रमण रूपन्देहीका डिफेन्डर आशिष गुरुङले विफल पारेका थिए। उनका सामु अधिकांश समय पुलिसका स्ट्राइकर फिका सावित भएका थिए।

खेलको १८औं मिनेटमा पुलिसका सुमन लामाको प्रहार पोस्ट बारमा लागेर फर्किएको थियो। २५औं मिनेटमा पुलिसका रेजिन सुब्बाले गोलकिपर बिट भइसकेपछि गरेको प्रहार रूपन्देहीका डिफेन्डर गौरव बुढाथोकीले गोललाइनबाट बचाएका थिए।

खेलपछि भएको पोस्ट म्याच कन्फ्रेन्समा बोल्दै पुलिसका प्रशिक्षक अनन्त थापाले नेपालकै स्तरीय र प्रतिष्ठित प्रतियोगिताको महत्त्व भएकाले उपाधि रक्षा गर्ने रणनीति लिएको बताए। उनले खेलमा पाएका धेरै अवसर फ्रेममा नपर्दा स्कोर बढी हुन नसकेको बताए।

पराजित टिमका प्रशिक्षक दयाराम सापकोटाले खप्तड गोल्डकपपछि आफ्ना खेलाडी रेस्टमा रहेको र पुलिससँगको खेलमा दोस्रो तहका खेलाडी उतारेका कारण सोचेजस्तो नतिजा प्राप्त नभएको बताए। उनले आफ्नो टिमका भरपर्दा खेलाडी दीपक राई घाइते भएका कारण पनि जित निकाल्न नसकेको बताए।

खेलको म्यान अफ द म्याच विजेता नेपाल पुलिस क्लबका सुमन लामा घोषित भए। उनले नगर २५ हजार रुपियाँ पुरस्कार पाए। सोमबारको खेल सशस्त्र प्रहरीको एपीएफ क्लब र थ्री स्टार क्लबबीच हुने आयोजक समितिले जनाएको छ।

## धरहरा

### शेर र सिंह



कांग्रेस संसदीय दलका नेताका लागि 'शेर' र 'सिंह'को भिडन्त हुने भएछ। शेर र सिंहसँग निकै लुकामारी गर्ने 'मुसा-बिराला'ले भिड्न आँट गरेनन्।

शेर अर्थात् पार्टी सभापति शेरबहादुर देउवा, सिंहचाहिँ पूर्वमहामन्त्री प्रकाशमान सिंह। देउवाको प्रस्तावक विजयकुमार गच्छदार र समर्थकमा मानबहादुर विक।

यसैगरी सिंहको प्रस्तावकमा पार्टी कोषाध्यक्ष सीतादेवी यादव र समर्थकमा सञ्जयकुमार गौतम।

शेर र सिंहको रोचक भिडन्त आज सोमबार हुँदै छ। धेरैले शेर नै फेरि दलको नेता बन्ने अनुमान गरिरहेका बेला सिंह पार्टीमा परिवर्तनको आवश्यकता रहेको भन्दै गर्जन थालेका छन्। उनको गर्जन कति सशक्त रहेछ भन्ने कुरा चुनावी परिणामले पुष्टि गर्ने नै छ।

पार्टीको उचाइ देउवाले खस्काएको, निर्वाचनमा पार्टीले लज्जास्पद हार बेहोर्न बाध्य भएको भन्ने आरोप लगाउनेहरूको यो भिडन्त सच्चा परीक्षा हो। युवा आवाज र पार्टीको कार्यशैली बदल्नुपर्छ भन्ने नेताहरूको ओज भिडन्तले छिनोफानो गर्नेछ।

भिडन्तबाट उनै शेर फेरि नेता चुनिए भने, शेरको चुरिफुरी कस्तो हुने हो, धरहरालाई धेरै खुलदुली लाग्या छ।

झनै चुरिफुरी त उनकै म्याडमको बढ्ने होला। 'देख्यौ मेरो शेर चानेचुने शेर होइन, साँच्चैको शेर हो' –उनले भन्न बेर छैन। हेरौं त्यतिबेला सिंहहरू गर्जन्छन् कि 'म्याउँ' भन्दै म्याडम भान्छातिर पस्छन्? धरहराले आफ्नो दूरबिन सोझ्याइरहेको हुनेछ।



# प्रशंसा बनिन् च्याम्पियन

नेपाल समाचारपत्र

काठमाडौं

प्रशंसा मोक्तान पाँचौं नेपाल जुनियर खुला लन टेनिस च्याम्पियनसिपअन्तर्गत अन्डर-१० गर्ल्सतर्फको उपाधि विजेता बनेकी छन्।

ललितपुर सातदोबाटोस्थित लन टेनिस कोर्टमा आइतबार भएको फाइनलमा प्रशंसाले सुनिरा थापालाई ६-१, ६-३ ले हराउँदै च्याम्पियन बनेकी हुन्। यस्तै अन्डर-९ गर्ल्सको फाइनलमा समृद्धि महर्जनले शिभाली ढकाललाई ४-२, ४-२ ले हराउँदै च्याम्पियन बनिन्। ब्वाइज अन्डर-९ स्पर्धामा भने निशाद जोशी च्याम्पियन बने। उनले फाइनलमा बोरिस अधिकारीलाई ५-३, ४-० ले हराएका हुन्।

यसैगरी अन्डर-१० को फाइनलमा सक्षम विक्रम शाह र राजवीर प्रधानले भेट पक्का गरेका छन्। आइतबार भएको फाइनलमा सक्षमले आयुष्मान घलेलाई ६-२, ६-३ ले तथा राजवीरले निशाद जोशीलाई ६-०, ६-२ ले पाखा लगाएका हुन्।

यस्तै सक्षम विक्रम राणा, आरभ सम्राट हाडा, आयुष्मान घले र प्रणव मानन्धर अन्डर-१२ ब्वाइजतर्फको सेमिफाइनलमा प्रवेश गरेका छन्। गर्ल्स अन्डर-१२ तर्फको सेमीफाइनलमा भने आइशा डोल्कर गुरुङ, आजा रेग्मी, ईभा अधिकारी र शुभांगी लक्ष्मी शाहले स्थान पक्का गरेका छन्




कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ